# बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण एक अध्ययन : माादी गाउँपालिका, कास्की जिल्ला

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह, चौथो सेमेष्टर (शि. ५४४) को आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

शिवप्रसाद देवकोटा

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ



२०८०

**बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण एक अध्ययन :**
**मादी गाउँपालिका, कास्की जिल्ला**

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह** (एम.एड.) **चौथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत**

**शोधपत्र**


**प्रस्तुतकर्ता**

**शिवप्रसाद देवकोटा**

**स्नातकोत्तर** (एम.एड.) **चौथो सेमेस्टर**

**परीक्षा क्रमाङ्क :** ७६२८२४४

**त्रि.वि. दर्ता नं. :** ९-१-४८-११८०-२००२

**भर्ना वर्ष :** २०७६



**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**अर्थशास्त्र शिक्षा विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौँ**



पेश गरेको मिति : २०८०/१२/२
Submission Date : 15 March, 2024

मौखिक परीक्षा मिति : २०८०/१२/१९
Viva Date : 01 April, 2024

## सिफारिस पत्र (RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौथो सेमेष्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण एक अध्ययन : मादी गाउँपालिका, कास्की** शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवम् सल्लाहमा शोधकर्ता छात्र श्री शिव प्रसाद देवकोटाद्वारा तयार पारिएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

..........................................

सह.प्रा. विष्णुबहादुर लुईटेल

शोध निर्देशक

अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

## **स्वीकृति पत्र (APPROVAl LETTER)**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौंथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि छात्र शिव प्रसाद देवकोटाद्वारा प्रस्तुत **बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण एक अध्ययन : मादी गाउँपालिका, कास्की** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

विभागीय प्रमुख ................................

सह.प्रा. विष्णु बहादुर लुईटेल

बाह्य सुपरिवेक्षक ..................................

उप.प्रा. जीवन प्रसाद बन्जारा

शोध निर्देशक ...................................

सह.प्रा. विष्णु बहादुर लुईटेल

डी.आर.सी. सदस्य .................................

उप.प्रा. पद्मा कोइराला

## कृतज्ञताज्ञापन (ACKNOWLEDGEMENT)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि **बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण एक अध्ययन : मादी गाउँपालिका, कास्की** शीर्षक भएको शोधपत्र प्रस्तुत गरेको छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख एवं शोधनिर्देशक आदरणीय गुरु सह-प्रा. विष्णु बहादुर लुइटेलज्यूप्रति सदैव आभारी छु । यस शोधपत्रले यो क्षेत्रसँग सम्बन्धित विषयमा जानकारी लिन इच्छुक व्यक्ति, अनुसन्धानकर्ता एवं नीति निर्माताहरुलाई सहयोग पुग्ने छ भन्ने मैले आका लिएको छु ।

साथै सदैव आवश्यक सल्लाह तथा मार्गदर्शन गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका श्रद्धेय गुरुहरु प्रा.डा. सूर्यबहादुर थापा, प्रा.डा. विनयकुमार कुसियैत, उपप्राध्यापक मिनराज पौडेल, उपप्राध्यापक एवं DRC सदस्य पद्मा कोइराला, कर्मचारी नारायण भट्टराई लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरुहरुप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अनुसन्धानका लागि गरिएको स्थलगत अध्ययनका क्रममा मलाई आवश्यक सूचना तथा तथ्याङ्कहरु उपलब्ध गराउनुहुने साथै खुलस्त रुपमा प्रश्नहरुको उत्तर दिई सहयोग गर्नुहुने सम्बन्धित कृषक, वडा अध्यक्ष, गाउँपालिका प्रमुख, अभिभावक, कर्मचारीप्रति विशेष धन्यवाद दिन चाहन्छु । साथै मेरो जीवनमा हरेक क्षणहरुमा सल्लाह, सुझाव, प्रेरणा र प्रोत्साहन दिई विश्वविद्यालयसम्मको अध्ययन पूरा गर्न आशीर्वाद प्रदान गर्नुहुने मेरा बुवाआमा, दाजुभाउजु, दिदी भिनाजु, साथीभाई साथै सम्पूर्ण आफन्तजनहरुप्रति आभार प्रकट गर्दछु । अन्त्यमा, शोधपत्र लेखनको क्रममा मलाई सहयोग गर्नुहुने मेरा आत्मिय मित्रहरुप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

मिति : २०८०/१२/२२

शिव प्रसाद देवकोटा

शोधकर्ता

## सारसंक्षेप (ABSTRACT)

बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण गरी आर्थिक र शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउन तयार गरिएको यस शोधपत्रको नमुना छनोटमा परेको कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ६ स्थित ६० कृषक घरपरिवारद्वारा सञ्चालित बेमौसमी तरकारी खेतीको वर्तमान अवस्था पहिचान गर्नु, बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण गर्नु र बेमौसमी तरकारी खेतीले स्थानीय बासीको शैक्षिक र आर्थिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य थियो ।

शोधपत्रको उद्देश्य पूरा गर्न परिमाणात्मक र गुणात्मक दुवै ढाँचाको प्रयोग गरी प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कलाई आवश्यकताअनुसार तालिका, स्तम्भ चित्र र वृत्तचित्रको माध्यमबाट विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्न ३ वटा छुट्टाछुट्टै प्रश्नावली निर्माण गरी बेमौसमी तरकारी खेती गर्ने कृषक परिवार, कृषि विशेषज्ञ र स्थानीय सरकार जनप्रतिनिधिहरुलाई प्रत्यक्ष सोधेर संकलन गरिएको थियो भने अवलोकन र छलफल निर्देशिकाको माध्यमबाट प्रत्यक्ष अवलोकन गर्ने कार्य पनि प्राथमिक तथ्याङ्क संकलनका क्रममा गरिएको थियो । जसका निम्ति उद्देश्यमूलक र नमुना छनोटका आधारमा अध्ययन क्षेत्र वडा र उक्त वडामा रहेका बेमौसमी तरकारी खेती गर्ने कृषक व्यवसायको ११५ घर परिवारमध्ये ६० घरपरिवारलाई छनोट गरिएको थियो । अध्ययन कार्यलाई सहज बनाउन द्वितीय तथ्याङ्क स्रोतको रुपमा सम्बन्धित जिल्ला विकास समितिको कार्यालय, अर्थ मन्त्रालय, केन्द्रीय तथ्याङ्क कार्यालय, गाउँपालिका कार्यालय, विभिन्न विद्वान्हरुका लेख रचना, पत्रपत्रिका र अन्य प्रकाशित तथा अप्रकाशित तथ्याङ्कहरुलाई आधार मानिएको थियो ।

यस क्षेत्रमा बेमौसमी तरकारी खेती वि.सं. २०७५/०७६ सालबाट आफन्त, सहकारी संस्था र स्थानीय सरकारको सहयोग लिई सुरुवात गरिएको थियो । यस अध्ययनमा नमुना छनोटमा परेका ६० कृषक घरपरिवारमा ३१८ सदस्य रहेको र जसमध्ये पुरुष १४७ जना र महिला १७१ जना रहेको पाइयो । बेमौसमी तरकारी खेतीको लागि आवश्यक पर्ने बिउ, मल, किटनाशक औषधी र भिटामिनको लागि पोखरा महानगर १३ मा रहेको काहुखोला एग्रेभेडबाट व्यवस्था मिलाउनुका साथै तरकारी विक्री वितरणको लागि स्थानीय सरकार (वडाले) पनि सहजीकरण गर्नुका साथै पोखरा बजारमा पनि लैजाने गरेको पाइयो ।

यस अध्ययन क्षेत्रमा सञ्चालित बेमौसमी तरकारी खेतीहरु मध्ये मुख्य रुपमा उत्पादन भएका तरकारीहरु (काउली, वन्दा, काक्रो, प्याज, गोलभेडा, सिमी, खुर्सानीको)

२०७९) सालको प्रतिरोपनीको औसत आय, औसत लागत र औसत नाफाको अवस्था पत्ता लगाई लागत पूँजीको सीमान्त क्षमता पत्ता लगाई लागत लाभ विश्लेषण गरिएको छ । यस अध्ययनमा मुख्य ७ बेमौसमी तरकारी बालीको २०७९ सालको प्रतिरोपनी कुल लागत रु. १८०९३८, कुल आम्दानी रु. ४१९६५० र कुल आयबाट कुल लागत कटाएर प्राप्त भएको रु. २३८७२२ नै नाफाको रुपमा रहेको पाइयो ।

मुख्य बेमौसमी तरकारी बालीको प्रतिरोपनी क्षेत्रफलबाट प्राप्त आयबाट क्षेत्रगत लगानीलाई विश्लेषण गर्दा कृषक व्यवसायीले वि.सं. २०७९ सालमा प्राप्त गरेको कुल आय. रु. ४१९६५० मध्ये रु. १८०९३८ सोही व्यवसायको स्थिर र परिवर्तनशील लागतमा खर्च गरेको पाइयो भने क्रमशः लगानी, उपभोग, शिक्षा, स्वास्थ्य, चाडपर्व अन्य र बैङ्कमा जम्मा गरेकोमा कुल आएको क्रमशः ७.१४%, १६.६८%, ११.९६%, ५.९६%, ४.७६%, ३.५७% र ६.८४% लगानी गरिएको पाइयो । कृषक व्यवसायीले कुल आयको ११.९६% बालबालिकाको शिक्षाको लागि खर्च गरेको पाइयो । यसरी क्षेत्रगत लगानीलाई विश्लेषण गर्दा सबैभन्दा बढी १६.६८% उपभोगमा र सबैभन्दा कम विविध क्षेत्रमा ३.५७% खर्च गरेको पाइयो ।

यसैगरी यस अध्ययनमा कृषक घर परिवारको आम्दानीको स्रोतहरुलाई हेर्दा कृषिबाट ६१.६७% जागिरबाट ८.३३%, व्यापारबाट ६.६७% र वैदेशिक रोजगारीबाट २३.३३% आम्दानी रहेको पाइयो । कृषक घर परिवारको ऋणको अवस्थालाई हेर्दा ऋण छैन भन्ने ९१.६६% ऋण छ भन्ने ५% र अनुत्तरित ३.३३% देखियो भने कृषकहरुको जीवन स्तरमा आएको परिवर्तनलाई हेर्दा समाजमा छुट्टै पहिचान भएको, आत्मनिर्भरता, केही गर्न सके जस्तो र माथिका सबै भन्नेमा क्रमशः ३.३३%, ७५%, १८.३४% र ३.३३% रहेको पाइयो । यस अध्ययनबाट बेमौसमी तरकारी खेतीमा लगानी गर्दा पूँजीको सीमान्त क्षमता उच्च भई कृषकको घरपरवारको जीवनस्तरमा सुधार आउनुका साथै पारिवारिक र शिक्षामा पनि सकारात्मक प्रभाव परेको देखिन्छ ।

अन्त्यमा यस अध्ययनको निष्कर्षको आधारमा बेमौसमी तरकारी खेतीमा लाग्ने लागतबाट उचित प्रतिफल प्राप्त हुने भएकोले यस्ता व्यवसायमा लगानी विस्तार गर्नका साथै बेमौसमी तरकारी खेतीमा देखापरेका सामान्य समस्याको समाधानका लागि समयमै पहल गर्न सके तरकारी व्यवसाय थप प्रभावकारी हुने देखिन्छ ।

## विषयसूची (Table of Content)


पृष्ठ

सिफारिस पत्र (Recommendation Letter) i

स्वीकृति पत्र (Approval Letter) ii

कृतज्ञताज्ञापन (Acknowledgement) iii

शोधसार (Abstract) iv

विषयसूची (Table of Contents) vi

तालिका सूची (List of Tables) xi

चित्र सूची (List of Figures) xiii

संक्षिप्त शब्द सूची (Abbreviations) xiv

**अध्याय एक : परिचय (INTRODUCTION)**

अध्ययनको पृष्ठभूमि (Background of the study) १

समस्याको कथन (Statement of the Problem) ४

अध्ययनको उद्देश्य (Objectives of the Study) ५

अनुसन्धान प्रश्न (Research Questions) ६

अध्ययनको महत्त्व (Significance of the Study) ६

अध्ययनको सीमा (Limitations of the Study) ७

मुख्य शब्दावलीको अर्थ (Definitions of the key terms) ८

अध्ययनको संगठन (Organization of the Study) ८

**अध्याय दुई : साहित्यको पुनरावलोकन (REVIEW OF LITERATURE)**

सम्बन्धित सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Related Literature) ९

अनुसन्धानात्मक सहित्यको पुनरावलोकन (Review of the Research Literature) १४

साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता (Implication of the Review of the Research) १९

अनुसन्धान अन्तर (Research Gap) १९

अवधारणात्मक ढाँचा (Conceptual Framework) १९

कार्यात्मक ढाँचा (Functional Framework) २०

**अध्याय तीन : अध्ययन विधि र प्रक्रिया (PROCESS AND METHOD OF THE STUDY)**

अनुसन्धान ढाँचा (Research Design) २१

तथ्याङ्कको स्रोत (Sources of Data) २१

प्राथमिक स्रोत (Primary Sources) २२

द्वितीयक स्रोत (Secondary Sources) २२

जनसङ्ख्या नमुना आकार र नमुना छनोट रणनीति (Population and sampling procedures) २२

जनसङ्ख्या (Population) २२

नमुना रणनीति (Sampling strategy) २३

तथ्याङ्क सङ्कलन प्रक्रिया (Data Collection Procedures) २३

तथ्याङ्क सङ्कलनका साधनहरू (Tools of Data Collection) २३

प्रश्नावली (Questionnaire) २३

अन्तर्वार्ता (Interview) २४

छलफल (Discussion) २४

तथ्याङ्क सङ्कलन प्रविधि (Techniques of Data Collection) २४

प्रश्नावली (Questionnaire) २४

प्रत्यक्ष अवलोकन (Direct Observation) २४

तथ्याङ्क विश्लेषण (Data Analysis) २५

नीतिगत प्रावधान (Ethical Consideration) २५

**अध्याय चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण**

**(ANALYSIS AND INTERPRETATION DATA)**


कास्की जिल्लाको परिचय (Introduction of Kaski District) २६

भौगोलिक अवस्था (Geographieal situation) २७

जिल्लाको जनसांख्यिक अवस्था (Population Status of Kaski District) २७

प्रशासनिक वितरण (Administrative Description) २८

हावापानी (Climate) २८

मादी गाउँपालिकाको परिचय (Introduction of Madi Municipality) २८

भौगोलिक स्थिति (Geographical Situation) २९

जनसांख्यिक विवरण (Demographic situation) ३०

सामाजिक अवस्था (Social situation) ३०

पूर्वाधारको अवस्था (Situation of Infrastructures) ३४

आर्थिक अवस्था (Economic situation) ३८

बैमौसमी तरकारी खेतीको वर्तमान अवस्था (Current situation of non seasonal vegetable) ४२

कृषकको पारिवारिक विवरण (Details of Farmer's Family) ४३

कृषकको परिवारको प्रकार (Types of Farmer's Family) ४४

उमेर र लैङ्गिक विवरण (Details of Age and Gender) ४५

भू-स्वामित्वको अवस्था (Condition of Land ownership) ४६

तरकारी उत्पादन र मूल्य विवरण (Situation of Vegetable price and production) ४७

बेमौसमी तरकारी खेतीको लागत (Cost of non seasonal vegetable) ४९

बेमौसमी तरकारी खेतीको आय (Revenue of non seasonal vegetable) ५०

बेमौसमी तरकारी खेतीको लाभ (Profit of non seasonal vegetable) ५०

बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण (Cost benefit analysis of the non seasonal vegetable) ५१
बेमौसमी तरकारीको लागत पूँजीको सिमान्त क्षमता (Marginal Efficiency of Capital of Non Seasonal Vegetable) ५२
लागत लाभ विश्लेषण (Cost Benefit Analysis) ५२
बेमौसमी तरकारीको लागत आम्दानी र नाफा (Cost Benefit and Income of Non seasonal Vegetable) ५३
    बेमौसमी तरकारी बालीको लागत पूँजीको सिमान्त क्षमता (Marginal Efficiency of Capital of Non seasonal Vegetable) ७२
बेमौसमी तरकारी खेतीले स्थानीयवासीको शैक्षिक र आर्थिक क्षेत्रमा पारेको प्रभाव (Impact of non seasonal vagetable of Local man in educational and Economic sector) ७३
    आर्थिक प्रभाव (Economic Impact) ७४
    शैक्षिक प्रभाव (Educational Impact) ७९
बेमौसमी तरकारीमा देखिएका समस्याहरू (Problems of non seasonal vegetable) ८३
अध्ययनको सारांश (Summary of the Study) ८५
**अध्याय पाँच : निष्कर्ष र सुझावहरू**
**(CONCLUSION AND RECOMMENDATIONS)**
निष्कर्ष (Conclusion) ९०
सुझावहरू (Recommendations) ९२
    नीतिसम्बन्धी सुझाव (Policy Related Recommendation) ९३
    प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरू (Practice Related Recommendation) ९४
    आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरू (Further Research Related Recommendation) ९५

सन्दर्भ सूची (References) ९६
अनुसूची एक : बेमौसमी तरकारी खेती गर्ने कृषकका लागि तयार पारिएको प्रश्नावली ९९
अनुसूची दुई : लक्षित समूह छलफल निर्देशिका १०३
अनुसूची तीन : गाउँपालिका प्रमुख तथा वडा अध्यक्षका लागि तयार पारिएका प्रश्नावली १०४
अनुसूची चार : कृषि विशेषज्ञका लागि तयार पारिएका प्रश्नावली १०६
अनुसूची पाँच : अध्ययन स्थलका तस्विरहरु १०७

# तालिका सूची (List of Tables)


| | | |
|---|---|---|
| | | पृष्ठ |
| तालिका नं. ४.१ | *मादी गाउँपालिकामा बसोबास गर्ने जातजातिहरू* | ३० |
| तालिका नं. ४.२ | *मादी गाउँपालिकामा बोलिने प्रमुख भाषाहरू* | ३१ |
| तालिका नं. ४.३ | *मादी गाउँपालिकाको धार्मिक अवस्था* | ३३ |
| तालिका नं. ४.४ | *मादी गाउँपालिकामा विद्यालय तथा क्याम्पसको अवस्था* | ३७ |
| तालिका नं. ४.५ | *भू-उपयोगमा परिवर्तनको अवस्था* | ३९ |
| तालिका नं. ४.६ | *मादी गाउँपालिकामा रहेका वित्तिय संघसंस्थाहरू* | ४१ |
| तालिका नं. ४.७ | *अध्ययन क्षेत्रको नमुना घरधुरी विवरण* | ४३ |
| तालिका नं. ४.८ | *कृषक व्यवसायिको पारिवारिक विवरण* | ४३ |
| तालिका नं. ४.९ | *जातजातिको आधारमा कृषकको पारिवारिक विवरण* | ४४ |
| तालिका नं. ४.१० | *कृषक व्यवसायिको परिवारको प्रकार* | ४५ |
| तालिका नं. ४.११ | *कृषक उत्तरदाहरूको उमेर र लिङ्ग सम्बन्धी विवरण* | ४५ |
| तालिका नं. ४.१२ | *कृषक घरपरिवारले तरकारी खेती गरिएको क्षेत्रफल* | ४६ |
| तालिका नं. ४.१३ | *बेमौसमी तरकारीको औषत मूल्य विवरण २०७९* | ४८ |
| तालिका नं. ४.१४ | *काउलीको लागत लाभ विश्लेषण २०७९* | ५३ |
| तालिका नं. ४.१५ | *बन्दाको लागत लाभ विश्लेषण - २०७९* | ५६ |
| तालिका नं. ४.१६ | *काक्रोको लागत लाभ विश्लेषण - २०७९* | ५८ |
| तालिका नं. ४.१७ | *प्याजको लागत लाभ विश्लेषण - २०७९* | ६० |
| तालिका नं. ४.१८ | *गोलभेडाको लागत लाभ विश्लेषण - २०७९* | ६२ |
| तालिका नं. ४.१९ | *सिमिको लागत लाभ विश्लेषण- २०७९* | ६५ |
| तालिका नं. ४.२० | *खुर्सानीको लागत लाभ विश्लेषण* | ६७ |
| तालिका नं. ४.२१ | *बेमौसमी तरकारी बालीको लागत- २०७९* | ६९ |
| तालिका नं. ४.२२ | *बेमौसमी तरकारी बालीको आम्दानी - २०७९* | ७० |
| तालिका नं. ४.२३ | *बेमौसमी तरकारी बालीको नाफा - २०७९* | ७१ |
| तालिका नं. ४.२४ | *कृषकको आम्दानीको क्षेत्रगत लगानी - २०७९* | ७४ |

तालिका नं. ४.२५ *कृषकको आम्दानीको स्रोतहरू- २०७९* ७६

तालिका नं. ४.२६ *कृषक घरपरिवारको तहगत आम्दानी विवरण* ७७

तालिका नं. ४.२७ *कृषकको ऋणको अवस्था* ७८

तालिका नं. ४.२८ *नमुना छनोटमा परेका कृषकको जीवनस्तरमा आएको परिवर्तन* ७८

तालिका नं. ४.२९ *कृषक घरपरिवारको शैक्षिक अवस्था* ८०

तालिका नं. ४.३० *कृषक घरपरिवारको तहगत शैक्षिक अवस्था* ८१

तालिका नं. ४.३१ *कृषक घरपरिवारको शैक्षिक प्रभावको अवस्था* ८२

# चित्र सूची (List of Figures)


पृष्ठ

*चित्र नं. ४.१* मादी गाउँपालिकामा बसोबास गर्ने जातजातिहरू ३२

*चित्र नं. ४.२* मादी गाउँपालिकामा बोलिने प्रमुख भाषाहरू ३२

*चित्र नं. ४.३* मादीगाउपालिकाको धार्मिक अवस्था ३४

*चित्र नं. ४.४* मादी गाउँपालिकामा विद्यालय तथा क्याम्पसको अवस्था ३८

*चित्र नं. ४.५* मादीगाउँपलिका रहेका वित्तिय संस्थाहरू ४१

*चित्र नं. ४.६* बेमौसमी तरकारीको लागत, आम्दानी र नाफा ७३

*चित्र नं. ४.७* कृषकको आम्दानीको क्षेत्रगत लगानी ७५

*चित्र नं. ४.८* कृषकको जीवनस्तरमा आएको परिवर्तन ७९

*चित्र नं. ४.९* कृषक घरपरिवारको तहगत शैक्षिक अवस्था ८२

*चित्र नं. ४.१०* विद्यालय जाने विद्यार्थी सङ्ख्या ८३

## संक्षिप्त शब्दावली (Abbreviations)

| | | |
|---|---|---|
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| एम.एड. | : | मास्टर अफ एजुकेशन |
| नं. | : | नम्बर |
| प्रा. | : | प्राध्यापक |
| सह.प्रा. | : | सह-प्राध्यापक |
| उप.प्रा. | : | उप-प्राध्यापक |
| आ.व | : | आर्थिक वर्ष |
| वि.स. | : | विक्रम संम्वत |
| जे.टि.ए. | : | जुनियर टेक्निकल असिस्टेन्ट |
| भू | : | भूमी |
| कि.मी. | : | किलोमिटर |
| प्रति रोपनी | : | १ रोपनी |
| प्रति टनेल | : | १ टनेल |
| के.जी. | : | किलो ग्राम |
| रु | : | रुपैया |
| पिच | : | पक्कि बाटो |
| % | : | प्रतिशत |
| T | : | Total |
| C | : | Cost |
| R | : | Revenue |
| P | : | Profit |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विालय |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |

# अध्याय एक (CHAPTER ONE)

# परिचय (INTRODUCTION)

## अध्ययनको पृष्ठभूमि (Background of the study)

कुनै संरचना नबनाई प्राकृतिक वातावरण अनुसार विभिन्न समय र मौसममा गरिने तरकारी खेतीलाई मौसमी तरकारी खेती भनिन्छ। मौसमी तरकारी खेती जाडो तथा गर्मी जुनसुकै सयममा पनि गर्न सकिन्छ। विशेष संरचना बनाएर उपयुक्त वातावरण सृजना गरी मुख्य मौसमभन्दा अघि वा पछि गरिने तरकारी खेतीलाई बेमौसमी तरकारी खेती भनिन्छ। बेमौसमी खेतीको सामान्य अर्थ मौसमभन्दा फरक समयमा विशेष प्रविधि अपनाई आवश्याता अनुरूप तरकारी खेती गर्नु हो। प्रतिकूल मौसममा पनि ताजा तरकारी उत्पादन गर्नुलाई बेमौसमी तरकारी खेती भनिन्छ।

तरकारी उत्पादन गर्ने कामलाई तरकारी खेती भनिन्छ। तरकारी व्यवसायले मानिसको जीवनयापन समेत सजिलो भएको छ। तरकारी खेती मौसमी र बेमौसमी गरी दुई प्रकारका हुन्छन्। तरकारीको न्यून वा शून्य आपूर्ति हुने समयमा बजारमा ताजा तरकारीको उत्पादन र आपूर्ति गर्नु नै बेमौसमी तरकारी खेती गर्नु हो। बेमौसममा कुनै पनि तरकारी खेतीको लागि धेरै मेहेनत र परिश्रम आवश्यक पर्दछ। बेमौसममा उत्पादन गरिने कुनै पनि तरकारीको उत्पादन खास मौसममा भन्दा कम उत्पादन भए तापनि बजार मूल्य बढी आउने हुँदा मौसमको भन्दा बढी नै फाइदा हुन जान्छ। बेमौसममा उत्पादन गर्ने तरकारीको लागि बेर्ना उत्पादन गर्ने काम पनि बेमौसममा नै गर्नुपर्ने हुन्छ। यस्ता तरकारीहरू उत्पादन र खेती गर्ने समय हेरफेर गर्नु पर्दछ। यसका लागि उन्नत जातको छनोट, खेती प्रविधिमा विकास र नियमित वातावरणको सिर्जना आवश्यक पर्दछ। नेपालमा बेमौसमी तरकारी खेतीको वृद्धि तथा विकास भैरहेको छ। यसमा सरकारी तथा निजी क्षेत्रको महत्त्वपूर्ण योगदान छ। बेमौसमी तरकारीको उत्पादनले उपभोक्ताले सबै मौसममा आफ्नो इच्छा बमोजिम तरकारीहरू उपभोग गर्न पाउँछन्। गण्डकी प्रदेशको बेनी र लुम्ले काडेमा बेमौसमी तरकारी खेती प्रयाप्त मात्रामा गरेको पाइन्छ।

उत्पादन कार्यमा प्रयोग भएका विभिन्न साधनहरूलाई दिइएको मौद्रिक भुक्तानीलाई लागत भनिन्छ। लागत भन्नाले निश्चित समयमा वस्तु तथा सेवाको उत्पादनका लागि गरिएको

खर्च हो । उत्पादनमा प्रयोग हुने मुख्य साधनअन्तर्गत श्रम, भूमि, पुँजी, सङ्गठन, कच्चा पदार्थ पर्दछन् । तसर्थ लागत फलनलाई निम्नअनुसार लेख्न सकिन्छ :

C = F (Q)

यहाँ

C = लागत (Cost), Q = उत्पादन (Output), F = फलन (Function)

उद्यमी तथा व्यवसायीले उत्पादन प्रक्रियामा योगदान गरेबापत प्राप्त गर्ने प्रतिफललाई लाभ भनिन्छ । व्यवसायीले कच्चा पदार्थ, श्रम, भूमि, पुँजीको परिचालन र संयोजन गरी वस्तु तथा सेवा उत्पादन तथा विक्री गर्दछ । जसको परिणामस्वरूप उसले लाभ प्राप्त गर्दछ । व्यवसायीले प्राप्त गरेको कुल आयबाट कुल खर्च घटाइसकेपछि प्राप्त प्रतिफललाई लाभ भनिन्छ ।

नाफा (Profit) = कुल आय (Total revenue) - कुल खर्च (Total Cost)

नेपालमा तरकारी खेतीका लागि संरचित संरचनाको प्रयोगबाट फाइदा लिन ध्यान दिनुपर्ने कुराहरूमा मलखात एवम् भण्डारणको प्रयोग र उचित व्यवस्थापन हुनुपर्ने कुरा उल्लेख छ (काफ्ले, सन् २०२१) । प्रस्तुत अध्ययनमा खासगरी कास्की मादी गाउँपालिकामा उत्पादन हुने बेमौसमी तरकारी गोलभेडा, काउली, बन्दा, काक्रो, साग, खुर्सानी, सिमी, बोडी, प्याज जस्ता तरकारीहरूको छनोट गरिएको छ ।

नेपालको अर्थव्यवस्थामा कृषिको ठूलो महत्त्व रहेको छ । देशको कुल ग्राहस्थ उत्पादनमा २७.७ प्रतिशत कृषि क्षेत्रको योगदान रहेको छ भने कृषि क्षेत्रमा आवद्ध मानिसहरू ६०.४ प्रतिशत  छन् । आर्थिक वर्ष २०७९/०८० मा राष्ट्रिय आयमा कृषिको योगदान ३२ प्रतिशत रहने अनुमान गरिएको छ (अर्थ मन्त्रालय, २०७९) । कृषि गणना २०७८ अनुसार कृषक परिवार अन्तर्गतको २२ हेक्टर अर्थात् ९६ प्रतिशत जग्गा कृषि कार्यमा उपयोग भएको पाइन्छ भने कृषि क्षेत्रमा  प्रयोग भएको जमीनमध्ये १ लाख ८ हजार हेक्टरमा तरकारी खेती गरिएको पाइन्छ । २८ लाख ८९ हजार कृषक परिवारले १२ लाख ९ हजार हेक्टर अर्थात् ५५ प्रतिशत कृषि क्षेत्रमा सिँचाईको सुविधा पुगेको छ ।

नेपालमा उत्पादन हुने प्रुमख खाद्यवालीहरू धान, मकै,  गहुँ, केदो, जौ र फापर हुन् भने प्रमुख नगदेबालीहरू उखु, आलु, तेलहन, जुट, मह पर्दछन् । त्यस्तै प्रमुख दलहन वाली

मुसुरो, भटमास, चना, अरहर पर्दछन् साथै उखु, चिया, जुट, कफी, कपास प्रुमख औद्योगिक वाली हुन् भने मसला बालीको रूपमा अदुवा, खुर्सानी, बेसार, लसुन, अलैची पर्दछन् । नेपालको कृषि प्रणाली जीविकोपार्जन मुखबाट क्रमिक रूपमा व्यापारीकररणतर्फ रूपान्तरण भए तापनि उत्पादनलाई प्रतिस्पर्धी तथा व्यवसायिक बनाउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा परिचित गराई निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्नु आवश्यक छ (उपाध्याय, २०७६) ।

नेपालको हिमाल, पहाड र तराईमा मानव सभ्यताको विकास सँगै १९औँ दशकपछि व्यवसायिक रूपमा कृषि खेती गरेको देख्न सकिन्छ । चिस्यान केन्द्र, बिजुली, गोदाम, सडक, कृषि बजार, सिचाई, भौतिक पूर्वाधार र प्रयाप्त स्रोत साधनको मुल समस्याका रूपमा देखिएका छन् । जमिनको खण्डीकरण र उन्नत बिउको प्रतिस्थापन दरको कमीले कृषिजन्य उत्पादनमा आशातीत उपलब्धि हासिल गर्नु प्रुमख समस्याको रूपमा रहेको छ (नेपाल परिचय दसौं संसोधन नेपाल सरकार, २०७९) ।

वर्तमान १५ औं योजना २०७६/०७७-२०८०/०८१ मा कृषि विकास कार्यक्रमअन्तर्गत कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी तथा आम्दानी वृद्धि गर्ने, कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण, सुरक्षा सुनिश्चित गर्नु, कृषि अर्थतन्त्र निर्माण, प्रतिस्पर्धा, जलवायु अनुकूल आत्मनिर्भर एवम् निर्यातमुखी उद्योगको रूपमा कृषि क्षेत्रलाई रूपान्तरण गर्ने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्न कृषि सम्बन्धी नीति, कानुन, योजना, निर्माण गरी सरोकारवालाहरूको समन्वयमा संघ, प्रदेश र स्थानीय तहमा सहकार्य गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न अनुसन्धान तथा शिक्षा पद्धतिलाई एकीकृत गर्दै गुणस्तरीय  उत्पादन तथा सेवा सुनिश्चित गर्ने रणनीति अवलम्बन गरिएको छ ।

मौसमी र बेमौसमी तरकारी खेतीले कास्की जिल्लासँग जोडिएका छिमेकी जिल्लाहरू म्याग्दी, लमजुङ, स्याङ्जा, बाग्लुङ लगायतका जिल्लाहरूमा समेत निर्यात हुने गर्दछ । ज सले गर्दा यहाँका मानिसहरूको जीवनस्तरमा महत्त्वपूर्ण  टेवा पुगेको छ । खासगरी बेमौसमी, हिउँदे र वर्षे तरकारी उत्पादन भएको पाइन्छ । बढी उत्पादन हुने तरकारीहरूमा मुला, फर्सी, सिमी, खुर्सानी, आलु, साग, बन्दा, गाजर, मुला, काउली, भिन्डी, काक्रो, आदि पर्दछन् (जिल्ला कृषि विकास कार्यालय, कास्की, २०७७/०७८) ।

बेमौसमी, हिउँदे र वर्षे गरी व्यवसायिक र घरायसी दुई प्रकारबाट नेपालमा तरकारी खेती गरेको पाइन्छ । घरायसी रूपमा करेसाबारीमा तरकारी खेती गरी परिवारको आवश्यकतालाई पूरा गर्नुका साथै वचत भएमा इष्टमित्रलाई र आंशिक रूपमा बजारमा विक्री गरिन्छ । दोस्रो रूपमा करेसाबारीमा मात्र सीमित नभई बजारको भागलाई मध्येनजर गरेर व्यवसायिक रूपमा तरकारी उत्पादन गरिन्छ । विशेष गरी बेमौसमी तरकारी खेतीलाई व्यवसायिक रूपमा जोड दिइन्छ जसले कृषकको आर्थिक पक्षमा सहयोग पुऱ्याउँदछ । नेपालको सन्दर्भमा हेर्दा नेपाल सरकारले पनि तरकारी खेतीका लागि कृषकहरूलाई आवश्यक परीक्षणका साथै उन्नत मल, बिऊ, प्रविधि, किटनाशक औषधी लगायत कृषि अनुदानको समेत व्यवस्था गर्दै कृषकहरूलाई व्यवसायिक तरकारी खेती तर्फ प्रोत्साहन दिँदै आएको छ (सुवेदी, २०६८) ।

**समस्याको कथन (Statement of the Problem)**

नेपालको अर्थ व्यवस्थाको मुख्य स्रोत कृषि भएको हुँदा यहाँको आर्थिक वृद्धि गर्ने र गरिबी घटाउने सशक्त माध्यम नै कृषि हुन पुगेको छ । औद्योगिकीकरणका लागि कच्चा पदार्थका साथै अधिकांश निर्यात योग्य वस्तुहरूको उत्पादन समेत यही क्षेत्रबाट हुने भएकोले कृषि व्यवसाय नेपाली जनजीविकाको प्रमुख आधार मात्र नभई समग्र आर्थिक विकासकै आधारशीला मानिन्छ । यसरी अर्थतन्त्रको मेरुदण्डको रूपमा अग्रणी भूमिका खेल्दै आएको कृषि क्षेत्रको विकास नभइसम्म बहुसङ्ख्यक जनताको जीवनस्तर सुधार ल्याउन नसकिने तथ्य निर्विवाद छ ।

बढ्दो जनसंख्याको चापले सृजना गरेको तरकारीको बढ्दो माग दिनानुदिन बढिरहेको छ । फलस्वरूप कृषकहरू व्यवसायिक पेशातर्फ लाभान्वित भई निर्वाहमुखी खेतीलाई त्यागेका छन् । रोजगारका अवसरहरू हाम्रो जस्तो विकासोन्मुख देशमा उपलब्ध हुनु सकेका छैनन् । ग्रामीण क्षेत्रमा आम्दानीका स्रोत अन्य नभएकाले वैकल्पिक उपायका रूपमा तरकारी खेतीलाई लिइन्छ भने शहरी क्षेत्रका आम्दानीका स्रोतहरू विभिन्न हुन सक्छन् । रोजगारीको अवसरका खोजीका लागि ग्रामीण युवायुवती बसाईसराई, बजार र विदेशतर्फ केन्द्रित हुने हुँदा श्रमशक्तिको अभाव भई तरकारीको बढ्दो मागलाई पूरा गर्न छिमेकी मुलुक भारतबाट आयात गर्नुपर्ने स्थिति सिर्जना भएको छ । बजारको अभाव, सिचाई सुविधाको अभाव, दक्ष जनशक्तिको अभाव बजार मूल्य उच्च लागत जस्ता कुराहरूले गर्दा तरकारी खेती आफैँमा चुनौतीपूर्ण देखिन्छ ।

(भूमिसम्बन्धी ऐन, २०२१) अनुसार भूस्वामित्व सन्तुलन कायम राख्न पहाडमा ७० रोपनी काठमाडौँ २५ रोपनी र तराईमा १० विगाहा जमिनको हदबन्दी कायम गरिएको छ । आर्थिक वर्ष २०६३/०६४ देखि एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालनमा आएको छ र हाल यो कार्यक्रम ४२ जिल्लामा सञ्चालित रहेको छ । वि.सं. २०७३ सालबाट खाद्यान्नमा आत्मनिर्भरताको लागि दश वर्षे प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागु गरिएको छ । जसअन्तर्गत २१ ओटा सुपर जोन, ३०० ओटा जोन, १५०० ब्लक र १५००० पकेटहरू स्थापना गर्ने लक्ष्य रहेको पाइन्छ ।

नगदेबाली अन्तर्गत पर्ने बेमौसमी तरकारी खेती रोजागार तथा आयआर्जनको सशक्त पाटोका रूपमा फस्टाउँदै गएको छ । कम समयमा नै जमिनबाट प्रशस्त लाभ दिन सक्ने बेमौसमी तरकारी बालीको लागि विरुवाहरू तयार गर्न भने बढी खर्च लाग्ने रहेको पाइन्छ । जसले गर्दा कुनै बेला लागत अनुसारको लाभ र आय प्राप्त हुन कठीन हुन्छ भने कुनै बेला लागतको तुलनामा लाभ बढी हुने गर्दछ । बेमौसमी तरकारी खेतीमा कृषकहरूको तालिम, आर्थिक वृद्धि, रोजागरी, पर्यटक, निर्यात, बजारीकरण, कृषि विकास, किटनासक औषधिको प्रयोग, शैक्षिक अवस्था, आधुनिक कृषि सम्बन्धी नीति नियम, यातायात जस्ता कुराहरूको अध्ययन गरी बेमौसमी तरकारी लागत लाभको विश्लेषण खोज्ने प्रयास गरिने छ । त्यसकारण निम्न समस्याहरूमा केन्द्रित भई यो शोधकार्य अध्ययन प्रस्तुत गरिएको छ ।

**अध्ययनको उद्देश्य (Objectives of the Study)**

यस अध्ययनको उद्देश्य बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण साथै शैक्षिक र आर्थिक क्षेत्रमा पारेको प्रभाव हेर्नु हो । जसअन्तर्गत तरकारी खेतीको लगानी, नाफा र कृषक परिवारको आर्थिक र शिक्षामा भएका परिवर्तनको अध्ययन गरिएको छ । प्रस्तावित शोधका उद्देश्यहरू निम्नअनुसार छन् :

(क) बेमौसमी तरकारी खेतीको वर्तमान अवस्था पहिचान गर्नु ।

(ख) बेमौसमी तरकारी खेतीको लागत लाभको विश्लेषण गर्नु ।

(ग) बेमौसमी तरकारी खेतीले स्थानीयवासीको शैक्षिक र आर्थिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु ।

**अनुसन्धान प्रश्न (Research Questions)**

निम्न अनुसारको अनुसन्धानात्मक प्रश्नहरूलाई प्रस्तावित अनुसन्धानलाई सम्बोधन गर्ने छ।

(क) बेमौसमी तरकारी खेतीको उत्पादन अवस्था कस्तो छ ?

(ख) बेमौसमी तरकारी खेतीको मूल्य अवस्था कस्तो छ ?

(ग) तरकारी खेतीको लागतको अवस्था कस्तो रहेको छ ?

(घ) तरकारी खेतीबाट नाफाको अवस्था कस्तो छ ?

(ङ) शैक्षिक र आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

**अध्ययनको महत्त्व (Significance of the Study)**

नेपालको विभिन्न ठाउँमा हावापानीअनुसार कृषकहरूले अन्नबालीको सट्टा तरकारी खेती गरी आफ्नो आर्थिक पक्षमा सुधार गरी जीवनस्तर माथि उकास्न सफल भएका छन्। तरकारी खेतीलाई व्यवसायिक रूपमा सञ्चालन गरी जीवनस्तर वृद्धि गर्ने स्रोतको रूपमा लिने गरेको पाइन्छ। मानिसहरूको पोषणको लागि आवश्यक पर्ने खनिज, भिटामिन तथा प्रोटिनको बढी मात्र तरकारीले उपलब्ध गराउँदै आएको छ। तरकारीबाट रोजागरीमा वृद्धि, आम्दानी बढी र आम्दानी बढेपछि बचत बढी गरेर लगानी बढी गरेको खण्डमा बढी नाफा प्राप्त गरी आर्थिक विकासमा नै सघाउ पुग्न जाने देखिन्छ। बेमौसमी तरकारी बालीमा विशेष प्रविधिको आवश्यकता पर्ने, सडक अभाव, मूल्य, विषादीको अभाव, उत्पादनमा आउने विशेष तरकारी बालीको पौष्टिक तथा आर्थिक महत्त्व बजार व्यवस्थापन र ज्ञानको कमीका कारणले गर्दा व्यवस्थित रूपमा अगाडि बढ्न नसकेको पाइन्छ।

व्यवसायिक तरकारी व्यवस्थित गरी बढी लाभ लिन उन्नत मल, बिउ, प्रविधि र विद्यार्थीको प्रयोग हुँदै आएको छ। व्यवसायिक रूपमा तरकारी खेतीमा लागेर ग्रामीण क्षेत्रका मानिसहरूले नमुनाको रूपमा आम्दानी गर्न सफल भई आफ्नो आर्थिक पक्षमा आशातित उन्नति गर्न सफल भएका छन्। तरकारी खेतीले ग्रामीण क्षेत्रमा बेरोजगारीको रूपमा देखिएका युवायुवतीहरूलाई समेत रोजगारीको वैकल्पिक उपायको रूपमा देखापरी आकर्षक आय आर्जनमा संलग्नता बढेको छ। कतिपय शहरी तथा ग्रामीण क्षेत्रका किसानहरूले मौसमी तथा बेमौसमी तरकारी खेतीबाट मनग्य आम्दानी गर्न सफल भएका छन् जुन कुरा व्यवसायिक तरकारी खेतीको सकारात्मक प्रभाव मानिन्छ।

यस अध्ययनले धेरै महत्त्व राख्दछ । नेपाल जस्तो देशमा कृषि अनुसन्धानलाई नै जोड दिइएको पाइन्छ । किनकी नेपालको विकास कृषिमा निर्भर छ । व्यावसायिक खेतीको भर्खरै सुरुवाता भएको छ । धेरै मानिसहरू कृषिमा नै निर्भर छन् । यस अनुसन्धानबाट पनि थप अनुसन्धान गर्न सक्दछ । अरू धेरै अध्ययन अनुसन्धान हुनुपर्दछ । यसमा यो अध्ययनले पनि केही महत्त्व राख्दछ । अध्ययन अनुसन्धान गर्नु अझै महत्त्वपूर्ण छ ।

कृषिको अनुसन्धान गर्न अझै बाँकी छ । त्यसैले भोलि गरिने अनुसन्धानको लागि यो सहयोगी हुन सक्दछ । भोलिका व्यवसायिक खेतीको अध्ययन गर्न चाहाने शोधकर्ता, विद्यार्थी र अनुसन्धानकर्ताहरूका लागि पनि यो अध्ययन महत्त्वपूर्ण बन्न सक्छ । त्यसैले व्यवसायिक तरकारी खेती गर्नेहरू, संघसंस्था, अनुसन्धानकर्ता, विद्यार्थी र पाठकहरूका लागि पनि यो शोध महत्त्वपूर्ण ठानिन्छ ।

**अध्ययनको सीमाङ्कन (Delimitations of the Study)**

शोधकार्यको शीर्षकले नियन्त्रण गरेका कुराहरूलाई अध्ययनको सीमाङ्कन भनिन्छ । के कति विषयको अध्ययन गर्ने भनी अध्ययनको क्षेत्रलाई स्पष्टसँग किटान गर्नुपर्दछ । शोधलाई एउटा निश्चित दिशामा अगाडि बढाउन अनुसन्धानकर्तालाई अध्ययनको सीमाङ्कनबाट सहयोग पुग्दछ ।

(क) प्रस्तुत अध्ययन कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ६ मा सीमित रहने छ ।

(ख) प्रस्तुत अध्ययन (बेमौसमी) तरकारी बालीहरूको अध्ययनमा सीमित रहने छ ।

(ग) कृषक, थोक विक्रेता, खुद्रा विक्रेता, ग्राहक गरी अन्तर्वार्ताका लागि जम्मा ६० जनामा यो अध्ययन सीमित रहने छ ।

(घ) यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोत प्रयोग गरिने छ ।

(ङ) प्रस्तुत अध्ययनमा मादी गाउँपालिका वडा नं. ६ मा उत्पादन हुने बेमौसमी वालीहरूलाई मात्र समावेश गरिने छ ।

**मुख्य शब्दावलीको अर्थ (Definitions of the key terms)**

प्रस्तुत अध्ययनको विषयसँग सम्बन्धित कतिपय शब्दावलीको गलत अर्थ टिकाटिप्पणी र व्याख्या नहोस् भन्नका लागि यस अनुसन्धानमा प्रयोग भएका मुख्य शब्दहरूलाई निम्न अनुसार परिभाषित गरिएको छ ।

तरकारी खेती : तरकारी नगदेवाली अन्तर्गत पर्दछ । मौसमी र बेमौसमी गरी दुई तरिकाले तरकारी खेती गर्न सकिन्छ ।

मौसमी : समय अनुकूल

बेमौसमी : समय प्रतिकूल

नगदेबाली : तत्काल विक्री गरी नगद प्राप्त गर्ने बालीलाई नगदेबाली भनिन्छ ।

लागत : वस्तु तथा सेवाको उत्पादन गर्दा लाग्ने खर्च

लाभ : वस्तु तथा सेवाको विक्रीबाट प्राप्त नाफा

आम्दानी : वस्तु तथा  सेवाको विक्रीबाट प्राप्त रकम

खर्च : वस्तु तथा सेवाको खरिद गर्दा तिरिने रकम

वचत : आम्दानी र खर्च बिचको अन्तर

टनेल : बेमौसममा गोलभेडा उत्पादन गर्न घाम र पानीको व्यवस्थापनको लागि बनाइएको प्लाष्टिकको घर

स्थिर लागत : उत्पादनका स्थायी साधनहरुमा गरिने खर्चलाई स्थिर लागत भनिन्छ ।

परिवर्तनशील लागत : उत्पादनका परिवर्तनशील साधनहरुमा गरिने खर्चलाई परिवर्तनशील लागत भनिन्छ ।

**अध्ययनको संगठन (Organization of the Study)**

यस अध्ययनलाई पाँच अध्यायमा संगठन गरिएको छ । पहिलो अध्यायमा विषयको परिचय उल्लेख गरिएको छ । जसअन्तर्गत सम्बन्धित विषयको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्यहरू, अध्ययनको महत्त्व, अध्ययनका सीमाहरू र अध्ययनको संगठनको संगठनात्मक ढाँचालाई उल्लेख गरिएको छ । दोस्रो अध्यायमा सम्बन्धित विषयको साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ । तेस्रो अध्यायमा सम्बन्धित विषयको अनुसन्धान पद्धतिको उल्लेख गरिएको छ । यसअन्तर्गत अध्ययन क्षेत्र, छनोटको औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्कको प्रकृति, नमुना छनोट, तथ्याङ्क संकलन विधि,

तथ्याङ्क विश्लेषण प्रक्रिया प्रस्तुत गरिएको छ । चौथो अध्याय प्रस्तुत अध्ययनको प्रमुख भाग हो । यस अध्यायमा अध्ययन क्षेत्रमा बेमौसमी तरकारी खेतीको अवस्था र लागत लाभको विश्लेषणका साथै सम्बन्धित तालिकाहरू प्रस्तुत गरिएको छ । पाँचौ अध्यायमा सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय दुई (CHAPTER TWO)

## साहित्यको पुनरावलोकन (REVIEW OF LITERATURE)

साहित्यको पुनरावलोकन अनुसन्धान प्रक्रियाको एउटा महत्त्वपूर्ण खण्ड मानिन्छ । सामाजिक अनुसन्धानको एउटा अत्यावश्यक भागको रूपमा साहित्यको पुनरावलोकनलाई लिने गरिन्छ । अनुसन्धानलाई अर्थपूर्ण बनाउनका लागि सम्बद्ध साहित्यको पुनरावरलोकन अति आवश्यक हुन्छ । तसर्थ अध्ययन अनुसन्धानमा पूर्वकार्यको समीक्षा तथा अध्ययन अर्थपूर्ण रहन्छ । अनुसन्धानको विषयमा मेल खाने तथ्यहरूको जानकारी प्राप्त गर्नका लागि साहित्यको पुनरावलोकनको महत्त्व हुने गर्दछ । कुनै पनि अनुसन्धान शून्यमा हुँदैन । यसर्थ कुनै पनि कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि यसभन्दा अगाडि गरिएका त्यस्तै प्रकृतिका कार्यहरूको अध्ययन गर्नु जरुरी हुन्छ ।

विगतका अध्ययन अनुसन्धानको बुझाई र अन्तर्दृष्टिबाट वर्तमान अनुसन्धानसँग मेल खाने कुरा साहित्यको पुनरावलोकनले अनुसन्धानकर्तालाई प्रदान गरिन्छ । अध्ययन गर्न लागेको समस्यासँग केकस्ता अनुसन्धान सम्पन्न गरिएका छन् । अनुसन्धानले समस्यालाई कसरी व्याख्या गरेको छ । मुख्य सैद्धान्तिक दृष्टिकोणहरू के के हुन् । अनुसन्धान कुन कुन कुरामा एकमत र कुन कुन कुरामा मतभेद छ । अनुसन्धानहरूले कुन कुरालाई समेट्न सकेका छैनन् । अनुसन्धान गर्दा मुख्य समस्याहरू के के छन् ? यो शीर्षकको कुनै विरोधाभाषहरू त छैनन् ? परिकल्पना कानुनी रूपमा छ ? जस्ता सवालहरूको खोजी गर्न अनुसन्धानलाई साहित्यको पुनरावलोकनले मद्दत गर्दछ । यस शोधपत्रसँग मिल्दा जुल्दा प्रकृतिका अध्ययन अनुसन्धानलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### सम्बन्धित सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Related Literature)

सिद्धान्तको जन्म अनुसन्धानबाट हुन्छ । सिद्धान्तलाई भविष्यमा आनुभाषिक तथ्यहरूद्वारा परीक्षण र प्रमाणिक गरिनु पर्दछ । सिद्धान्त अनुसन्धान मार्फत विकसित हुन्छ । अनुसन्धान र सिद्धान्त एक अर्कामा अन्तरनिर्भर हुन्छन् । वर्तमान तथ्यहरूका आधारमा सिद्धान्त विकास भएको हुन्छ । वर्तमानका तथ्यहरूमा आधारित भएर अनुसन्धानका क्रियाकलापहरू भरपर्दो र सर्वस्वीकृत सिद्धान्तको रूपमा विकास भएका हुन्छन् । वर्तमान सिद्धान्तको सिद्धान्तगत व्याख्याद्वारा अनुसन्धानका क्रियाकलापहरू निर्देशित हुने गर्दछन् । यस अनुसन्धानमा लागत-

लाभ सिद्धान्त, मूल्य सिद्धान्त, माग पूर्तिको अवस्था, उत्पादनको अवस्था, साथै अधिकतम नाफाको सिद्धान्त प्रयोग गरिएको छ ।

कृषि विकास राष्ट्रिय फलफूल विकास केन्द्र (२०७८) ले प्रमुख छ फलफूल बालीहरू (स्याउ, ओखर, सुन्तला, कागती, आप र केराको) नेपालमा भइरहेको प्रमुख फलफूल खेतीको उत्पादन लागत र लाभ अनुपातको विस्तृत जानकारी प्रदान गर्नको लागि एक अध्ययन प्रतिवेदन तयार पारेको छ । प्रमुख छ फलफूल बालीहरूको उत्पादन लागत शीर्षक तथा कुल नाफा सम्बन्धी तथ्याङ्क निकाल्ने प्रमुख छ फलफूलबालीहरूको लाभ लागत अनुपात PayaBack peried (PBP) र internal Rate of Return (IRR) को एकिन नगर्ने ३ वटा उद्देश्य राखी फरक-फरक किसिमको फलफूलमा मात्र नभएर एउटै फलफूलमा पनि स्थान, जात, प्रविधि, हावापानी सामाजिक तथा आर्थिक पक्ष बजारीकरणले पनि आम्दानी प्रभाव पर्दछ र समग्र सबै फलफूलबाट २ देखि ४ गुणासम्म आम्दानी प्रभाव पर्दछ र समग्र सबै फलफूलबाट २ देखि ४ गुणा सम्म आम्दानी प्राप्त गर्न सकिने हुँदा फलफूल खेती नाफामुलक व्यवसाय भएको पाइन्छ । फलफूल खेतीबाट रोजगारी पोषण, आर्थिक उपार्जनमा महत्त्व भएपनि उपयुक्त जात, स्थान, गुणस्तरीय विरुवा, प्रविधि, औषधी भण्डारण बजारीकरण समस्याको रूपमा रहेको हुँदा सरकारी फर्म नर्सरी गुणस्तरीय विरुवा, यन्त्रिकरण स्थान अनुसारको फलफूल भण्डार किटनासक औषधी संरक्षण जस्ता पक्षमा ध्यान दिनसकेमा फलफूल खेतीलाई व्यवसायीका रूपमा आगामी दिनमा आत्मनिर्भर बनाउने प्रमुख आधार हुन्छ भन्ने निष्कर्ष निकालिइएको पाइन्छ ।

सापकोटा (२०६८) ले निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण मार्फत उन्मुख गराई उपलब्ध सीमित स्रोत र साधनको समुन्नत प्रयोग गर्न सके थोरै जमिनबाट बढी आय आर्जन गर्न सकिन्छ भन्ने कुरा नेपालले विगत वर्षहरूमा सञ्चालित नेपाल सिमी परियोजनाबाट पनि प्रमाणित भैसकेको छ ।

कृषि ज्ञान केन्द्र (२०७६) ले उत्पादन लागतको आधारमा बाली लगाउने भन्ने निर्णय गर्न सहयोग पुऱ्याउने लगानी गरे अनुसार नाफा नोक्सान के भयो सो को जानकारी लिने वर्तमान खेती व्यवस्थापन शैली त्यसका निहित विशेषता एवम् कमी कमजोरी केलाउने प्रमुख उद्देश्य राखी लाभ लागत विश्लेषण प्रतिवेदन तयार गरेको पाइन्छ । यस प्रतिवेदनमा

गोर्खा जिल्लाका स्थानीय बासीको खर्च तथा उत्पादन विवरणलाई आधार मानेर तयार पारिएको यस अध्ययनमा लाभ लागत अध्ययनबाट प्रति रोपनी विभिन्न बालीको खेती गर्दा लाग्ने अनुमानित खर्च वा नाफा बारे जानकारी दिइएको छ भने कृषि उत्पादनमा वृद्धि ल्याउन कृषकहरूलाई अधिकतम फाइदा पुऱ्याउन समय अनुकूल बजार मूल्य हुँदा कृषि उत्पादन सँग सम्बन्धीत कार्यक्रमहरू अझै प्रभावकारी हुने निष्कर्ष निकालिएको छ ।

घिमिरे (२०६२) ले प्रमुख नगदेवालीहरूले स्थानीय जिविको पार्जन पारेको प्रभाव शीर्षकमा एक अध्ययन गरिएको छ । यस अध्ययनमा तरकारी बालीको योगदान ८१.१३ प्रतिशत रहेको थियो भने खाद्यान्न बालीको योगदान १८.१३ प्रतिशत रहेको थियो । यसलाई हेर्दा नगदेवालीको योगदान खाद्यवालीको भन्दा ४ गुणा बढी रहेको छ । नगदेवालीहरूमा उचित विषादीको प्रयोग, किराको सङक्रमण, नियन्त्रण रोगहरूको पहिचान र उपयुक्त उपचार गर्न सकेका छैनन् । जसले गर्दा दक्ष प्राविधिकहरूको आवश्यकता किसानहरूका लागि रहेको छ । अध्ययन क्षेत्रमा किसानहरूले उत्पादन गरेको ९५ प्रतिशत विक्री भएको थियो भने खाद्यन्न बाली सबै आन्तरिक उपभोगमा खर्च भएको देखिन्छ । नगदेबालीमा देखिएका समस्या समाधान गर्न यस अध्ययनमा विद्यालयमा कृषि शिक्षा लागू गर्नुपर्ने, मल समयमा उपलब्ध, उन्नत बिउविजन, सिँचाइको सुविधा गर्नुपर्ने सुझाव दिइएको देखिन्छ ।

दाहाल (२०७१) ले नुवाकोट जिल्लामा केन्द्रित भएर प्रमुख तरकारी बालीहरूले कृषकहरूको आय आर्जनमा महत्त्वपूर्ण भूमिका भन्ने शीर्षकमा अनुसन्धान गरिएको छ । नगदेवाली अन्तर्गत पर्ने तरकारी खेती कम लागतमा बढी उत्पादन दिने र सामान्य आर्थक स्थिति भएका कृषक हरूले पनि सजिलै सँग गर्न सक्छन् । आलु, काउली, बन्दा, मुला र गोलभेडा बाहेक अध्ययनमा अन्य तरकारी खेतीलाई पनि समावेश गर्न सकिने कुरा उल्लेख गरिएको छ । भने कृषकहरूको सामाजिक आर्थिक र शैक्षिक क्षेत्रमा ठूलो योगदान दिइएको कुरा उल्लेख गरिएको छ ।

पोखरेल (२०६९) ले लामो समयदेखि कृषक तथा कृषि प्राविधिकहरूका लागि विभिन्न किसिमका तालिमहरू सञ्चालन गरिरहेको छ । तालिम सञ्चालन र अनुगमनको क्रममा प्राप्त अनुभव तथा जानकारीहरूलाई व्यवस्थित गरी कृषक तथा कृषि प्राविधिक सम्म पुऱ्याउन धेरै पहल गरिरहेको पाइन्छ ।

अधिकारी (२०१९) का अनुसार व्यवसायीक तरकारी खेतीले महिलाको जीवन स्तरमा पारेको आर्थिक प्रभाव शीर्षकमा लम्जुङ जिल्लाको दोदी गाउँपालिका १ मा केन्द्रित भएर एक अध्ययन गर्नु भएको छ । व्यवसायिक तरकारी खेतीले महिलाको आर्थिक अवस्थामा पारेको प्रभावको खोजी गर्नु र तरकारी खेतीले महिलाको आत्मनिर्भरता र व्यवसायिकता प्रति पारेको प्रभावको विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको यस अध्ययनमा परम्परागत कृषिबाट विस्तारै व्यवसायीक तरकारी प्रति आकर्षण बढ्दै गएको देखिन्छ । अन्न बालीको तुलनामा तरकारी खेतीबाट आम्दानीमा वृद्धि भएको र तरकारी खेतीले आर्थिक अवस्थामा सकारात्मक प्रभाव पारेको पाइयो । आर्थिक अवस्थामा आयको सकारात्मक परिवर्तनले गुणस्तरीय शिक्षामा जोड, चेतनामा वृद्धि, आर्थिक उन्नति पोषणयुक्त खाद्यन्नको वृद्धि भई शारीरिक रूपमा स्वस्थ हुन सकिन्छ । अध्ययन क्षेत्रमा तरकारी खेतीबाट वार्षिक ५० हजारदेखि, १ लाखसम्म आम्दानी लिने घरपरिवार ४०.६३% १ लाख देखि १ लाख पचास हजार सम्म आम्दानी गर्ने घरपरिावर ३.१४% भएकोमा अहिले ७.२ र २५% रहेको पाइन्छ । दक्ष प्राविधिकको सहयोग, प्राङ्गारीक मल, अर्गानिक तरकारीको ज्ञान कम भएकाले विशादीको कारण सुक्ष्म एवम् भन्दा रूपबाट मानव स्वास्थ्यमा नकारात्मक प्रभाव गर्दै गएको पाइन्छ ।

Gautam (1991) ले कास्की जिल्लाको पोखरा उपमाहानगरपालिकामा रहेको ३१ वटा आधुनिक गाईको लागत लाभको विश्लेषण गर्नु भएको थियो । एक वर्षको आम्दानी र लागतको विश्लेषणात्मक अध्ययनको तुलनामा यस अध्ययनमा लागतको रेन्ज ०.४४ देखि १.४९ सम्म छ भने ०.४४ लागत लाभ अनुपास उच्च लागत लागेको  र स्याहार सुसारका साथै तालिमको अभाव रहेको कुरा स्पष्ट छ । जुन फर्म न्यून अनुपातमा छन त्यस्ता कर्महरूलाई तुरुन्त सुधार गरी व्यवस्थापनमा ध्यान दिन र लागत घटाउन सुझाव दिइएको पाइन्छ ।

तिम्सिना (२०७३) द्वारा च्याउ फर्मको लागत लाभ विश्लेषण र शैक्षिक क्षेत्रमा पारेका प्रभाव शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस अध्ययनमा कीर्तिपुर नगरपाकिला वडा नं. ७ मा रहेका १० वटा च्याउ फर्महरू मध्य १ वटा फर्मलाई नमुनाको रपमा लिइएको छ । प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको यस अध्ययनमा च्याउ फर्म  वि.सं. २०७० सालमा रु १२,००,००० ऋण लिई १४% व्याजमा १० रोपनी जग्गामा भाडामा लिइएर सुरु गरी २०७० सालको कुल स्थिर लागत रु. १६१८००० र कुल परिवर्तनशील लागत रु। २७, ५१००० गरी

कुल लागत ४३६९००० रहेको पाइयो तसर्थ च्याउ फर्मको २०७० सालको वार्षिक नाफा रु. १६७९००० रहेको पाइयो । च्याउ फर्म व्यवसायीको कुल आय रु ६०, ४८००० मध्य सबै भन्दा बढी ७२.२४% त्यही व्यवसायमा र अन्य शिक्षामा लगानी गरेको पाइयो । बजारको समस्या ऋणको अभाव, रोगको समस्या, तालिमको अभाव जस्ता समस्याहरू विद्यमान रूपमा च्याउ र्फममा रहेको पाइयो भने व्यवसायीक च्याउ फर्मलाई प्रोत्साहन स्वरूप सरकारले कर छुट अनुदान तालिम, जस्ता सुविधाहरू प्रदान गरी च्याउ खेतीमा देखिएका समस्या र सङ्कक्रमणलाई निर्मूल पार्नु देखिन्छ ।

Due, (1968) ले लागत लाभ विश्लेषणको आधुनिक समयमा अति नै भरपर्दो कार्य हो भनी लागत लाभको महत्त्व माथि प्रकाश पार्नु भएको छ । लागत लाभ विश्लेषणले व्यवसाथीलाई सामाजिकीरण हुन र बैकल्पीक क्षेत्रको खोजी र व्यवस्थापन गरी आर्थिक रूपले दक्ष हुन सहयोग पुऱ्याउदछ । अर्को तर्फ आर्थिक क्रियाकलापको लागत लाभ विश्लेषण कार्यलाई सरकारी र निजी दुबै पक्षले आवश्यकता अनुसार व्याख्या  र विश्लेषण गर्दै जानु पर्ने सुझाव रहेको देखिन्छ । यसरी बहुचर्चित लागत लाभ विश्लेषण कार्यलाई सर्वप्रथम जलस्रोतको योजना निर्माण गर्ने क्रममा सुरुवात गरिएको थियो भन्ने उल्लेख गरिएको पाइन्छ ।

**अनुसन्धानात्मक सहित्यको पुनरावलोकन (Review of the Research Literature)**

कुनै पनि कार्यको प्रमुख आधार विगत हो । जसले वर्तमानलाई निर्देशित गरेको हुन्छ । अगाडि गरिएका कार्यहरूको अध्ययन गरी वर्तमान कार्यलाई सकलतापूर्वक सम्पन्न गर्नु जरुरी हुन्छ । अनुसन्धानमूलक साहित्यको पुनरावलोकनले अध्ययन-अनुसन्धान कार्य कसरी अगाडि बढाउने समस्या कसरी प्रस्तुत गर्ने, ढाँचा कुन प्रयोग गर्ने, साधनहरूको प्रयोग, सूचना सङ्कलन र विश्लेषण कसरी गर्ने भन्ने आधार प्रदान विगतले गर्दछ । कुनै पनि विषयभित्र उजागर भएका कुरालाई एकीकृत गर्नु, अनुसन्धान शीर्षकमा आधारभूत ज्ञान प्राप्त गर्नु, नयाँ विचार उत्प्रेरित गर्नु विगतको अनुसन्धानबाट वर्तमान योजना जोडिएको छ भनी देखाउनु, ज्ञानको क्षेत्रसँग परिचित र विश्वसनियता देखाउनु, साहित्य पुनरावलोकनको लक्ष्य तथा उद्देश्यहरूमा पर्दछन् । तसर्थ अध्ययन अनुसन्धानमा पूर्व कार्यको समीक्षा तथा अध्ययन अर्थपूर्ण रहन्छ । यस शोधप्रस्तावसँग मिल्दाजुल्दा प्रकृतिका अध्ययन ढाँचा तथा अनुसन्धानलाई निम्नअनुसार उल्लेख गरिएको छ ।

कडेल, (२०६९), का अनुसार तरकारी खेतीले स्थानीय जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनको उद्देश्यहरूमा तरकारी खेतीको वर्तमान अवस्था, तरकारी खेतीको लागत लाभको विश्लेषण गर्नु र तरकारी खेतीमा आएका समस्याहरू पत्ता लगाउनु रहेका छन् । यस अध्ययनमा तरकारीबाट प्राप्त आय ८५ प्रतिशत रहेको पाइयो भने खाद्यवालीबाट प्राप्त आय १४ प्रतिशत रहेको थियो । यसबाट के देखिन्छ भने तरकारी बालीबाट प्राप्त आय खाद्यबालीबाट प्राप्त आयभन्दा ५ गुणाले बढी देखिन्छ । तरकारी खेतीको वार्षिक खर्च ७६६४५ र औषत आय ९६०४० रहेको छ । तरकारी खेतीको उचित व्यवस्थापनको अभाव, शितगृहको अभाव, स्थानीय व्यापारीको मनोमानी, सिचाईको पर्याप्तता जस्ता समस्याहरू रहेको पाइन्छ भने शैक्षिक अवस्था हेर्दा ९.२१ प्रतिशत उच्च शिक्षा, ११.२९ प्रतिशत मा.वि. १७ प्रतिशत नि.मा.वि. २१ प्रतिशत प्रा.वि. र २२ प्रतिशत साक्षर र १९ प्रतिशत निरक्षर जनसङ्ख्या रहेको देखिन्छ ।

कृषि तथा सहकारी मन्त्रालय, (२०६३) का अनुसार नेपाल अधिराज्य भरी उन्नत जातको तरकारी बिउको वितरण गर्नको लागि २०२९ सालमा नेपाल सरकारले तरकारी विकास शाखाको स्थापना गरेको पाइन्छ तर प्रत्येक जिल्लामा वागवानी फर्म नभएकाले २०३० बाट विऊ वितरणको जिम्मा कृषि सामाग्री संस्थानलाई दिइएको थियो ।

उपाध्याय, (२०७६) द्वारा उखु खेतीको लागत लाभ विश्लेषण शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधको उद्देश्य उखु खेतीको लागत विश्लेषण, गर्नु, लाभ अनुमान गर्नु, उखु खेतीको वर्तमान अवस्थाको व्याख्या गर्नु र उखु खेतीमा आएका समस्याहरू पत्ता लगाउनु रहेका छन् । उक्त शोधमा ३ वर्षको मात्र लागत हेरिएको छ भने कैलाली जिल्लाको लम्की चुहा नगरपालिका ६, गुलारामा रहेको नन्दराम जोशीको फर्ममा सीमित रहेको छ । अन्तर्वार्ता, प्रश्नावली, अवलोकन जस्ता साधनहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । परिमाणात्मक र गुणात्मक विधिको प्रयोग गरिएको उक्त शोधमा बेरोजगार भएको अवस्थामा व्यावसायिक उखु खेती मानिसको जीवनको आधार हुन पुगेको र यसले पारिवारिक, आर्थिक र शैक्षिक साथै सामाजिक विकासमा सकारात्मक प्रभाव परेको निष्कर्ष निकालिएको छ ।

दउन्या (२०७१), द्वारा तरकारी खेतीले स्थानीय कृषकको आर्थिक तथा उनीहरूका बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव शीर्षकमा शोधपत्र तयार गरिएको छ ।

तरकारी खेतीले स्थानीय कृषकको आर्थिक क्षेत्रमा पारेको प्रभाव, तरकारी खेतीले स्थानीय कृषकका बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव र तरकारी खेतीमा देखापरेका समस्या पत्ता लगाउनु ३ वटा उद्देश्य रहेको उक्त शोधपत्र धादिङ जिल्लाको धुषा गा.वि.स. का ९ वटा वडाहरूमा सीमित रहेको पाइन्छ ।

देवकोटा (२०७५) द्वारा व्यवसायिक तरकारी खेतीको सामाजिक आर्थिक प्रभाव शीर्षकमा तयार पारिएको शोधपत्रमा तरकारी खेतीले सामुदायको सामाजिक आर्थिक अवस्था सुधार गर्न ठूलो अवसर प्रदान गरेको छ । तरकारी खेतीको आम्दानीको कारण खाद्य अन्नलाई पूरा गर्न सकेको जग्गाजमिन, घरघडेरी जोड्ने सकेको, नानी बाबुहरूलाई बोर्डिङ स्कुलमा पढाउन सकेको, समाज सम्पन्नतातर्फ उन्मुख हुँदै गएको र तरकारी खेतीकै कारण रोजगारीको खोजीमा बसाई सराई गर्नु नपरेको बरु समुदायमा नै पूर्णकालीन रोजगारी सृजना हुन सकेको छिमेकीहरूमा ऋण सुविधा उपलब्ध भएको र सामाजिक कार्यमा पारस्परिक सहयोग वृद्धि भएकोले व्यवसायिक तरकारी उत्पादनले किसानहरूको सामाजिक, आर्थिक स्तर माथि उठ्न सकेको उल्लेख गरेको छन । व्यवसायिक तरकारी खेतीतर्फ उन्मुख गराउन नेपालको पहलले सहजकर्ताको रूपमा नेपालका साना कृषकहरूको आयस्तर बढाउन लघु सिचाइ प्रविधि (ढिकी, पम्प, लोपा सिचाई, फोहोरा सिचाई, साना पम्प) को प्रबर्द्धन गरी बढी मूल्य पर्ने खासगरी बेमौसमी तरकारीवालीको उत्पादन गर्न र उत्पादित वस्तुको बजारीकरणमा किसानहरूलाई सहयोग पुऱ्याउँदै आएको निष्कर्ष निकालिएको छ ।

रासायनिक मल तथा विषादीको बढ्दो प्रयोगले तरकारीको उत्पादनमा लागत बढाउनुका साथै कृषि क्षेत्रमा परनिर्भरता बढ्दै गएको छ । रासायनिक विषादीको माटोको उत्पादन क्षमतामा नकारात्मक असर पर्नुका साथै तरकारी बालीहरूको पोषकतत्व र गुणस्तरमा ह्रास हुन गई उपभोक्ताहरूको स्वास्थ्यमा पर्न गएको असर झनै व्यवहार छ । यसै वस्तुस्थितिलाई मनन गरी रसायिनक मल र विषादीको प्रयोग कम गर्दै स्थानीय स्रोत र साधनको दिगो उपयोगको माध्यमबाट कृषि अर्थात् तरकारीलाई स्थानीय स्रोतमा आधारित बनाउनु अवको आवश्यकता रहेको छ (मल्ल, २०७५) ।

शाह, (२०७४) का अनुसार नेपालमा करिब ५०० मेट्रिक टन तरकारी बिऊ उत्पादन हुन सक्ने भनिए तापनि प्राविधिक रूपमा यसलाई हेर्ने हो भने हाल बजारमा उपलब्ध वर्ण शङ्कर (हाइब्रिड) जातका तरकारी बिउहरू उपयुक्त ढङ्गबाट उत्पादन र बेचबिखन

भइरहेको देखिँदैन परिणाम स्वरूप हाइब्रिड विउहरूको आयातमा वर्षेनी वृद्धि हुँदै गएको छ। साथै वर्ण शङ्कर विउहरू स्वयम् सञ्चित बिउहरूभन्दा धेरै गुणा महङ्गो हुने भएकाले आर्थिक रूपमा यो सोचनीय छ। हाल बजारमा उपलब्ध हुने वर्णशङ्कर बिउको गुणस्तरमा निकै गिरावट आएको हुँदा कृषकलाई बढी नोक्सान हुने देखिन्छ।

४० दशकको शुरुतिरबाट नेपालमा तरकारी विकासको क्रियाकलाप भएको थियो। तरकारीहरूको परीक्षण गर्दै त्यसबेला विभिन्न तरकारीहरूको वातावरणीय उपयुक्तताको अध्ययन शुरु गरिएको थियो। पाँचौ पञ्चवर्षीय योजना (१९७५ देखि १९८०) देखि प्रमुखताका साथ शुरु भएको थियो। नयाँ प्रविधिको उत्थान, राम्रो तरकारी विकास कार्यक्रम सञ्चालन र नेको तरकारीको अनुसन्धान गर्नु मुख्य उद्देश्यका साथ सन् १९७२ मा कृषि विभाग अन्तर्गत तरकारी विकास शाखा (Vegetable Development Division) को स्थापना भएको थियो। तर १९८९ मा आएर NARC लाई सबै प्रकारको कृषिको अनुसन्धान गर्ने अधिकार दिएको पाइन्छ (पोखरेल २०६९)।

चौधरी (१९६७) का अनुसार पर्यटनको प्रभाव, चेतनको स्तरमा वृद्धि पर्यटनको प्रभाव, शहरीकरण, शिक्षा र होटलहरूको वृद्धि र जनताको आम्दानीमा भएका वृद्धिको कारण तरकारीको माग दिन प्रतिदन बढ्दै गएको छ। वृद्धि भईरहेको जनसंख्याको खाद्यान्नको माग पूर्ति गर्न अन्नवालीबाट मात्र सम्भव हुँदैन जसको कारण पटक पटक जमिनको उपयोग गरेर धेरै भन्दा धेरै उत्पादन गर्नुपर्ने हुन्छ। यसको उपयुक्त विकल्प तरकारी खेती हो। अन्नवाली लगाएको जमिनमा फलफूल र ताजा तरकारी खेती गरेमा जनसङ्ख्याको पोषण स्थितिमा सुधार ल्याउन सकिन्छ। साथै गरिबीको चक्रबाट पनि मुक्त हुन सकिन्छ। जापानिजहरूले आफ्नो खाद्यान्नको ४० प्रतिशतभन्दा बढी भाग तरकारीबाट पूरा गर्दै आएको छ।

सुवेदी (२०६५) का अनुसार खाद्यान्न वस्तुको उत्पादन अन्नवालीको तुलनामा तरकारी बालीबाट ५ देखि १० गुणाले बढी हुन्छ। बजार मात्र पनि अन्नवालीको तुलनामा २ देखि ४ गुणाले तरकारी बालीको बढी रहेको छ। उदाहरणको रूपमा बन्दा, काउली, गोलभेडा, काक्रा आदिलाई लिन सकिन्छ। बेमौसमी तरकारी उत्पादन गरी देशको आन्तरिक माग पूरा गरी निर्यात गर्न थोरै जमीनबाट पनि बढी फाइदा लिन सक्ने सम्भावना नेपालमा प्रचुर मात्रमा छ। ग्रामीण र शहरी वस्तीको विकासको क्रममा मानव समाजले कृषि पछि

औद्योगिक युगमा प्रवेश गऱ्यो । उद्योगधन्दाहरूका लागि समेत कृषि क्षेत्रको विकास अझै अपरिहार्य हुन गयो फलस्वरूप कृषि क्षेत्रमा विविधीकरण गर्ने क्रमलाई बढाइएको पाइन्छ ।

भारतमा भएको हरित क्रान्तिको प्रभाव, बढ्दो जनसङ्ख्या र आधुनिक कृषि प्रविधिमा पहुँचका कारण ७० र ८० को दशकमा नेपालमा पनि उन्नत जातको खेतीबाली रासायनिक मलको बढ्दो प्रयोग आदि कारण उत्पादकत्व र उत्पादनमा केही मात्रामा वृद्धि भएको पाइन्छ । तर पछिल्ला वर्षहरूमा कृषि उत्पादनमा उद्योगति आउन थालेको देखिन्छ । मूल कारण पहाडी क्षेत्रमा अवैज्ञानिक मलखाद, जमिनको उर्वराशक्ति ह्रास, भूक्षयको प्रकोप र तराईमा प्राङ्गारिक पदार्थको अत्याधुनिक ह्रास हुन् । नेपालमा गोठेमल र प्राङ्गगारिक मल खाद्यतत्वको प्रमुख स्रोत हो तर हालको बाली उत्पादन क्षमता र सघनतालाई ध्यान दिने हो भने बालीको आवश्यकतालाई प्राङ्गारिक मलले मात्र पुरा गर्ने देखिँदैन । तसर्थ रासायिनक मल र प्राङ्गारिक मलको एकीकृत व्यवस्थापन गर्न सके माटो व्यवस्थापन दिगो हुनुका साथै आशा गरेअनुसारको कृषि उत्पादन हुन्छ (क्षेत्रीय माटो परीक्षण प्रयोगशाला, आ.व. २०७१/०७२) ।

बुढाथोकी (२०६२) का अनुसार मानिसहरूको स्वास्थ्यलाई ख्याल गरी तरकारी खेती उत्पादन गर्नको लागि कृषकहरूले जैविक मलहरूको प्रयोग गर्नु पर्दछ । विभिन्न तालिमहरू मार्फत कृषकहरूलाई वैमौसमी र अर्गानिक खेती तर्फ बजारमा प्रशस्त मात्रामा पाइन्छन् । यसले मानिसको स्वास्थ्यमा प्रतिकुल असर पार्दछ । कृषक आफैले उत्पादन गरेको तरकारीलाई व्यवस्थापन गर्न सकेमा कृषकको जीवनस्तर उकास्न सकिन्छ ।

खड्का (२०७५) का अनुसार तरकारी उत्पादनसँग सम्बन्धित किसानहरूका लागि आवश्यक पर्ने सेवाहरू जस्तै उन्नत बिऊ, विषादी, उन्नत प्रविधि, मलखातको पहुँच किसानहरू समक्ष विस्तार गर्न हालको नेपालको अवस्थामा, बजार व्यवस्थापन सहकारी संस्थाहरूको संलग्नता, कृषिसमूह, व्यापारीहरू, एग्रोभेट नर्सरी, सरकारी तथा गैर सरकारी संस्थाहरूको आवश्यकता भएको महसुस गरिएको छ । सक्षम व्यवसायिक सेवाको लागि स्थानीय सेवा प्रदानहरूको समेत प्राविधिक दक्षता अभिवृद्धि गरी किसानहरूलाई समाहित सेवा उपलब्ध हुन सक्ने अवस्था विगत वर्षहरूको नेपाली अनुभवमा देखिएको छ ।

प्रधानाङ्ग (२०७४) का अनुसार गरिएको अध्ययनमा पहिलो जीवन निर्वाहको निम्ति पारस्परिक कृषि पेशा अवलम्बन गरे तापनि विस्तारै व्यवसायिक तरकारीप्रति आकर्षण बढ्दै

गएको पाइन्छ । परम्परागत कृषि पेसा विस्तापित गर्दै व्यवासायिक खेतीतर्फ उन्मुख भएको पाइयो । तरकारी खेतीबाट अन्नबालीको तुलनामा आम्दानीमा वृद्धि भएको र आर्थिक अवस्थामा सकारात्मक प्रभाव तरकारी बालीको नै परेको पाइन्छ । आर्थिक अवस्थामा आएको सकारात्मक परिवर्तनले गर्दा गुणस्तरीय शिक्षा, राम्रो स्वास्थ्य, आर्थिक उन्नति, ताजा तरकारी, फलफूल खानपानमा वृद्धि भई शारीरिक मानसिक रूपमा स्वस्थ रहनुका साथै सरसफाईप्रतिको जनचेतना बढेको पाइयो ।

शर्मा (२०७०), का अनुसार व्यवसायिक तरकारी खेती अपनाउने करिब ७५% जनता साक्षर रहेका साथै तरकारी खेतीबाट आर्थिक उन्नति प्राप्त गरेपछि अधिकांश घर परिवारले आफ्ना छोराछोरीलाई गुणस्तरीय शिक्षाको लागि बोर्डिङ विद्यालयमा पढ्न पठाएको पाइयो । भने अन्य परिवारले पनि छोराछोरीलाई विद्यालय पठाउनु पर्दछ भन्ने उत्साहजनक चेतना पाइयो । स्वास्थ्य सरसफाई, पोषणयुक्त खाद्यन्नहरू फलफुल र ताजा तरकारीको साथसाथै माछामासुको पनि प्रयोग भएको छ । सुरुमा तरकारी खेतीको लागि लागत बढी हुन थालेपछि बचतमा वृद्धि हुन्छ । कृषि सहकारीले समग्र कृषि क्षेत्रको एकीकृत विकासमा महत्त्वपूर्ण योगदान दिन्छन् कृषि सहकारीले नेपालको कृषिमा सुधार गर्नुका साथै रोजगारी सृजना र गरिबी न्यूनीकरण गर्न महत्त्वपूर्ण भूमिका रहन्छ । यसरी व्यवसायिक तरकारी खेतीबाट मानिसहरूको खानपान रहनसहन, भेषभुष, घुमफिर जस्ता प्रशस्तै परिवर्तनहरू भएको निष्कर्ष निकालिएको छ ।

हमाल (२०८०) ले “अंगुर खेतीको वर्तमान अवस्था र लागत लाभ  विश्लेषण” शीर्षकमा शोधपत्र तयार पार्नु भएको छ । अंगुर खेतीको वर्तमान अवस्था पहिचान गर्नु, अंगुर खेतीको लागत लाभ विश्लेषण गर्नु र अंगुर खेतीको विद्यमान समस्याहरू पहिचान गरी समाधानका उपायहरू पेश गर्नु, उद्देश्यमा अधारित भएर शोधपत्र तयार भएको पाइन्छ । धादिङ जिल्लाको थाक्रे गाउँपालिका वडा नं. ८ मा रहेको काउले भिनयार्डमा केन्द्रित भएर यस शोधपत्र तयार पारिएको छ । जस अन्तर्गत भिनयार्डमा ७० रोपनी जग्गा रहेको र ५० रोपनीमा अंङ्गुर खेती गरिएको छ । वि.सं. २०७८ सालमा अङ्गुर खेतीका लागि कुल स्थिर लागत रु ६३, १५००० र परिवर्तन शिल लागत रु ३४,००,००० गरी जम्मा कुल लागत ९७,१५,००० रहेको पाइयो । त्यस वर्षको अङ्गुर उत्पादन १३००० के.जी. रहेको र प्रति

के.जी. रूप २५० मा विक्री भएको देखिन्छ। यसरी २०७८ सालको अङ्गुर खेतीको कुल आय रु ३२,५०००० र कुल लागत रु ९७१५००० भएकोमा ६४६५००० भएको पाइन्छ।

**साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता (Implication of the Review of the Research)**


विभिन्न शोध तथा पुस्तक, पत्रपत्रिका, जर्नल, लेख रचनाहरूको अध्ययन गरी प्रस्तुत अध्ययन तयार गरिएको छ। अन्य थप अध्ययन गर्न खास गरी यस्ता अध्ययनले सहयोग पुऱ्याउँदछ। यो अध्ययन बेमौसमी तरकारी खेतीको लागत-लाभ अध्ययनमा सीमित रहने भएकोले यसले तरकारी खेती गर्ने कृषकको लागत-लाभ, विक्री मूल्य, उत्पादन नाफाको बारेमा जानकार रहनुका साथै तरकारी खेतीको समग्र लागत लाभको अध्ययन गर्ने भएकोले भावी दिनहरूमा पनि यसको उपयोगिता बढ्दै जान्छ। खासगरी यस खालको अध्ययन तथा अनुसन्धान गर्न पनि सहयोग पुग्ने हुन्छ।

**अनुसन्धान अन्तर (Research Gap)**

प्रस्तुत प्रस्तावना तयार गर्दा योजना र कृषिको विकाससम्बन्धी व्यवस्था विकास गरिएको छ। व्यावसायिक तरकारी खेतीको प्रभावसम्बन्धी सोधपत्रहरू अध्ययन गरिएको छ। यस अनुसन्धानमा लागि छनोट गरिएको यो शीर्षक अन्य शीर्षकभन्दा फरक हुनुका साथै समय सान्दर्भिक पनि रहेको छ।


**अवधारणात्मक ढाँचा (Conceptual Framework)**

अल्पकालमा केही साधनहरू, जस्तै भवन, मेसिन आदि स्थिर रहन्छन् र उत्पादनलाई वृद्धि गर्न परिवर्तनशील साधनहरूलाई मात्र परिवर्तन गर्न सकिन्छ। जस्तै श्रम, कच्चा पदार्थ आदि दीर्घकालमा सबै साधनहरू परिवर्तनशील हुन्छन्। यस अध्ययनसँग सम्बन्धित अवधारणात्मक ढाँचालाई निम्न अनुसार प्रस्तुत गरिएको छ।




**कार्यात्मक ढाँचा (Functional Framework)**

यस अध्ययनमा विषयवस्तुसँग सम्बन्धित निम्नअनुसारको कार्यात्मक ढाँचालाई चित्रात्मक रूपमा प्रस्तुत गरिएको छ :



## अध्याय तीन (CHAPTER THREE)

## अध्ययन विधि र प्रक्रिया (PROCESS AND METHOD OF THE STUDY)

अध्ययन अनुसन्धानको लागि आवश्यक सामग्रीको सङ्कलन सामग्रीहरूको स्रोत, परीक्षणको समग्र प्रक्रियालाई शोधविधि भनिन्छ। कुनै पनि अनुसन्धानलाई सफल बनाउनको लागि अध्ययन विधिको उच्च स्थान रहन्छ। पूर्व निर्धारित विधि एवम् निश्चित प्रक्रियाको आधारमा कुनै पनि अध्ययन अनुसन्धानलाई पूरा गरिन्छ। यस अध्ययन अनुसन्धानअन्तर्गत अनुसन्धान ढाँचा तथ्याङ्क स्रोत, नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषणको सैद्धान्तिक आधार तयार गर्नु पर्दछ। प्रस्तुत शोधकार्यका लागि निम्न अध्ययन विधिको प्रयोग गरिएको छ ।

### अनुसन्धान ढाँचा (Research Design)

अनुसन्धानका सबै क्षेत्रको अन्तरविरोधलाई हटाउने गरी अनुसन्धान ढाँचा तयार गर्नु पर्दछ। अनुसन्धानको उद्देश्य अनुरूप अन्तर्वार्ता, प्रश्नावली, छलफल, तथ्याङ्क सङ्कलन र विश्लेषणसम्मका सबै प्रक्रियाहरू समेटेर बनाइएको एक निश्चित खाका नै अनुसन्धान ढाँचा हो। अनुसन्धान कार्यको पूर्व जानकारी, पूर्व अभ्यास, पूर्व अनुमान लगायत अध्ययनका विभिन्न चरणहरूलाई कसरी सम्पन्न गर्ने भन्ने कुरा अनुसन्धान ढाँचामा गरिन्छ। अनुसन्धान पूर्व नै अनुसन्धानलाई व्यवस्थित रूपमा सम्पन्न गर्नको लागि तयार परिएको वृहत योजनालाई अनुसन्धान ढाँचा भनिन्छ। यस अनुसन्धानमा परिमाणात्मक र गुणात्मक ढाँचाको प्रयोग गरिएको छ।

### तथ्याङ्कको स्रोत (Sources of Data)

अनुसन्धानकर्ताले अनुसन्धानको क्रममा प्रयोग गरिने विभिन्न आँकडाहरूको विवरणलाई तथ्याङ्कको स्रोत भनिन्छ। यस्ता तथ्याङ्कका स्रोतलाई प्राथमिक र द्वितीयक गरी दुई भागमा वर्गीकरण गरिन्छ। तथ्याङ्कलाई कुनै पनि विषयको आँकडाको वर्णन गर्नको लागि प्रयोग गरिन्छ। यस अनुसन्धानमा प्राथमिक र द्वितीयक दुबै स्रोतको प्रयोग गरिनेछ। जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

**प्राथमिक स्रोत (Primary Sources) :** अनुसन्धानकर्ता आफैँले सङ्कलन गरी कुनै पनि विषयवस्तुमा वास्तविक तथ्याङ्क प्राप्त गर्दछन् भने त्यो नै प्राथमिक स्रोत हो। प्रस्तुत

शोध अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि मुख्य स्रोतको रूपमा प्राथमिक तथ्याङ्कलाई लिइएको छ । जसअन्तर्गत अवलोकन, प्रश्नावली, छलफल अन्तर्वार्ता साथै सम्बन्धित क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिहरूबाट प्रत्क्षय रूपमा सोधपुछ गरेर तथ्याङ्क सङ्कलन गरिएको छ ।

**द्वितीय स्रोत (Secondary Sources) :** अनुसन्धानकर्ता बाहेक अन्य व्यक्ति वा संघसंस्थाले पहिले नै सङ्कलन गरेका प्रकाशित वा अप्रकाशित दुबै द्वितीयक स्रोतमा पर्दछन् । प्रस्तुत अध्ययनमा द्वितीय तथ्याङ्कको लागि केन्द्रिय पुस्तकालय र विभिन्न समयमा प्रकाशित लेखहरूबाट लगायत विभिन्न पुस्तक, पत्रपत्रिका, इन्टरनेट, छापा सामग्री, तथा विद्युतीय सामग्रीको प्रयोग गरिएको छ ।

**जनसङ्ख्या नमुना आकार र नमुना छनोट रणनीति (Population and sampling procedures)**

**जनसङ्ख्या (Population) :** अनुसन्धानको क्रममा वस्तु विश्लेषणको गुण अध्ययनमा कुल जनसङ्ख्याको सबै एकाईहरू निधारित छन् । तर चयन गरिएको क्षेत्रको नमुना सर्वेक्षणबाट सम्पूर्ण संस्थाको प्रतिनिधित्व गर्दछ । अनुसन्धानका लागि दिइएको संस्थाबाट छानिएको अंशलाई नमुना भनिन्छ । प्रस्तुत अध्ययनका लागि छानिएको क्षेत्र कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ६ अन्तर्गत जम्मा ३०० घरधुरीमध्ये ११५ घरपरिवारले व्यवसायिक कृषि (तरकारी) पेशा अपनाएका छन् व्यवसायिक पेशा अपनाएका ११५ घरपरिवारमध्ये ६० घरपरिवारलाई अनुसन्धानका लागि नमुनाको रूपमा छनोट गरिएको छ । नमुना छनोटका लागि प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । सङ्कलित तथ्याङ्कलाई काँटछाँट गरी आवश्यक र वास्तविक तथ्याङ्कलाई मात्र व्याख्या विश्लेषण गरिएको छ । गोलभेडा, टाटेसीमी, घिउसीमी, साग, लोकलसिमी, घिरौला, अदुवा, धनिया, मुला, गाजर, काउली, बन्दा, तितेकरेला, प्याज, हरियो फर्सी, सखरखण्ड, तरुल, लौका, इस्कुस, बोडी जस्ता तरकारीहरू उत्पादन हुने गर्दछन् । जसमध्ये गोलभेडा, काउली, साग, बन्दा, खुर्सानी, काक्रो, प्याज, सिमीको लागत लाभ विश्लेषण गरिएको छ ।

**नमुना रणनीति (Sampling strategy) :** सम्पूर्ण जनसङ्ख्यालाई लिइएर अध्ययन गर्न कठिन भएकोले साधन स्रोत र समयको सीमितताको आधारमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा

कास्की जिल्ला मादी गाँउपालिका वडा नं. ६ लाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ। अन्य ठाउँको तुलनामा मादी गाउँपालिका वडा नं. ६ मा बेमौसमी तरकारी खेती गर्ने उपयुक्त वातावरण र अनुसन्धानकर्ताको आफ्नै ठाउँ भएको हुनाले अध्ययनकर्तालाई तथ्याङ्क सङ्कलन गर्न सहज हुने हुँदा उक्त क्षेत्र छनोट गरिएको हो। अध्ययनकर्ताको रुचि र पूर्ण जानकारी भएको क्षेत्र हुनाले किसानहरूको पेशागत अवस्थाका साथै आवश्यक पर्ने विवरण तथा तथ्याङ्कहरू सहजै उपलब्ध हुन सक्ने हुँदा यस क्षेत्रलाई अध्ययनका लागि छनोट गरिएको हो।

**तथ्याङ्क सङ्कलन प्रक्रिया (Data Collection Procedures)**

तथ्याङ्क तीन चरणमा सङ्कलन गरिएको छ। प्रथम चरणमा प्रस्तावना सम्बन्धमा क्याम्पसको आशयपत्र र प्रश्नावली सहित छनोट क्षेत्रमा पुगिएको छ। दोस्रो चरणमा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिनेछ भने तेस्रो चरणमा सङ्कलन गरिएका तथ्याङ्कहरू कोडिङ, डिकोडिङ गरी ढाँचा र सिद्धान्तको आधारमा व्याख्या विश्लेषण गरिएको छ।

**तथ्याङ्क सङ्कलनका साधनहरू (Tools of Data Collection)**

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि अन्तर्वार्ता, अवलोकन, छलफलजस्ता औजारहरूको प्रयोग गरिएको छ। प्रस्तुत अनुसन्धानमा आवश्यक सूचना सङ्कलन गर्नका लागि विभिन्न साधनहरूको प्रयोग गरिएको छ।

**प्रश्नावली (Questionnaire) :** प्रश्नावली प्रश्नहरूको एउटा लिखित सूची हो। कुनै व्यक्ति वा समुहका विचार एवम् प्रवृत्तिको बारेमा खोजी गर्न औपचारिक वा अनौपचारिक रूपमा प्रश्नावलीको प्रयोग गरिन्छ। अन्तर्वार्ता लिनको लागि प्रश्नवलीहरू तयार गरिएको छ। यस अध्ययनमा आवश्यक पर्ने तथ्याङ्कहरूजस्तै तरकारी खेती गर्ने घरपरिवार, लागत, लाभ, तरकारी उत्पादनमा देखिएका समस्याहरू र साधनका उपायहरू आदिका बारेमा खुला तथा बन्द पश्नावली तयार गरिएको छ।

**अन्तर्वार्ता (Interview) :** अन्तर्वार्ता उद्देश्यमूलक र व्यवस्थित तरिकाले कुराकानी गर्ने एउटा प्रक्रिया हो। प्रश्नावली, अवलोकन र परिक्षण जस्ता साधनहरूबाट सङ्कलन गर्न नसकिएका तथ्याङ्कहरू अन्तर्वार्ताबाट प्राप्त गर्न सकिन्छ। प्रस्तुत अध्ययनमा प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता विधि प्रयोग गरिएको छ। यस अध्ययन परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई

व्यवसायी तथा उत्तरदातासँग आमनेसामने रूपमा बसी प्रश्नोत्तरको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

**छलफल (Discussion) :** प्रस्तावित अध्ययनको उद्देश्य पूरा गर्नको लागि अन्तर्वार्तामार्फत तथ्याङ्क सङ्कलन गरिसकेपछि अध्ययनलाई मुर्त रूप दिन अनुसन्धानकर्ता स्वयम् उपस्थित भई सहभागीहरूलाई राखेर सामूहिक छलफलको आयोजना गरिएको छ । छलफलमा बेमौसमी तरकारी खेतीको सुरु, वार्षिक आम्दानी र तरकारी खेतीको समस्याहरूको बारेमा छलफल गरिएको छ ।

**तथ्याङ्क सङ्कलन प्रविधि (Techniques of Data Collection)**

यो शोधपत्रको अध्ययनलाई पूर्णता दिनको लागि अन्तर्वार्ता प्रश्नावली, छलफल र अवलोकन जस्ता तथ्याङ्क सङ्कलनका विधिहरूको प्रयोग गरिएको छ ।

**प्रश्नावली (Questionnaire) :** यस अध्ययनका साधारण अन्तर्वार्ता लागि प्रश्नावली गरिएको छ । उद्देश्यमूलक प्रश्नालीहरू तयार गरिएको छ ।

**प्रत्यक्ष अवलोकन (Direct Observation) :** यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न नमुना छनोटमा परेका घरपरिवारमा अनुसन्धानकर्ता स्वयम् उपस्थिति भई कृषकहरूको आर्थिक, शैक्षिक, लागत, लाभको प्रत्यक्ष अवलोकन गरी आवश्यक तथ्याङ्क प्राप्त गरिएको छ ।

**तथ्याङ्क विश्लेषण (Data Analysis)**

सङ्कलन गरिएका तथ्याङ्कहरूलाई सङ्क्षेपीकरण गर्ने, सङ्गठन गर्ने, विभिन्न एकाईहरूमा वर्गीकरण गर्ने र ढाँचाबद्ध गरी ठोस निष्कर्षमा पुऱ्याउने कार्य तथ्याङ्क विश्लेषणले गर्दछ । कुनै पनि अध्ययनलाई सफलता प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तथ्याङ्क सङ्कलनको क्रममा उपलब्ध स्रोत र सामग्रीलाई उपयुक्त शीर्षक तालिका, स्तम्भ र प्रतिशतको माध्यमबाट प्रस्तुत गरी देखाइएको छ ।

**नीतिगत प्रावधान (Ethical Consideration)**

यस अध्ययनमा आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्दा उनीहरूको मूल्य मान्यता भाषा, धर्म र संस्कृतिमा असर पारिने छैन् । सम्बन्धित व्यक्तिहरूसँग अनुमति लिएर मात्र तथ्याङ्क सङ्कलन गरिएको छ । अन्तर्वार्ताको क्रममा उनीहरूसँग घनिष्ट सम्बन्ध राखिएको

छ । उनीहरूबाट आएको उत्तरलाई जस्ताको तस्तै राखी अध्ययनको उद्देश्य पूरा गर्नको निमित्त मात्र प्रयोग गरिएको छ । अध्ययनमा सरोकारवाला व्यक्तिसँग अनुमति लिई उनीहरूबाट प्राप्त सूचनालाई गोपनियतामा राखी अध्ययन कार्य गरिएको छ । यस अनुसन्धानमा तरकारीको लागत-लाभको अवस्थाको बारेमा त्रिभुवन विश्वविद्यालयले तयार गरेको अनुसन्धान ढाँचाको मापदण्डमा रही व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय चार (CHAPTER FOUR)

# तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

# (ANALYSIS AND INTERPRETATION DATA)

विभिन्न विधि र प्रक्रियाको अवलम्बन गरी तथ्याङ्कहरू सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्कलाई यस अध्ययनमा प्रस्तुत गरिएको छ । विभिन्न माध्यमबाट सङ्कलन गरिएका कोरा तथ्याङ्कबाट जानकारी तथा सूचना प्रस्ट नहुने हुँदा प्रस्ट सूचना र मार्गचित्र प्रस्तुत गर्नका लागि तथ्याङ्कको विश्लेषण महत्त्वपूर्ण चरण हो । यस अध्ययनलाई पुरा गर्नका लागि विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कलाई विभिन्न बुँदाहरूमा विभाजन गरी निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## कास्की जिल्लाको परिचय (Introduction of Kaski District)

कास्की जिल्ला नेपालको संघिय संरचना अनुसार गण्डकी प्रदेश अन्तर्गत अवस्थित पर्यटकीय जिल्ला हो । यो जिल्ला अन्नपूर्ण हिमश्रृङ्खला तथा माछापुछ्रे हिमालको काखमा रेको छ । भौगौलिक, सांस्कतिक एवम् वातावरणीय विविधताको कारण यस जिल्ला अनुपम पर्यटकीय केन्द्रको रूपमा विश्वमा प्रसिद्ध छ । क्षेत्रफल र जनसङ्ख्याको हिसाबले ७७ जिल्लाहरू मध्य क्रमश सत्ताइसौँ र उन्नाइसौँ स्थानमा रहेको यस जिल्लाको सदरमुकाम पोखरा महानगर अन्तर्गतको पोखरा सहरले नेपालकै सुन्दर र सफा नगरको रूपमा पहिचान राखेको छ । आ.व. २०६७/६८ मा यस जिल्ला देशको पहिलो खुला दिशामुक्त जिल्ला घोषणा भएको थियो । नेपालको राजधानी काठमाडौँ देखि करिव २०० किलोमिटर पश्चिममा रहेको यो जिल्ला प्राकृतिक रूपले अत्यन्त मनोरम स्थान हो ।

**भौगोलिक अवस्था (Geographieal situation) :** विश्व मानचित्रमा यस जिल्लाको अवस्थिति २८° ०६" उत्तरी अक्षांश देखि २८° ३६" उत्तरी अक्षांश सम्म र ८३० ४०" पूर्व देशान्तरदेखि ८४० १२" पूर्वी देशान्तर सम्म फैलिएको छ । यस जिल्लाको सिमानामा पूर्वमा तनहुँ र लमजुङ, पश्चिममा पर्वत र म्याग्दी, उत्तरमा मनाङ र दक्षिणमा स्याङ्जा जिल्ला पर्दछन् । यस जिल्लाको क्षेत्रफल २०१,७०० हेक्टर रहेको छ । यो जिल्लाको आकार वृत्तकार छ भने फैलावट करिब ७० किलोमिटरको हवाई दुरीमा पूर्व-पश्चिम एवम् उत्तर दक्षिण फैलिएको छ । समुन्द्र सतहदेखि मादी नदीको किनारमा करिब ४५० मिटर, सेती नदीको

कोसे स्थिर गल्छी करिब ५५० मिटर र मादी नदीको विरेठाटी नजिक लगभग ९५० मिटर उचाईमा यस जिल्लाको होचो भाग अवस्थित छ । उत्तरको अग्लो अन्नपूर्ण श्रृङ्खला सधैँ हिउले ढाकीरहन्छ र ११ वटा विभिन्न हिमशिखरहरू ७,००० मिटर भन्दा बढी उचाईका छन् । यी मध्ये अन्नपूर्ण प्रथम (८,०९१) मिटर यसै जिल्लाको उत्तर पश्चिम सिमानामा पर्छ भने अति मनमोहक कुमारी चुचुरा, भर्जिन, पिक माछापुन्छे हिमाल (६,९९३) मिटर जिल्लाको उत्तरी मध्य भागमा पर्दछ । उत्तर तर्फको मनमोहक हिमश्रृङ्खला, सेती नदीको गहिरो गल्छी, उपत्यका र ताल-तलैया यस जिल्लाका आभुषण हुन् ।

**जिल्लाको जनसांख्यिक अवस्था (Population Status of Kaski District) :** वि.सं. २०७८ को ११ औँ राष्ट्रिय जनगणना अनुसार कास्की जिल्लामा जम्मा घरसङ्ख्या १२०५९४ र कुल जनसङ्ख्या ६००, ०५१ छ । जसमा पुरुष २,९२,७९१ र महिला ३,०७,२६० जना रहेका छन् । यस जिल्लाको जनसङ्ख्या वृद्धिदर १.८९ प्रतिशत रहेको छ भने जनघनत्व २९७ प्रति वर्ग कि.मि. रहेको छ । त्यसैगरी औषत परिवार संख्या ३.६७ र लैङ्गिक अनुपात ९५.४४ रहेको छ । यस जिल्लामा गुरुङ, ब्राह्मण, क्षेत्री, मगर, नेवार, थकाली, विश्वकर्मा, परियार आदि जातका मानिसहरू मुख्य रूपमा बसोबास गर्दछन् ।

**प्रशासनिक वितरण (Administrative Description) :** कास्की जिल्लामा देशकै ठूलो महानगरपालिकाको रूपमा परिचित पोखरा महानगरपालिका र माछापुच्छे, अन्नपूर्ण, मादी र रूपा गरी चारवटा गाउँपालिका रहेका छन् ।

**हावापानी (Climate) :** भौगोलिक विविधता भएकैकारण कास्की जिल्लामा एकै समयमा ठाउँ अनुसार फरक-फरक हावापानी पाइन्छ । यस जिल्लामा समशितोष्ण देखि शीतोष्ण हावापानी रहेको पाइन्छ । हालसम्म पोखरा स्टेशनमा अधिकतम तापक्रम ३७.४ डिग्री र न्युनतम  तापक्रम १.८ डिग्री रहेको तथा अधिकतम कुल ३५७ मिलिमिटर पानी परेको रेकर्डबाट देखिन्छ । नेपालमा सबै भन्दा बढी पानी पनि जिल्ला कास्कीको अन्नपूर्ण गाउँपालिकाको लुम्ले क्षेत्र पर्दछ ।

**मादी गाउँपालिकाको परिचय (Introduction of Madi Municipality)**

कास्की जिल्लाको उत्तर पूर्वमा अवस्थित मादी गाउँपालिका साविकका नामार्जुङ, पर्चि, सिल्दुजुरे, धुमाकोडाँडा, भाचोक, मिजुरेडाडा, सैमराङ, कालिका ६-९, माझठाना २ र ८ र

हंसपुरका ५ र ८ वडाहरू समेटी १२ वटा वडाहरू कायम हुने गरी नेपाल सरकारले मिती २०७३ फागुन २७ गते नेपाल राजपत्रमा प्रकाशन गरी आधीकारीक रूपमा मादी गाउँपालिका घोषणा गरिएको हो । यो गाउँपालिका उत्तर तर्फको प्रसिद्ध अन्नपूर्ण हिमश्रृङ्खलाको काखमा अवस्थित छ । अन्नपूर्ण दोस्रो र चौथो हिमालको दक्षिणी दालबाट उत्पत्ति भएको सप्तगण्डकी नदीको सहायक नदीको रूपमा रहेको मादी नदी यस गाउँपालिकाको समृद्धिको प्रमुख आधार रहेकाले यसै नदीको नामबाट मादी गाउँपालिका नाम रहन गएको हो ।

**भौगोलिक स्थिति (Geographical Situation) :** कास्की जिल्लाको उत्तर पूर्वी भागमा अवस्थित मादी गाउँपालिका ५६३ वर्ग किलोमिटर क्षेत्रफल फैलिएको छ । नेपालको मध्य विन्दु रहेको गाउँपालिकाको रूपमा चिनिने मादी गाउँपालिका ८४° ०१" पूर्वी देशान्तर देखि ८४° १२" पूर्वी देशान्तर सम्म र २८° ११" उत्तरी अक्षांश देखि २८° ३२" उत्तरी अक्षांशमा अवस्थित रहेको छ । यस गाउँपालिकाको पूर्वमा लमजुङ जिल्ला, पश्चिममा पोखरा लेखनाथ महानगरपालिका र माछापुछ्रे गाउँपालिका, उत्तरमा मनाङ जिल्ला र दक्षिणमा पोखरा लेखनाथ महानगरपालिका र रूपा गाउँपालिका पर्दछन् ।

**जनसांख्यिक विवरण (Demographic situation) :** वि.सं. २०७८ सालको ११ औँ राष्ट्रिय जनगणना अनुसार मादी गाउँपालिकामा जम्मा घर सङ्ख्या ४०,९४ र परिवार सङ्ख्या ४,११५ रहेका छन् भने कुल जनसङ्ख्या १६,३१८ छ । जसमा पुरुष ८,१३६(४९.८%) र महिला ८,१८२ (५०.२%) रहेको छ । त्यसैगरी लैङ्गिक अनुपात ९८.६७, पारिवारिक औषत आकार ३।९४, जनसङ्ख्या वृद्धिदर - १.१३ र जनघनत्व २९ रहेको छ ।

**सामाजिक अवस्था (Social situation) :** मादी गाउँपालिकामा विशेष गरी गुरुङ जातीको बाहुल्यता रहेको छ । यसबाहेक ब्राह्मण, कामी, क्षेत्री, दमाई, मगर, धर्ती (भुजेल), सार्की, तामाङ र अन्य जातजातिको पनि बसोबास रहेको छ । मादी गाउँपालिकाको जातिय स्वरूपलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.१

*मादी गाउँपालिकामा बसोबास गर्ने जातजातिहरू*

| क.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गुरुङ | ८४०२ | ५१.५९ |
| २. | ब्राह्मण | ५४६२ | ३३.४७ |
| ३. | कामी | १०५० | ६.४ |
| ४. | क्षेत्री | ७५८ | ४.६ |
| ५. | दमाई | ३१५ | २ |
| ६. | मगर | २०८ | १.२ |
| ७. | घर्ती (भुजेल) | ५८ | ०.३५ |
| ८. | सार्की | ४५ | ०.२७ |
| ९. | अन्य | २० | ०.१२ |
| जम्मा | | १६३१८ | १०० |

स्रोत : घरधुरी सर्वेक्षण २०७६ ।

तालिका नं. १ मा मादी गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूको अवस्थालाई देखाइएको छ । जसमा ८,४०२ अर्थात (५१.५९%) गुरुङ, ५४६२ अर्थात (३३.४७%) ब्राह्मण, १०५० अर्थात (६.४%), कामी, ६५८ अर्थात (४.६%) क्षेत्री, ३१५ अर्थात (२%) दमाई, २०८ अर्थात (१.२%) मगर, ५८ अर्थात (०.३५%) भुजेल, ४५ अर्थात (०.२७%) सार्की र २० अर्थात (०.१२%) अन्य जातजातिहरू रहेका छन् ।


तालिका नं. ४.२

*मादी गाउँपालिकामा बोलिने प्रमुख भाषाहरू*

| क.सं. | प्रमुख भाषा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेपाली | ८६८८ | ५३.२६ |
| २. | गुरुङ | ७४२० | ४५.४७ |
| ३. | मगर | १५० | ०.९१ |
| ४. | अन्य | ६० | ०.३६ |
| जम्मा | | १६३१८ | १०० |


स्रोत : घरधुरी सर्वेक्षण २०७६ ।

तालिका नं. २ मा मादी गाउँपालिकामा बोलिने प्रमुख भाषाहरूलाई देखाइएको छ । जसमा सबै भन्दा भन्दा बढी ८,६८८ अर्थात (५३.२६%) नेपाली भाष बोल्ने ७,४२० अर्थात (४५.४७%) गुरुङ भाषा बोल्ने, १५० अर्थात (०.९१%) मगर भाषा बोल्ने र ६० अर्थात (०.३६%) अन्य भाषा बोल्नेहरू रहेका छन् ।




*चित्र नं. ४.१*

मादी गाउँपालिकामा बसोबास गर्ने जातजातिहरू




*चित्र नं. ४.२*

मादी गाउँपालिकामा बोलिने प्रमुख भाषाहरू

**पूर्वाधारको अवस्था (Situation of Infrastructures) :** जनताहरूको जिवनस्तरमा सुधार गरी जनता सुखी र खुसि हुनको लागि कुनै पनि ठाउँको सम्वृद्धि र विकास अपरिहार्य हुन्छ। मादी गाउँपालिकाको पूर्वाधारको अवस्थालाई तल विभिन्न उपशीर्षकमा उल्लेख गरिएको छ।

**१) स्वास्थ्य**

मादी गाउँपालिका भित्र जम्मा १४ वटा स्वास्थ्य संस्थाहरू रहेका छन्। जसमध्य ७ वटा स्वास्थ्य चौकीहरू, ६ सामुदायिक स्वास्थ्य इकाई र १ प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। भौगोलिक क्षेत्र अनुसार तप्राङ्ग, मिजुरेडाँडा, भाचोक, पार्चे, याङजाकोट, देउराली, खिमाजे ताङतिङमा स्वास्थ्य चौकी रहेका छन् भने मादवेसी, तारकाङ, खिलाङ, ध्यामराङ, चाँसु, छाचाकेमा सामुदायिक स्वास्थ्य इकाई छन्। गाउँपाकिलामा जम्मा ६६ जना स्वास्थ्य कर्मीको दरबन्दी स्वीकृत छ भने हाल ४६ जना कार्यरत रहेका छन्। थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्रमा ३ सैयाको अस्पताल रहेको छ भने गाउँपालिका भित्र ७ वटा स्वास्थ्य संस्थामा प्रसुती सेवाको सुविधा उपलब्ध छ।

**२) खानेपानी**

मादी गाउँपालिकामा प्रशसत पिउने पानीको स्रोत रहेको भएता पनि व्यवस्थित रूपमा सबै घरघरमा पुगेको छैन्। गाउँपालिकाको तथ्याङ्क अनुसार घरमै पानी पुगेको ६५.८७ प्रतिशत, सार्वजनिक धारा २८.०७९ प्रतिशत, नढाकिएको कुवा ०.३२ प्रतिशत, मुलको पानी २.५७ प्रतिशत नदी तथा खोलाको पानी ०.१८ प्रतिशत र अन्य २.९७ प्रतिशत घरपरिवार रहेका छन्। खानेपानी ल्याउन लाग्ने समय अनुसार घरमै भएको ६५.८७ प्रतिशत, १५ मिनेट सम्मको दुरीमा ०.२७ प्रतिशत, ३० मिनेट सम्मको दुरीमा ३.७५ प्रतिशत, ३० मिनेट भन्दा बढी ०.८८ प्रतिशत र नखुलाईएको २.९७ प्रतिशत घरपरिवार रहेका छन्।

**३) सरसफाई**

मादी गाउँपालिकाको तथ्याङ्क २०७६ अनुसार सेफ्टी टेङकी सहित फलस भएका घरहरू ८७.२० प्रतिशत, सेफ्टी टेङकी नभएका शौचालय ०.२३ प्रतिशत, साधारण १२.०३ प्रतिशत, नभएको ०.५३ प्रतिशत, घरपरिवार रहेका छन्। विभिन्न वडामा रहेका सार्वजनिक शौचालयहरू सिम्लेस वसपार्क, खिलाङ वसपार्क, पर्चि धप्राङथर र गैरिथर सिक्लेस, गैरिथर र

दलित टोल ताङतीङ, क्यादुक्रमी, कजिघर पण्डितटोल, माखु, सेतिखोला, याञ्जाकोट, थुमाकोडाँडा, गाउँपालिका भवन, चिप्ली, भवती बजार आदि छन् । गाउँपालिकाका विभिन्न टोल विकास संस्थाहरूले सरसफाईको क्षेत्रमा कार्यहरू गर्न सुरु गरेका छन् । गाउँपालिकाको तथ्याङ्क अनुसार फोहोर मैला सिर्जन गर्नेमा जलाउने ५३.३६ प्रतिशत, कम्पोठट मल बनाउने ३०.९७ प्रतिशत, व्यवस्थित डस्टविनमा राख्ने ११.०१ प्रतिशत यत्रतत्र फाल्ने ०.३७ प्रतिशत र अन्य ४.२९ प्रतिशत घरपरिवार रहेका छन् ।

### ४) इन्धन तथा विद्युत

मादी गाउँपालिकामा मुख्य इन्धनको स्रोत दाउरा नै हो । जुन सामुदायिक , संरक्षित तथा निजी बनबाट ल्याउने गरिन्छ । गाउँपालिकाको तथ्याङ्क २०७६ अनुसार दाउरा प्रयोग गर्ने घर परिवार ८२.४७ प्रतिशत, एलपि ग्याँस प्रयोग गर्ने घर परिवार १०.९७ प्रतिशत, ब्यायो ग्याँस २.८० प्रतिशत, मट्टितेल, ०.२ प्रतिशतले रहेका छन् । त्यसैगरी मादी गाउँपालिकामा बत्तीको मुख्य स्रोतमा विद्युत प्रोग गर्ने घरपरिवारको सङ्ख्या ९५.६१ प्रतिशत, सोलार ३.७३ प्रतिशत, वायोग्याँस २.८० प्रतिशत मट्टितेल ०.४६ प्रतिशत रहेका छन् ।

### ५) सुचना तथा सञ्चार

मादी गाउँपालिकामा विभिन्न ठाउँहरूमा टेलिफोन, एफ एम. रेडियो, पत्र पत्रिका, इन्टरनेट, अतिरिक्त हुलाक कार्यालय, टेलिभिजन आदिमा सामान्य पहुच रहेको छ । यी सुविधाहरू प्रयाप्त र गुणस्तरीय छैनन् ।

### ६) सडक तथा यातायात

मादी गाउँपालिकामा कुनै आधासम्म पक्की (पिच) गरिएको छ भने अरू सबै धुले र कच्ची बाटोहरू छन् । मुख्य गरी राखी-मिजुरे मोटरबाटो, कसेरी-भैसे-याञ्जाकोट मोटर बाटो, काहुखोला दुधपोखरी मोटर बाटो, प्रमुख बाटाहरू हुन् । साथै मादीकरिडोर थुम्सिकोट-भाचोक, भगवती-सैमराङ, काउरे-ज्याम्दु-ताङतिङ, सौरे-लिपियानी-हाडीखोला, मिजुरे-रबै-पोसी, थुम्सिकोट-मुश्रीबेसी, काउरे-सप्राङ-सिक्लेस, आदि यातायात सञ्चालन भएकाबाटाहरू हुन् । यी सबै बाटोहरूमा बाह्रै महिना मोटर चल्न गाह्रो छ । प्रत्येक वडाबाटा मुल सडक र गाउँपालिकाको कार्यालय जोड्ने सडकहरूको विस्तार कार्य भैरहेको छ ।

मादी गाउँपाकिलाका विभिन्न सडकहरूमा नियमित सार्वजनिक बस सेवा तथा अन्य मोटर, ट्याक्टर, ट्रक, मोटर साइकल, ट्याक्सी, आदि यातायातका साधनहरू सञ्चालनमा रहेका छन् । वर्षातको समयमा बाढी पहिरोका कारणले नियमित यातायात सञ्चालन हुन कठिनाई हुने गरेको छ । गाउँपालिकामा विभिन्न मोटरेबल तथा झोलुङगे पुलहरू रहेका छन् । जसमा मादी नदीमा, भगवती, मादवेसी र विजयपुरमा मोटरेबल पुल रहेका छन् भने मादी, विजयपुर, चिप्ली, सेतीखोला, बर्दी रुदी, घट्टेखोला आदि खोलाहरूमा झोलुङ्गे पुलहरू छन् ।

### ७) साक्षरता र विद्यालय तथा क्याम्पसको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार मादी गाउँपालिकाको कुल जनसङ्ख्या १६३१८ मध्य ७७.४३ प्रतिशत जनसङ्ख्या साक्षर छन् भने बाँकी २२.५७ प्रतिशत जनसङ्ख्या निरक्षर छन् । पुरुष साक्षरता ८६.०३ प्रतिशत र महिला साक्षरता ६८.९६ प्रतिशत रहेको छ ।

देशमा विकासको मुख्य मेरुदण्ड शिक्षा नै हो । त्यसैले यसै मान्यतालाई आधार मानी मादी गाउँपालिकामा पनि विभिन्न नीजि तथा सरकार विद्यालय तथा क्याम्पसहरू स्थापना गरिएका छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका नं. ४.४

*मादी गाउँपालिकामा विद्यालय तथा क्याम्पसको अवस्था*

| शिक्षण संघ संस्था | सङ्ख्या |
|---|---|
| बालकक्षा | ४३ |
| आधारभूत प्रा.वि. (१-५) | ३५ |
| आधारभूत नि.मा.वि. (१-८) | ७ |
| माध्यमिक (१-१०) | १० |
| माध्यमिक (१-१२) | २ |
| सामुदायिक अध्ययन केन्द्र | ४ |

स्रोत : शैक्षिक तथ्याङ्क २०७८ ।

तालिका नं. ४ मा मादी गाउँपालिकाको विद्यालय तथा क्याम्पसको विवरण देखाइएको छ। जसअनुसार बालकक्षा, ४३, आधार भूत प्रा.वि. (१-५) ३५, अधारभूत नि.मा.वि. (१-८) ७, माध्यमिक (१-१०) १०, माध्यमिक (१-१२) २ र सामुदायिक अध्ययन केन्द्र ४ रहेका छन्।




*चित्र नं. ४.४*

मादी गाउँपालिकामा विद्यालय तथा क्याम्पसको अवस्था

**आर्थिक अवस्था (Economic situation) :** मादी गाउँपालिका प्रोफाईल २०७५ अनुसार यस गाउँपालिका भित्रका ४११५ घरपरिवार मध्य २७३३ कृषि तथा पशुपालनमा संलग्न छन्। त्यसै गरी १४७ परिवार जागिर/नोकरी, ८ परिवार उद्योग, १४७ परिवार व्यापार, १९४ परिवार ज्याला मजदुरी, १४ परिवार व्यवसायिक कार्य (पत्रकार, पुजारी, वकिल) ५८२ परिवार बैदेशिक रोजगारी र १९२ अन्य पेशामा संलग्न छन्। मादी गाउँपालिकाको आर्थिक विश्लेषण गर्दा निम्न उपशीर्षकमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ।

## (१) कृषि तथा पशुपालन

मादी गाउँपालिका प्रोफाईल २०७५ अनुसार यस गाउँपालिका भित्र कृषि उत्पादनमा उन्नबाली अन्तर्गत मुख्य धान, मकै, गहु र कोदो रहेका छन्। त्यसैगरी दलहन वाली अन्तर्गत मास, सिमी, भट्टमास, तोरी, गहत र अडर रहेका छन् भने नगदेवाली अन्तर्गत

कफी, अलैची, ऊखु, तरकारी  मौसमी र बैमौसमी, रहेका छन् । यसैगरी गाउँपालिकामा पशुपालनको रूपमा भैँसी, गोरु, गाई, बाख्रा, भेडा कुखुरा र सुगुर पालिएको पाइन्छ ।

### २) घरेलु तथा साना उद्योग

यस गाउँपालिकामा परम्परागत रूपमा चोयाको डोको नाङ्लो, नाम्लो, थुन्से, स्याखु, भकारी, चित्रो, डालो, कुचो जस्ता घरयासी, सामग्रीहरू बनाउने गरिन्छ । यसैगरी उनबाट राडी पाखी भाङग्रा आदि बुनिन्छ । पछिल्लो समयमा ढुङ्गा, ब्लक बनाउने, कर्निचर बनाउने, कुटनी पिसनी आदि उद्योगहरू सञ्चालनमा छन् ।

### ३) ग्रामिण पर्यटन

मादी गाउँपालिका पर्यटन विकासको सम्भावना धेरै भएको ठाउँ हो । ग्रामिण पर्यटन तथा घरवासका लागि प्राकृतिक र सांस्कृतिक सम्पदाहरू छन् भने बस्नको लागि होम स्टेको सुरुवात सिक्लेस, थाक, ताङतिङ, याञ्जाकोट आदि ठाउँहरूमा सञ्चालन गरेको पाइन्छ ।

### ४) भु-उपयोग

मादी गाउँपालिकाको भूमि सबै ठाउँमा समान किसिमको छैन, बसाईसराईका कारणले कृषि भूमि तथा बस्तीको क्षेत्रफल -९.०६ प्रतिशतले घटन गएको छ । भने बनजङ्गलको क्षेत्रफल वृद्धि भएको छ । यस गाउँपालिकाको भू-उपयोग र परिवर्तनको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.५

*भू-उपयोगमा परिवर्तनको अवस्था*

| क.सं. | भु-उपयोगको प्रकार | भु-उपयोग (वर्ग कि.मी.) | | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|
| | | सन् २००० | सन् २०१७ | |
| १. | कृषि भूमि तथा वस्ती | ७१.०९ | ६४.६४९ | -९.०६ |
| २. | वन जंगल | ३०१.५५ | २९.८६४ | २.२४ |
| ३. | ब्यारिन भूमि | ४०.३९ | ५४.४१८ | -२६.०६ |
| ४. | घाँसे भूमि | ५४.७१ | १०.३५२ | -०.५३ |
| ५. | झाँडी क्षेत्र | १०.६ | ८१.५५१ | -२.३४ |
| ६. | हिम क्षेत्र | ६८.४१ | ६.९५०८ | १९.२१ |
| ७. | भिर पहरा | ६.९४ | ४.९६०६ | ०.१६ |
| ८. | बलौटे तथा कङकट | ८.०५ | ०.०६६५ | -३९.१९ |
| ९. | नदि किनार | ०.९६ | १.०६६५ | ०.०७ |
| १०. | ताल तथा कुण्ड | ०.३२ | ५६३ | २३३.२७ |
| | जम्मा | ५६३ | | |

स्रोत : Topagraphical map, 2000 र Google map 2017

तालिका नं. ५ मा भू-उपयोगमा परिवर्तनको अवस्थालाई देखाइएको छ। जसअनुसार कृषि भूमि तथा बस्ती - ९.०६%, बनजङ्गगल २.२४ प्रतिशत, ब्यारेन भूमि - २६.०६ प्रतिशत, घाँसे भूमि -०.५३ प्रतिशत, झाडी क्षेत्र -२.३४ प्रतिशत, हिम क्षेत्र १९.२१ प्रतिशत, भिर पहरा ०.१६ प्रतिशत, बलौटे -३९.१९ प्रतिशत नदी किनार ०.०७ प्रतिशत र ताल कुण्डमा २३३.२७ प्रतिशतले परिवर्तन भएको छ।

## ५) बैङ्क तथा वित्तिय संघसंस्था

मादीगाउँपालिकामा आर्थिक कारोवारका लागि commercial bank वित्तिय संघसंस्था तथा सहकारीहरू रहेका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका नं. ४.६

*मादी गाउँपालिकामा रहेका वित्तिय संघसंस्थाहरू*

| क.सं. | वित्तिय संस्थाहरू | सङ्ख्या |
|---|---|---|
| १. | बैंक | ३ |
| २. | सहकारी | १९ |
| ३. | लधुवित्त संस्थान | २ |
| ४. | इन्सुरेन्स | १ |

स्रोत : मादी गाउँपालिका २०८० ।

तालिका नं. ६ मादीगाउँपालिकामा रहेका वित्तिय संघसंस्था देखाइएको छ । जस अनुसार commerical bank ३, लधुवित्त संस्थान २, सहकारी १९, र इन्सुरेन्स १ वटा रहेका छन् ।




चित्र नं. ४.५

*मादीगाउँपलिका रहेका वित्तिय संस्थाहरू*

**उद्देश्य नं. १**

**बैमौसमी तरकारी खेतीको वर्तमान अवस्था (Current situation of non seasonal vegetable)**

बैमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण गर्नको लागि कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ६ अन्तर्गत व्यवसायिक कृषि (तरकारी) पेशा अपनाएका ११५ घरपरिवारमध्ये ६० घरपरिवारलाई यस अध्ययनमा अनुसन्धानका लागि छनौट गरिएको हो । विगत वर्षहरूबाट नै सामान्यतया बैमौसमी तरकारी खेतीको सुरुवात भए पनि यसलाई अलि व्यवस्थित र व्यवसायिक रूपमा वि.सं. २०७५/०७६ सालबाट गरिएको हो । यस क्षेत्रको माटो मलिलो तथा तरकारीबालिको लागि आवश्यक पर्ने सिचाईको सुविधा उपलब्ध जमिन हुनुका साथै बेमौसमी तथा मौसमी तरकारीको लागि उपयुक्त हावापानी र पूर्वाधार उपलब्ध भएको कारण यहाँका किसानहरू तरकारी खेतीमा आकर्षित हुँदै आएको पाइन्छ । बैमौसमी तरकारी खेतीको लागि कृषकहरूले सहकारी संस्था, आफन्त बाट ऋण लिइएर तथा गाउँपालिका र वडा बाट पाउने विभिन्न अनुदानहरूको सहयोगबाट करिब ३९२ रोपनी जग्गामा लगाइएको मुख्य बेमौसमी तरकारी बाली काउली, बन्दा, गोलभेडा, सिमी, खुर्सानी, काक्रो र प्याज जस्ता बेमौसमी तरकारी बाली मुख्य रूपमा रहेको स्थलगत, सर्वेक्षणमा पाइएको छ । ६० घरपरिवार मध्य अधिकांश सबै घरपरिवारले आफ्नै जग्गामा तरकारी खेती गरेको पाइयो । तरकारी उत्पादनको लागि स्थाई कामदारको रूपमा घरपरिवारले नै कार्य गर्ने र आवश्यक परेको बेला अन्य दैनिक ज्यालादारी श्रमिक पनि लगाइने गरेको पाइयो । अध्ययनको क्रममा गरिएको स्थलगत सर्वेक्षण अनुसार तरकारी खेतीको लागि आवश्यक पर्ने बिऊ मल, किटनाषक औषधी, भिटामिनको लागि गाउँपालिकाको कृषि विशेषज्ञको सल्लाह र सुझाव/सहयोग लिनुका साथै पोखरा महानगर १३ मा रहेको काहुखोला एग्रेभेड बाट खरिदको व्यवसथा मिलाउनुका साथै तरकारी विक्री वितरणको लागि वडाले पनि सहजिकरण गर्नुका साथ पोखरा बजारमा पनि लैजाने गरेको पाइयो ।

तालिका नं. ४.७

*अध्ययन क्षेत्रको नमुना घरधुरी विवरण*

| वडा नं. | जम्मा घरधुरी | बेमौसमी तरकारी खेती गर्ने घरधुरी | नमुना छनौटमा परेका बेमौसमी तरकारी खेती गर्ने घरधुरी |
|---|---|---|---|
| ६ | ३०० | ११५ | ६० |

स्रोत : स्थलगत अध्ययन २०८० ।

**कृषकको पारिवारिक विवरण (Details of Farmer's Family) :** व्यमौसमी तरकारी खेती गर्ने कृषक व्यवसायिको समग्र अवस्था पत्ता लगाउनको लागि कृषक परिवारको उमेरगत विवरण, लैङ्गिक विवरण, जाति गत उपशीर्षकहरूमा व्याख्या गरिएको छ। कृषक ब्यवसायिको स्थलगत सर्वेक्षणबाट पत्ता लगाइएको पारिवारिक विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.८

*कृषक व्यवसायिको पारिवारिक विवरण*

| उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-५ | २६ | १७.६८ | २२ | १२.८६ | ४८ | १५.०९ |
| ६-१४ | १९ | १२.९२ | २७ | १५.७८ | ४६ | १४.४६ |
| १५-५९ | ९१ | ६१.९२ | १०१ | ५९.०८ | १९२ | ६०.३९ |
| ६० माथि | ११ | ७.४८ | २१ | १२.२८ | ३२ | १०.०६ |
| जम्मा | १४७ | १०० | १७१ | १०० | ३१८ | १०० |

स्रोत : स्थलगत अध्ययन २०८० ।

तालिका नं. ४.८ मा छनोट गरिएका घरपरिवारको कुल जनसङ्ख्या ३१८ छ जसमा पुरुषको सङ्ख्या १४७ छ भने महिलाको सङ्ख्या १७१ रहेको छ। छनोट गरिएका घर परिवारको ०

देखि ५ वर्ष उमेर समुहको सङ्ख्या ४८ जसमा पुरुष २६ र महिला २२ जना छन् त्यस्तै ६ देखि १४ वर्ष उमेर समुहको जनसङ्ख्यामा पुरुष १९ छन् भने महिलाको सङ्ख्या २७ छ १५ देखि ५९ उमेर समुह शारीरिक श्रमको लागि योग्य उमेर मानिन्छ। जसको सङ्ख्या पुरुष ९१ छ भने महिलाको सङ्ख्या १०१ रहेको छ। ६० वर्ष भन्दा माथिको उमेरलाई निस्क्रिय मानिन्छ। यसको सङ्ख्या पुरुष ११ र महिला २१ रहेको देखिन्छ।

तालिका नं. ४.९

*जातजातिको आधारमा कृषकको पारिवारिक विवरण*

| विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ब्राह्मण र क्षेत्री | ९७ | ६६ | १०७ | ६२.५८ | २०४ | ६४.१५ |
| अन्य | ५० | ३४ | ६४ | ३७.४२ | ११४ | ३५.८५ |
| जम्मा | १४७ | १०० | १७१ | १०० | ३१८ | १०० |

स्रोत : स्थलगत अध्ययन २०८०

तालिका नं. ४.९ मा यस अध्ययन क्षेत्रमा छनोट घरपरिवारलाई ब्रह्मण, क्षेत्री र अन्य जातजातिको रूपमा वर्गीकरण गरेर देखाइएको छ जसमा ब्रह्मण र क्षेत्री जातको जनसङ्ख्या पुरुष ९७ र महिला १०७ गरी जम्मा २०४ रहेको छ भने अन्य जातजातिमा पुरुष ५० र महिला ६४ गरी ११४ रहेको छ।

**कृषकको परिवारको प्रकार (Types of Farmer's Family) :** अधिकांश कृषि प्रधान समाजमा केहि समय अगाडि सम्म पनि संयुक्त परिवार प्रथाको प्रचलन ब्यापक हुने गर्दथ्यो तर आधुनिकिरणको प्रभाव स्वरूप संयुक्त परिवार टुट्ने क्रममा छ। अध्ययनको लागि छनोट गरिएका घर परिवारको प्रकार तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.१०

*कृषक व्यवसायीको परिवारको प्रकार*

| विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ३४ | ५६.६७ |
| संयुक्त परिवार | २६ | ४३.३३ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन २०८० ।

तालिका नं. ४.१० मा कृषकको परिवारको प्रकारलाई देखाईएको छ । जसमा एकल घर परिवारमा बस्ने घर संख्या ३४ छ भने संयुक्त परिवारमा बस्ने घर संख्या २६ रहेका छन् ।

**उमेर र लैङ्गिक विवरण (Details of Age and Gender) :** यस अध्यनका लागि छनोट भएका घरपरिवारका उत्तरदाताहरूको उमेर र लिङ्ग सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.११

*कृषक उत्तरदाहरूको उमेर र लिङ्ग सम्बन्धी विवरण*

| उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|
| १५-५९ | ३५ | ८७.५ | १७ | ८५ |
| ६० भन्दा माथि | ५ | १२.५ | ३ | १५ |
| जम्मा | ४० | १०० | २० | १०० |

स्रोत : स्थलगत अध्ययन २०८० ।

तालिका नं. ४.११ मा कृषक उत्तरदाताहरूको उमेर र लिङ्ग सम्बन्धी विवरण देखाइएको छ । जसमा १५ देखि ५९ उमेर समुहका पुरुष ३५ म महिला १७ जना थिए भने ६० वर्ष

माथिका पुरुष ५ जना र महिला ३ जना थिए । विशेषगरी कृषिकार्य (तरकारी) उत्पादनमा लाग्ने १५ देखि ५९ सम्मका मानिस बढी र ६० वर्ष भन्दा बढी उमेरका मानिसको सहभागिता कम भएको देखिन्छ ।

**भू-स्वामित्वको अवस्था (Condition of Land ownership) :** यस अध्ययन क्षेत्रमा उत्तरदाताहरू सँगको छलफलको क्रममा अहिले करिब ३९२ रोपनी क्षेत्रफलमा बेमौसमी तरकारी खेती गरिएको जानकारीमा आयो । नमुना छनोटमा परेका सबै मानिसहरूको प्रमुख भू-स्वामित्व र बाच्ने आधार नै जग्गाजमिनबाट प्राप्त हुने उत्पादन र विक्रीबाट प्राप्त आय नै प्रमुख रहेको थियो । छनोट कृषक व्यवसायिकले घरपरिवारको अध्ययनको आधारमा निम्न अनुसारको क्षेत्रफलमा तरकारी खेती गरिएको छ ।

तालिका नं. ४.१२

*कृषक घरपरिवारले तरकारी खेती गरिएको क्षेत्रफल*

| क्र.सं. | जग्गाको विवरण (रोपनीमा) | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ०–२ | १५ | २५ |
| २. | २–४ | २१ | ३५ |
| ३. | ४–६ | १४ | २३.३७ |
| ४. | ६–८ | ८ | १३.३३ |
| ५. | ८ भन्दा माथि | २ | ३.३३ |
| | जम्मा | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन २०८० ।

तालिका नं. ४.१२ अनुसार छनोट गरिएका घरपरिवारमा २ रोपनी सम्म क्षेत्रफलमा बेमौसमी तरकारी खेती गर्ने घरपरिवार संख्या १५, दुई देखि ४ रोपनी सम्मको क्षेत्रफलमा तरकारी खेती गर्ने घरपरिवार संख्या २१, ४ देखि ६ रोपनीमा तरकारी खेती गर्ने घर परिवार

संख्या १४, ६ देखि ८ रोपनीमा बेमौसमी तरकारी खेती गर्ने घरपरिवार संख्या ८, र ८९ भन्दा बढी रोपनीमा बेमौसमी तरकारी खेती गर्ने घर परिवार संख्या २ रहेको छ।

**उद्देश्य नं. २**

**तरकारी उत्पादन र मूल्य विवरण (Situation of Vegetable price nad production) :** यस अध्ययन क्षेत्रमा विशेष गरेर बेमौसमी तरकारी खेतीको रूपमा काउली, बन्दा, गोलभेडा, काक्रो, प्याज, सिमी, सागपात, मुला, आलु, बोडी, खुर्सानी जस्ता तरकारीहरू लगाउने गरिन्छ। छनोट गरिएका सबै घर परिवारका कृषकहरूले काउली, बन्दा, प्याज, खुर्सानी, काक्रो गोलभेडा, सिमी जस्ता तरकारीहरू गरेको पाइयोभेन थोरै घरपरिवारले सिमी, सागपात, लगाउने गरेको पाइयो। बेमौसममा पनि उत्पादन गर्ने हुँदा राम्रो सँग उत्पादन गर्न सके बजार मूल्य राम्रो नै हुने गरेको धारणा सम्बन्धीत किसानहरूको पाइयो।

बेमौसमी तरकारी भएतापनि बजार मूल्य सधैं स्थिर रहदैन उपभोक्ताको मग र पुर्तिले बजारमा तरकारीको मूल्यलाई प्रभाव पारेको हुन्छ। तरकारीको भरखर उत्पादन भई बजार शुरु भएको बेला तरकारीको मुल्य बढी हुने र जब तरकारी बढी उत्पादन भई बजारमा आपूर्ति बढी भएको समयमा तरकारीको मूल्य घट्ने गरेको अनुभव अध्ययनको क्रममा बेमौसमी तरकारी उत्पादक किसानहरूले बताए। तरकारीको बजार मूल्य निश्चित तोक्न नसकिय तापनि किसानहरूले बताए अनुसार मुख्य बेमौसमी तरकारीको औषत बजार मूल्य निम्न अनुसार रहेको अध्ययनको क्रममा देखियो।

तालिका नं. ४.१३

*बेमौसमी तरकारीको औषत मूल्य विवरण २०७९*

| क.सं. | तरकारीको नाम | इकाई | औषत मूल्य | कैफियत |
|---|---|---|---|---|
| १. | काउली | १. के.जि. | रु ५५ | |
| २. | बन्दा | १. के.जि. | रु ४५ | |
| ३. | काक्रो | १. के.जि. | रु ६० | |
| ४. | प्याज | १. के.जि. | रु १०० | आफ्नै खेतवारीमा उत्पादन गर्ने । |
| ५. | गोलभेडा | १. के.जि. | रु ८० | |
| ६. | सिमी | १. के.जि. | रु ९० | |
| ७. | खुर्सानी | १. के.जि. | रु १६० | |
| ८. | ढुवानी खर्च | प्रति के.जि. | रु ३ | स्थानीय बजार सम्म |
| ९. | ढुवानी खर्च | प्रति के.जि. | रु ६ | पोखरा बजार सम्म |

स्रोत : स्थलगत अध्ययन २०८० ।

तालिका नं. ४.१३ मा बेमौसमी तरकारीको औसत मूल्यलाई देखाइएको छ । जस अनुसार काउली प्रति के.जी. औसत मूलय रु ५५ बन्दा प्रति के.जि. रु ४५, काक्रो प्रति के.जि. रु ६० प्याज प्रति के.जि. रु १००, गोलभेडा प्रति के.जि. रु ८०, सिमी प्रति के.जि. रु ९०, खुर्सानी प्रति के.जि. १६० हुने गरेको अध्ययनको क्रममा कृषकहरूले व्यक्त गरे । उत्तरदाताको तरकारीको औषत मूल्य तोक्दा वि.सं. २०७९ सालमा विक्री भएका आधारमा निर्धारण गरिएको छ । व्यापारीहरूले प्रति के.जि. रु ५ नाफा र रु ३ देखि ६ सम्म ढुवानी खर्च कटाई कृषकहरूलाई बुझाएको देखिन्छ । तर तरकारीको मूल्य सधै एकै नभई निकै उतार चढाव आउने र त्यही अनुसार नाफा-घाटा हुने गरेको धारणा कृषकहरूको रहेको पाइयो ।

**बेमौसमी तरकारी खेतीको लागत (Cost of non seasonal vegetable)**

उत्पादन कार्यमा प्रयोग भएका विभिन्न साधनहरूलाई दिइएको मौद्रिक भूक्तानिलाई लागत भनिन्छ । अर्थात वस्तु तथा सेवा उत्पादन क्रममा उत्पादनका साधनहरू भूमि, कच्चा पदार्थ, इन्धन श्रमिकहरूलाई दिइएको भूक्तानि वा रकम नै लागत हो । लागतले लगानी र उत्पादन बिच निर्णय गर्न सहयोग गर्दछ । शून्य लागतमा कुनै पनि वस्तु उत्पादन हुन सक्दैन भने कुनै पनि व्यवसाय, कलकारखाना, उद्योग, कर्महरूको लागत महत्त्वपूर्ण हुन्छ । जस्तै बस्तुको मूल्य निर्धारणमा सघाउ पुऱ्याउन सम्पूर्ण व्यवसायको आर्थिक अवस्थाको यथेष्ट सूचना प्रदान गर्दछ । यस अध्ययनमा पनि बेमैसमी तरकारी खेतीको स्थिर लागत र परिवर्तनशील लागतको व्याख्या गरिएको छ ।

**१) स्थिर लागत**

वस्तु उत्पादनको प्रक्रियामा उत्पादनका स्थाई साधनहरूमा गरिने खर्चलाई स्थिर लागत भनिन्छ । अर्थात उत्पादनका स्थिर साधनरु भूमि, पूँजी, भवन, पूर्वाधार आदिमा गरिने खर्चलाई स्थिर लागत भनिन्छ । अल्पकालमा केही साधनहरू परिवर्तन गर्न सकिदैन अर्थात अल्पकालमा स्थिर साधन भूमि, पूँजीलाई दिइने रकम नै स्थिर लागत हो । यस अध्ययनमा बेमौसमी तरकारी उत्पादन गर्न लाग्ने जमिन, लगान र करलाई स्थिर लागत मानिएको छ ।

**२) परिवर्तनशील लागत**

उत्पादनमा परिवर्तनशील साधनहरूमा गरिने खर्चलाई परिवर्तनशील लागत भनिन्छ । परिवर्तनशील साधनहरूमा श्रमिकको ज्याला, कच्चा पदार्थमा गरिने खर्च, इन्धनको खर्च, विज्ञापन खर्च, दुवानी खर्च आदि पर्दछन् । उत्पादन शून्य हुँदा यो लागत लाग्दैन । उत्पादन बढ्दै जाँदा परिवर्तनशील लागत पनि बढ्दै जान्छ । यस अध्ययनमा छनोट गरिएको बेमौसमी तरकारी खेती अन्तर्गतको परिवर्तनशील लागतमा बिउ, मल, ज्याला, सिँचाई, जोताई, विद्युत, मेसिन, गोडमेल, औषधी, मिटामिन आदिको खर्चलाई समावेश गरिएको छ ।

**३) कुल लागत**

अल्पकालमा कुल स्थिर लागत र कुल परिवर्तनशलि लागतको योगफललाई कुल लागत भनिन्छ । अर्थात अल्पकालिन उत्पादन प्रक्रियामा स्थिर र परिवर्तनशील साधनहरूमा

गरिएको खर्च वा लागतको योगफल नै कुल लागत हो । कुल स्थिर लागत र कुल परिवर्तनशील लागतलाई जोडेमा कुल लागत प्राप्त हुन्छ ।

बेमौसमी तरकारीको कुल लागत = कुल स्थिर लागत+कुल परिवर्तनशील लागत

**बेमौसमी तरकारी खेतीको आय (Revenue of non seasonal vegetable)**

कुनै पनि उद्योग वा व्यवसायबाट उत्पादन गरेका विभिन्न वस्तुहरूलाई विभिन्न मूल्यमा बजारमा विक्री वितरण गरी प्राप्त गर्ने कुल मौद्रिक परिमाण वा रकमलाई आय भनिन्छ । अर्को शब्दमा उत्पादित वस्तुको परिमाणलाई बजार विक्री गरेर  प्राप्त गर्ने कुल मौद्रिक गणना वा परिमाणलाई नै आम्दानी भनिन्छ । अर्थात वस्तुको कुल विक्री परिमाणलाई उक्त वस्तुको मूल्यले गणना गर्दा प्राप्त हुने गुणानफललाई नै कुल आय भन्न सकिन्छ । कुल आम्दानीलाई बजारमा विक्री गरिएको वस्तुको परिमाणले भाग गर्दा प्रान्त हुने आम्दानीलाई औषत आम्दानी भनिन्छ । उत्पादनको थप अतिरिक्त एकाई विक्री गर्दा प्राप्त हुने आम्दानीलाई सिमान्त आम्दानी भनिन्छ । यस अध्ययनमा उत्पादित बेमौसमी तरकारीको विक्रीबाट प्राप्त हुने रकमलाई आम्दानीको रूपमा व्याख्या गरिएको छ ।

**बेमौसमी तरकारी खेतीको लाभ (Profit of non seasonal vegetable)**

कुनै पनि उद्योग वा व्यवसायले उत्पादन गरेको वस्तु विक्रीबाट प्राप्त गरेको कुल आम्दानीबाट उक्त वस्तु, उत्पादन गर्दा लागेको कुल खर्च वा लागत कटाई प्राप्त हुने प्रतिफललाई नाफा भनिन्छ । नाफा सङ्गठन उद्यमी वा व्यवसायीहरूले उत्पादन प्रक्रियामा योगदान गरे बापत प्राप्त गर्ने प्रतिफल हो । उद्यमी वा व्यवसायीले वस्तु उत्पादन गर्ने क्रममा विभिन्न साधनहरूलाई जस्तै कच्चा पदार्थ, श्रम, भूमि, पुँजीलार्य क्रमश मूल्य, ज्याला, लगान र ब्याज प्रदान गर्नु पर्दछ यसलाई लागत भनिन्छ । अर्को तर्फ उत्पादित वस्तु तथा सेवाको विक्री गरी आय प्राप्त गर्दछ यसरी व्यवसायीले प्राप्त गरेको कुल आय बाट कुल खर्च लागतलाई घटाइसके पछि, बाँकी रहेको रकमलाई नाफा भनिन्छ । यस अध्ययनमा बेमौसमी तरकारी खेती पनि नाफाको अभिप्रायले गरेको कुरा स्थलगत सर्वेक्षणको क्रममा पाइयो ।

नाफा = कुल आम्दानी - कुल लागत

**बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण (Cost benefit analysis of the non seasonal vegetable)**

लागत लाभ विश्लेषण कुनै पनि परियोजनाको र व्यवसायको लेखाजोखा वा वाञ्छनीयता विश्लेषण गर्नका लागि प्रयोग हुने एउटा महत्त्वपूर्ण साधन हो । लागत लाभ विश्लेषणमा व्यवसायका लागि लाग्ने लागत तथा व्यवसायबाट प्राप्त हुने आय बिच तुलना गरिन्छ । आर्थिक विश्लेषणको एउटा आधारभूत औजार लागत लाभ विश्लेषण हो जसको आधारमा कुनै पनि व्यवसाय वा परियोजनाबाट प्राप्त हुने फाइदा र यसमा लाग्ने लागतलाई तुलना गरेर व्यवसाय सम्बन्धी निर्णय लिने काम गरिन्छ । आधुनिक समयमा लागत लाभ विश्लेषणले व्यवसायिको सामाजिकिकरण हुनु, आर्थिक रूपमा दक्ष हुन मौद्रिक र अमौद्रिक लाभ साथै बैकल्पिक क्षेत्रको उचित खोजि र व्यवस्था गर्न सघाउ पुऱ्याउदछ यस अनुसन्धानको मुख्य उद्देश्य बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण गर्नु भएकाले यस अध्ययनमा नमुनाको रूपमा छनोट भएका मुख्य बेमौसमी तरकारी बाली काउली, बन्दा, काक्रो, गोलभेडा, प्याज, सिमी र खुर्सानीमा लागनी गरिएको २०७९ सालको पुँजी र पूँजीको सिमान्त क्षमता पत्ता लगाई सोही आधारमा बेमौसमी तरकारीको लागत लाभ विश्लेषण गरिएको छ । जसबाट आयको नतिजा लाई निम्न नियमका आधारमा बेमौसमी तरकारी व्यवसायमा लगानी गर्दा लाभ हुन्छ वा हुदैन भन्ने निष्कर्ष निकालिएको छ ।

१) यदि MEC > r, लगानी गर्दा नाफा हुन्छ ।

२) यदि MEC < r लगानी गर्दा घाटा हुन्छ ।

३) यदि MEC = r, लगानी गर्दा नाफा घाटा केही हुँदैन् ।

Where

MEC = Marginal Efficiency of capital (पुँजीको सिमान्त क्षमता)

r = Rate of Discount (छुट)

लागत लाभमा कुनै पनि आयोजना वा बाली उत्पादनमा लाग्ने सम्पूर्ण खर्च तथा त्यसबाट प्राप्त हुने आम्दानीको सम्बन्धको सुचकलाई जनाउँछ । यदि लाभ लागत दर १ भन्दा बढी भएका त्यस्तो आयोजना वा बाली उत्पादन उपयुक्त भएको मानी अगाडि बढाउन सकिन्छ ।

तर यदि लाभलागतदर १ भन्दा कम भएमा त्यस्तो आयोजना वा बाली उत्पादन उपयुक्त नहुने वा घाटा हुने बुझिन्छ।

**बेमौसमी तरकारीको लागत पूँजीको सिमान्त क्षमता (Marginal Efficiency of Capital of Non Seasonal Vegetable)**

पूँजीको सिमान्त क्षमता पूँजीगत सम्पत्तिबाट प्राप्त हुने आउने नाफासँग सम्बन्धित छ। अर्थात थप अतिरिक्त पुँजीको प्रयोग गर्दा त्यसको सम्पूर्ण लागत कट्टा गरिसेकपछि बाँकी रहने लाभले पुँजीको सिमान्त क्षमतालाई जनाउने गर्दछ। अर्को शब्दमा यसलाई पूँजी लगानी गर्दा प्राप्त हुने नाफाको दर पनि भन्ने गरिन्छ। पूँजीगत सम्पत्तिको अनुमानित आयबाट त्यसको पूर्ति मूल्य घटाएर रहेको अन्तरबाट पूँजीको सिमान्त क्षमता गणना गर्न सकिन्छ। यस अध्ययनमा बेमौसमी तरकारीको लगानीको आधारमा पूँजीको सिमान्त क्षमता पत्ता लगाइएको छ। बेमौसमी तरकारीको कुल आय र कुल नाफा पत्ता लगाई त्यसैका आधारमा पुँजीको सिमान्त क्षमता पत्ता लगाइएको छ।

$$\text{पुँजीको सिमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}}$$

**लागत लाभ विश्लेषण (Cost Benefit Analysis)**

कुनै पनि व्यवसाय र परियोजनाको लेखाजोखा वा बाञ्छनीयता विश्लेषण गर्नका लागि प्रयोग हुने एउटा महत्त्वपूर्ण साधनलाई व्यवसायको लागि लाग्ने लागत तथा व्यवसायबाट प्राप्त हुने आयबिचमा तुलना गरिन्छ। लागत लाभ विश्लेषणले मौद्रिक र अमौद्रिक लाभ साथै बैकल्पिक क्षेत्रको उचित खोजि र व्यवस्थापन गर्न सघाउ पुऱ्याउँदछ। यस अध्ययनमा नमुनाको रूपमा छनोट भएका कृषक घरपरिवारको जग्गामा लगाईएका मुख्य बेमौसमी तरकारी बालीहरूको लागत लाभ विश्लेषण गरिएको छ।

**बेमौसमी तरकारीको लागत आम्दानी र नाफा (Cost Benefit and Income of Non seasonal Vegetable)**

उत्पादन कार्यमा प्रयोग भएका विभिन्न साधनहरूलाई दिइएको मौद्रिक भुक्तानीलाई लागत भनिन्छ। अर्थात वस्तु तथा सेवा उत्पादनका क्रममा उत्पादनका साधनहरू भूमि, कच्चा पदार्थ, इन्धन, श्रमिकहरूलाई दिइएको भुक्तानी वा रकम नै लागत हो। कुनै उद्योग वा

व्यवसायबाट उत्पादन गरेका विभिन्न वस्तुहरूलाई विभिन्न मूल्यमा बजारमा विक्रि वितरण गरी प्राप्त गर्ने कुल रकमलाई आय भनिन्छ। कुनै पनि उद्योग वा व्यवसायले उत्पादन गरेको वस्तु विक्रीबाट प्राप्त गरेको कुल आम्दानीबाट उक्त वस्तु उत्पादन गर्दा लागेको कुल खर्च वा लागत कटाई प्राप्त हुने प्रतिफललाई नाफा भनिन्छ। यस अध्ययन क्षेत्रमा उत्पादन भएका मुख्य बेमौसमी तरकारी बालीको लागत लाभ विश्लेषण निम्न अनुसार प्रस्तुत गरिएको छ।

तालिका नं. ४.१४

*काउलीको लागत लाभ विश्लेषण २०७९*

बाली : काउली  जात : सुब्रा क्षेत्रफल  : १ रोपनी  स्थान : तप्राङ मादिगाउँपालिका

| क्र.सं. | विवरण | | इकाई | परिमाण | दर( रु.मा) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | परिवर्तनशील लागत | | | | | | आफ्नै खेत बारीमा उत्पादन भएको |
| १.१ | खेत जोत्न (१ पटक) | पुरुष | सङ्ख्या | १ | १००० | १००० | |
| | | महिला | सङ्ख्या | २ | ७०० | १४०० | |
| १.२ | काउली रोप्न | महिला | सङ्ख्या | २ | ७०० | १४०० | |
| १.३ | गोडमेल गर्न | महिला | सङ्ख्या | २ | ७०० | १४०० | |
| १.४ | रेखदेख गर्न | महिला | सङ्ख्या | ५ | ७०० | ३५०० | |
| १.५ | पशु श्रम | | हल | १ | १००० | १००० | |
| १.६ | स्प्रेयर | | घण्टा | १ | १६०० | १६०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.७ | बीऊ | प्याकेट | १ | १००० | १००० |
| १.८ | कम्पोष्ट मल | डोको | १०० | १०० | १०००० |
| १.९ | रसायनिक मल | के.जी. | १५ | २५ | ३४५ |
| १.१० | पोटास | के.जी. | ५ | ३० | १५० |
| १.११ | विषादी तथा भिटामिन | प्याकेट | ३ | ५०० | १५०० |
| १.१२ | अन्य खर्च (खाना) | | १० | २०० | २००० |
| | जम्मा परिवर्तनशील लागत | | | | २६२९५ |
| २ | स्थिर लागत | | | | |
| २.१ | जग्गा कर | रूपैया | | | २५ |
| २.२ | ह्रास कट्टी | | | | १०० |
| | जम्मा स्थिर लागत | | | | १२५ |

स्रोत : स्थलगत अध्ययन २०८० ।

कुल लागत = कुल स्थिर लागत+ कुल परिवर्तनज शिल लागत

Tc= १२५+२६२९५

Tc= रु २६४२०

मूल्य उत्पादन = १०५० के.जी.

प्रति के.जी. मूल्य रु = ५५

कुल आम्दानी = ५५×१०५०

कुल आम्दानी = रु ५७७५०

नाफा = कुल आम्दानी - कुल लागत

नाफा = ५७७५०-२६४२०

नाफा = रु ३१३३०

$$पूँजीको\ सिमान्त\ क्षमता = \frac{कुल\ नाफा}{कुल\ लागत}$$

$$पूँजीको\ सिमान्त\ क्षमता = \frac{३१३३०}{२६४२०}$$

पूँजीको सिमान्त क्षमता = १.१८

प्रतिरोपनी क्षेत्रफलमा काउली लगाउँदा लागत, आम्दानी र नाफाको अवस्था पत्ता लगाई पूँजीको सिमान्त क्षमता १.१८ निकालिएको छ जसमा लाभ लागत दर १ भन्दा बढी भएको हुँदा नाफामूलक मानिन्छ ।

तालिका नं. ४.१५

*बन्दाको लागत लाभ विश्लेषण - २०७९*

बाली : बन्दा जात : सुपरग्रीन क्षेत्रफल : १ रोपनी स्थान : तप्राङ मादिगाउँपालिका

| क्र.सं. | विवरण | | इकाई | परिमाण | दर(रु.मा) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | परिवर्तनशील लागत | | | | | | आफ्नै खेत बारीमा उत्पादन भएको |
| १.१ | खेत जोत्न (१ पटक) | महिला | सङ्ख्या | २ | ७०० | १४०० | |
| | | पुरुष | सङ्ख्या | १ | १००० | १००० | |
| १.२ | बन्दा रोप्न | महिला | सङ्ख्या | २ | ७०० | १४०० | |
| १.३ | गोडमेल गर्न | महिला | सङ्ख्या | २ | ७०० | १४०० | |
| १.४ | रेखदेख गर्न | महिला | सङ्ख्या | ५ | ७०० | ३५०० | |
| १.५ | पशु श्रम | | हल | १ | १००० | १००० | |
| १.६ | स्प्रेयर | | घण्टा | १ | १६०० | १६०० | |
| १.७ | बीउ | | प्याकेट | १ | ८०० | ८०० | |
| १.८ | कम्पोष्ट मल | | डोको | १०० | १०० | १०,००० | |
| १.९ | रसायनिक मल | | के.जी. | १५ | २५ | ३४५ | |
| १.१० | पोटास | | के.जी. | ५ | ३० | १५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.११ | विषादी तथा भिटामिन | प्याकेट | ३ | ५०० | १५०० |
| १.१२ | अन्य खर्च (खाना) | | १० | २०० | २००० |
| | जम्मा परिवर्तनशील लागत | | | | २६२९५ |
| २ | स्थिर लागत | | | | |
| २.१ | जग्गा कर | रूपैया | | | २५ |
| २.२ | ह्रास कट्टी | | | | १०० |
| | जम्मा स्थिर लागत | | | | १२५ |

स्रोत : स्थलगत अध्ययन २०८०

कुल लागत = कुल स्थिर लागत +कुल परिवर्तनशील लागत

कुल लागत = १२५+२६०९५

कुल लागत = रु २६२२०

मूल्य उत्पादन = १०६० के.जी.

प्रति के.जी. मूल्य रु = ४५

कुल आम्दानी = ४५×१०६०

कुल आम्दानी = रु ४७७००

नाफा = कुल आम्दानी - कुल लागत

नाफा = ४७७००-२६२२०

नाफा = रु २१४८०

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}}$$

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{२१४८०}}{\text{२६२२०}}$$

$$\text{पूँजीको सिमान्त क्षमता} = \text{०.८१}$$

प्रतिरोपनी क्षेत्रफलमा बन्दा लगाउँदा लागत, आम्दानी र नाफाको अवस्था पत्ता लगाई पूँजीको सिमान्त क्षमता ०.८१ निकालिएको छ जसमा लाभ लागत दर १ भन्दा कम भएको हुँदा घाटा मानिन्छ ।

तालिका नं. ४.१६

*काक्रोको लागत लाभ विश्लेषण - २०७९*

बाली : काक्रो   जात : भक्तपुर क्षेत्रफल :  १ रोपनी     स्थान : थाक मादिगाउँपालिका

| क्र.सं. | विवरण | | इकाई | परिमाण | दर( रु.मा) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | परिवर्तनशील लागत | | | | | | आफ्नै खेत बारीमा उत्पादन भएको |
| १.१ | खेत जोत्न (१ पटक) | महिला | सङ्ख्या | २ | ७०० | १४०० | |
| | | पुरुष | सङ्ख्या | १ | १००० | १००० | |
| १.२ | काक्रो लगाउन ( थाक्रा सहित) | महिला | सङ्ख्या | ६ | ७०० | १४०० | |
| १.३ | गोडमेल गर्न (२ पटक) | महिला | सङ्ख्या | ४ | ७०० | ४२०० | |
| १.४ | हाम्भेन्ट गर्न | महिला | सङ्ख्या | ६ | ७०० | ४२०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.५ | पशु श्रम | हल | १ | १५०० | १५०० |
| १.६ | बिउ | प्याकेट | १ | ५०० | ५०० |
| १.७ | कम्पोष्ट मल | डोको | ६० | १०० | ६००० |
| १.८ | युरीया | के.जी. | ३ | २८ | ८४ |
| १.९ | डि.ए.पी. | के.जी. | २ | ५२ | १०४ |
| १.१० | पोटास | के.जी. | १ | ३० | ३० |
| १.११ | भिटामिन | प्याकेट | २ | ५०० | १००० |
| १.१२ | अन्य खर्च (खाना) | | १० | २०० | २००० |
| | जम्मा परिवर्तनशील लागत | | | | २३९१८ |
| २ | स्थिर लागत | | | | |
| २.१ | जग्गा कर | रूपैया | | | २० |
| २.२ | मर्मत खर्च | रूपैया | | | ५०० |
| २.३ | ह्रास खर्च | | | | १०० |
| | जम्मा स्थिर लागत | | | | ६२० |

स्रोत : स्थलगत अध्ययन २०८० ।

कुल लागत = कुल स्थिर लागत +कुल परिवर्तनशील लागत

कुल लागत = ६२०+ २३९१८

कुल लागत = रु २३५३८

मुख्य उत्पादन = १६०० के.जी.

प्रति के.जी. मूल्य रु = ६०

कुल आम्दानी = ६०×१६००

कुल आम्दानी = रु ९६०००

नाफा = कुल आम्दानी - कुल लागत

नाफा = ९६०००-२४५३८

नाफा = रु ७१४६२

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}}$$

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{७१४६२}}{\text{२४५३८}}$$

पूँजीको सिमान्त क्षमता = २.९१ (नाफामूलक मानिन्छ)

तालिका नं. ४.१७

*प्याजको लागत लाभ विश्लेषण - २०७९*

बाल : प्याज  जात : एग्रोफाउड  क्षेत्रफल : १ रोपनी  स्थान: चिप्ली मादीगाउँपालिका

| क्र.सं. | विवरण | | इकाई | परिमाण | दर( रु.मा) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | परिवर्तनशील लागत | | | | | | आफ्नै बारीमा उत्पादन भएको |
| १.१ | खेत जोत्न (१ पटक) | पुरुष | सङ्ख्या | १ | ७०० | १४०० | |
| | | महिला | सङ्ख्या | २ | १००० | १००० | |
| १.२ | प्याज रोप्न | पुरुष | सङ्ख्या | १ | ७५० | १५०० | |
| | | महिला | सङ्ख्या | २ | | | |
| १.३ | गोडमेल गर्न (२ पटक) | महिला | सङ्ख्या | ३ | ७५० | १५०० | |
| १.४ | हाम्भेन्ट गर्न | महिला | सङ्ख्या | २ | ७५० | १५०० | |
| १.५ | पशु श्रम | | हल | १ | १५०० | १५०० | |
| १.६ | स्प्रेयर | | घण्टा | १ | १६०० | १६०० | |
| १.७ | बिउ | | प्याकेट | १ | ५०० | ५०० | |
| १.८ | कम्पोष्ट मल | | डोको | ६० | २०० | १२०० | |
| १.९ | अन्य खर्च (खाजा) | | | १० | ५०० | ५००० | |

| | | | |
|---|---|---|---|
| | जम्मा परिवर्तनशील लागत | | २८८५० |
| २. | स्थिर लागत | | |
| २.१ | जग्गा कर | रूपैया | १० |
| २.२ | ह्रास कट्टी | | १०० |
| | जम्मा स्थिर लागत | | ११० |

स्रोत : स्थलगत अध्ययन २०८०

कुल लागत = कुल स्थिर लागत +कुल परिवर्तनशील लागत

कुल लागत = ११०+ २८८५०

कुल लागत = रु २८९६०

मुख्य उत्पादन = ६०० के.जी.

प्रति के.जी. मूल्य रु = १००

कुल आम्दानी = १००×६००

कुल आम्दानी = रु ६०००

नाफा = कुल आम्दानी - कुल लागत

नाफा =६००००-२८९६०

नाफा = रु ३१०४०

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}}$$

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{३१०४०}{२८९६०}$$

पूँजीको सिमान्त क्षमता = १.०७ (नाफामूलक मानिन्छ)

तालिका नं. ४.१८

*गोलभेडाको लागत लाभ विश्लेषण - २०७९*

बाली : गोलभेडा जात : ग्रेस्को क्षेत्रफल : प्रति टनेल स्थान : तप्राङ मादीगाउँपालिका

| क्र.सं. | विवरण | | इकाई | परिमाण | दर (रु.मा) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | परिवर्तनशील लागत | | | | | | आफ्नै |
| १.१ | टनेलको प्लास्टीक (१० मि. ×६ मि.) | | सङ्ख्या | १ | ६००० | ६००० | खेत बारीमा उत्पादन |
| १.२ | टनेल निर्माण ज्यामी | | सङ्ख्या | ५ | १००० | ५००० | भएको |
| १.३ | बाँस | | सङ्ख्या | २५ | २५० | ६२५० | |
| १.४ | जन श्रम | पुरुष | सङ्ख्या | १ | १००० | १००० | |
| | | महिला | सङ्ख्या | ९ | ७०० | ६३०० | |
| १.५ | पशु श्रम | | हल | ० | ५०० | ५०० | |
| १.६ | स्प्रेयर | | | १ | १६०० | १६०० | |
| १.७ | नर्सरी तयारी | | सङ्ख्या | १ | ५०० | ५०० | |
| १.८ | बिऊ खर्च | | प्याकेट | १ | १००० | १००० | |
| १.९ | कम्पोन्ट मल | | के.जी. | १०० | २ | २००० | |
| १.१० | जैविक विषादी | | ग्रा. | | १००० | १००० | |
| १.११ | हर्मीन | | सरदर | | १००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| १.१२ | डोरी तरा प्लाष्टिक | | १००० | १००० |
| १.१३ | अन्य | | १००० | १००० |
| | जम्मा परिवर्तनशील लागत | | | ३४१५० |
| २. | स्थिर लागत | | | २५ |
| २.१ | जग्गा कर | रूपया | | १०० |
| २.२ | ह्रास कट्टी | | | १२५ |

स्रोत : स्थलगत अध्ययन २०८० ।

कुल लागत = कुल स्थिर लागत +कुल परिवर्तनशील लागत

कुल लागत = १२५+३४१५०

कुल लागत = रु ३४२७५

मुख्य उत्पादन = ९०० के.जी.

प्रति के.जी. मूल्य रु = ८०

कुल आम्दानी = ८०×९००

कुल आम्दानी = रु ७२०००

नाफा = कुल आम्दानी - कुल लागत

नाफा = ७२०००-३४२७५

नाफा = रु ३७७२५

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}}$$

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{३७७२५}{३४२७५}$$

पूँजीको सिमान्त क्षमता = १.१० (नाफामूलक मानिन्छ)

तालिका नं. ४.१९

*सिमिको लागत लाभ विश्लेषण- २०७९*

बाली : सिमि जात : घिउसिमि क्षेत्रफल : १ रोपनी   स्थान : गल्की मादी गाउँपालिका

| क.सं. | विवरण | | इकाई | परिमाण | दर(रु.मा) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | परिवर्तनशील लागत | | | | | | आफ्नै खेत बारीमा उत्पादन भएको |
| १.१ | खेत जोत्न (१ पटक) | पुरुष | सङ्ख्या | १ | १००० | १००० | |
| | | महिला | सङ्ख्या | २ | ७०० | १४०० | |
| १.२ | सिमी लगाउन ( थाक्रा सहित) | महिला | सङ्ख्या | ५ | ७०० | ३५०० | |
| १.३ | गोडमेल गर्न (२ पटक) | महिला | सङ्ख्या | ४ | ७०० | २८०० | |
| १.४ | पशु श्रम | | हल | १ | १५०० | १५०० | |
| १.५ | बिऊ | | प्याकेट | १ | ५०० | ५०० | |
| १.६ | कम्पोष्ट मल | | डोको | ६० | १०० | ६००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.७ | युरीया | के.जी. | ५ | २५ | १२५ |
| १.८ | पोटास | के.जी. | ३ | ३० | ९० |
| १.९ | विषादी | | | १००० | १००० |
| १.१० | अन्य खर्च (खाजा) | | १० | २०० | २००० |
| | जम्मा परिवर्तन शिल लागत | | | | १९९१५ |
| २ | स्थिर लागत | | | | |
| २.१ | जग्गा कर | | रूपया | | २५ |
| २.२ | ह्रास कट्टी | | | | १०० |
| | जम्मा स्थिर लागत | | | | १२५ |

स्रोत : स्थलगत अध्ययन २०८० ।

कुल लागत= कुल स्थिर लागन+कुल परिवर्तनशील लागत

कुल लागत = १२५+१९९१५

कुल लागत = रु २००४०

मुख्य उत्पादन = ३०० के.जि.

प्रति के.जी. मूल्य रु = ९०

कुल आम्दानी = ९०×३००

कुल आम्दानी = रु २७०००

नाफा = कुल आम्दानी - कुल लागत

नाफा = २७०००- २००४०

नाफा = रु ६९६०

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}}$$

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{६९६०}}{\text{२००४०}}$$

पूँजीको सिमान्त क्षमता = ०.३४ (घाटा भएको मानिन्छ)

तालिका नं. ४.२०

*खुर्सानीको लागत लाभ विश्लेषण*

बाली : खुर्सानी जात : अकबरे क्षेत्रफल : १ रोपनी स्थान : चकमके मादीगाउँपालिका

| क्र.सं. | विवरण | | इकाई | परिमाण | दर( रु.मा) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | परिवर्तनशील लागत | | | | | | आफ्नै खेत बारीमा उत्पादन भएको । |
| १.१ | खेत जोत्न (१ पटक) | पुरुष | सङ्ख्या | १ | | | |
| | | महिला | सङ्ख्या | २ | १००० | १००० | |
| १.२ | विरुवा रोप्न | महिला | सङ्ख्या | ६ | ७०० | १४०० | |
| १.३ | गोडमेल गर्न | महिला | सङ्ख्या | ४ | ७०० | ४२०० | |
| १.४ | कम्पोष्ट मल | | डोको | ६० | ७०० | २८०० | |
| १.५ | युरिया | | के.जी. | ७ | १०० | ६००० | |
| १.६ | डि.ए.पी. | | के.जी. | ७ | २५ | १७५ | |
| १.७ | पोटास | | के.जी. | ४ | ५५ | ३८५ | |
| १.८ | बोरेन्स | | के.जी. | ०.७ | ३० | १२० | |
| १.९ | जिडक | | के.जी. | १ | १५० | १५० | |
| १.१० | बिषादी | | | | ८०० | १५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.११ | बिऊ | | ०.०६ | १८० | ८०० |
| १.१२ | नर्सरी व्यवस्थापन | सङ्ख्या | १ | १००० | १००० |
| १.१३ | अन्य खर्च | | १० | २०० | २००० |
| | जम्मा परिवर्तनशील लागत | | | | २०३६० |
| २. | स्थिर लागत | | | | |
| २.१ | जग्गा कर | रूपया | | | २५ |
| २.२ | ह्रास कट्टी | | | | १०० |
| | जम्मा स्थिर लागत | | | | १२५ |

स्रोत : स्थलगत अध्ययन २०८०

कुल लागत= कुल स्थिर लागन+कुल परिवर्तनशील लागत

कुल लागत = १२५+२०३६०

कुल लागत = रु २०४८५

मुख्य उत्पादन = ३७० के.जी.

प्रति के.जी. मूल्य रु = १६०

कुल आम्दानी = १६०×३७०

कुल आम्दानी = रु ५९२००

नाफा = कुल आम्दानी - कुल लागत

नाफा = ५९२००- २०४८५

नाफा = रु ३८७१५

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}}$$

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{३८७१५}{२०४८५}$$

पूँजीको सिमान्त क्षमता = १.८८ (नाफामूलक मानिन्छ)

यस अध्ययनमा नमुना छनोटमा परेका कृषक घरपरिवारको खेती गरेका मुख्य तरकारीवाली (काउली, काक्रो, बन्दा, प्याज, सिमी, गोलभेडा, खुर्सानी) को लागत आम्दानी र नाफाको प्रति रोपनी उत्पादनको एकमुष्ट अवस्थालाई तलका तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.२१

*बेमौसमी तरकारी बालीको लागत- २०७९*

| क.सं. | तरकारीको नाम | लागत (प्रति रोपनी) | प्रतिशत |
|---|---|---|---|
| १. | काउली | २६४२० | १४.६१ |
| २. | बन्दा | २६२२० | १४.४९ |
| ३. | काक्रो | २४५३८ | १३.५७ |
| ४. | प्याज | २८९६० | १६ |
| ५. | गोलभेडा (प्रति टनेल) | ३४२७५ | ११.०७ |
| ६. | सिमी | २००४० | ११.३२ |
| ७. | खुर्सानी | २०४८५ | १८.९४ |
| | जम्मा | १८०९३८ | १०० |

स्रोत : स्थलगत अध्ययन २०८०

प्रति घर परिवारको औषत लागत = $\frac{१८०९३८}{६०}$

प्रति घर परिवारको औषत लागत = ३०१५.६३

तालिका नं. ४.२१ मा अध्ययन क्षेत्रमा प्रति रोपनी जग्गामा उत्पादन भएको मुख्य बेमौसमी तरकारी बालीको लागतको अवस्थालाई देखाइएको छ। जसमा काउलीको उत्पादन लागत रु २६४२०, बन्दाको उत्पादन लागत रु २६२२०, काक्रोको उत्पादन लागत २४५३८, प्याजको उत्पादन लागत २८९६०, गोलभेडाको उत्पादन लागत प्रति टनेल रु ३४२७५, सिमीको उत्पादन लागत रु २००४० र खुर्सानीको उत्पादन लागत रु २०४८५ रहेको छ।

तालिका नं. ४.२२

*बेमौसमी तरकारी बालीको आम्दानी - २०७९*

| क.सं. | तरकारीको नाम | आम्दानी (प्रति रोपनी) | प्रतिशत |
|---|---|---|---|
| १. | काउली | ५७७५० | १४ |
| २. | बन्दा | ४७७०० | ११.४६ |
| ३. | काक्रो | ९६००० | २३ |
| ४. | प्याज | ६०००० | १५ |
| ५. | गोलभेडा (प्रति टनेल) | ७२००० | १५ |
| ६. | सिमी | २७००० | ७.४४ |
| ७. | खुर्सानी | ५९००० | १४.१० |
| | जम्मा | ४१९६५० | १०० |

स्रोत : स्थलगत अध्ययन २०८०

प्रति घर परिवारको औसत आय = $\frac{४१९६५०}{६०}$

प्रति घर परिवारको औसत आय = ६९९४.१६६७

तालिका नं. ४.२२ मा अध्ययन क्षेत्रमा प्रति रोपनी जग्गामा उत्पादन भएका मुख्य बेमौसमी तरकारी बालीको आम्दानीलाई देखाइएका छ। जसमा काउलीको आम्दानी ५७७५०, बन्दाको आम्दानी ४७७००, काक्रोको आम्दानी ९६०००, प्याजको आम्दानी ६००००, सिमीको आम्दानी २७०००, गोलभेडाको आम्दानी प्रति टनेल ७२००० र खुर्सानीको आम्दानी ५९२०० रहेको छ।

तालिका नं. ४.२३

*बेमौसमी तरकारी बालीको नाफा - २०७९*

| क.सं. | तरकारीको नाम | नाफा (प्रति रोपनी) | प्रतिशत |
|---|---|---|---|
| १. | काउली | ३१३३० | १३.१२ |
| २. | बन्दा | २१४८० | ९ |
| ३. | काक्रो | ७१४६२ | २९.९३ |
| ४. | प्याज | ३१०४० | १३ |
| ५. | गोलभेडा (प्रति टनेल) | ३७७२५ | १५.८३ |
| ६. | सिमी | ६९६० | २.९१ |
| ७. | खुर्सानी | ३८७१५ | १६.२१ |
| | जम्मा | २३८७१२ | १०० |

स्रोत : स्थलगत अध्ययन २०८०

$$\text{प्रति घरपरिवार औषत नाफा} = \frac{२३८७१२}{६०}$$

प्रति घर औषत नाफा = ३९७८.५३३

तालिका नं. ४.२३ मा अध्ययन क्षेत्रमा प्रतिरोपनी जग्गामा उत्पादन भएका मुख्य बेमौसमी तरकारी बालीबाट प्राप्त नाफालाई देखाइएको छ। जसमा काउलीबाट प्राप्त नाफा ३१३३०,

बन्दाबाट प्राप्त नाफा २१४८०, काक्रोबाट प्राप्त नाफा ७१४६२, प्याज बाट प्राप्त नाफा ३१०४०, गोलभेडाबाट प्राप्त नाफा ३७७२५, सिमीबाट प्राप्त नाफा ६९६० र खुर्सानीबाट प्राप्त नाफा ३८७१५ रहेको छ ।

**बेमौसमी तरकारी बालीको लागत पूँजीको सिमान्त क्षमता (Marginal Efficiency of Capital of Non seasonal Vegetable) :** पूँजीका सिमान्त क्षमता पूँजीगत सम्पत्तिबाट प्राप्त हुने अनुमानित नाफा सँग सम्बन्धीत हुन्छ यसलाई प्रतिफलको आन्तरिक दर पनि भन्ने गरिन्छ । अर्को शब्दमा यसलाई पूँजी लगानी गर्दा प्राप्त हुने नाफाको दर पनि भन्ने गरिन्छ । पूँजीगत सम्पत्तिको अनुमानित आयबाट त्यसको पूर्ति मूल्य घटाएर रहेको अन्तरबाट पूँजीको सिमान्त क्षमता गणना गर्न सकिन्छ । यस अध्ययनमा नमुना छनोटमा परेका कृषकहरूले उत्पादन गरेका मुख्य बेमौसमी तरकारी बालीको वार्षिक कुल लागत, कुल आम्दानी, र कुल नाफा पत्ता लगाई त्यसैको आधारमा पूँजीको सिमान्त क्षमता पत्ता लगाइएको छ । जुन निम्न अनुसार रहेको छ ।

२०७९ सालको कुल लागत = १,८०,९३८

२०७९ सालको कुल आय = ४,१९,६५०


२०७९ सालको कुल नाफा = २३,८,७१२

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}}$$

$$\text{पूँजीको सिमान्त क्षमता} = \frac{२३८७१२}{१८०९३८}$$

पूँजीको सिमान्त क्षमता = १.३१

प्रतिरोपनी क्षेत्रफलमा लगाइएको बेमौसमी तरकारी बाली २०७९ सालको कुल लागत, कुल माग र कुल नाफाको अवस्था पत्ता लगाई पूँजीको सिमान्त क्षमता १.३१ निकालिएको छ जसमा लाभ लागत दर १ भन्दा बढी भएको हुँदा नाफा भएको मानिन्छ ।




*चित्र नं. ४.६*

बेमौसमी तरकारीको लागत, आम्दानी र नाफा

**उद्देश्य नं. ३**

**बेमौसमी तरकारी खेतीले स्थानीयवासीको शैक्षिक र आर्थिक क्षेत्रमा पारेको प्रभाव (Impact of non seasonal vagetable of Local man in educational and Economic sector)**

यस अध्ययनमा बैमौसमी तरकारी बालीबाट प्राप्त आम्दानीलाई कुन-कुन क्षेत्रमा के-कसरी खर्च वा लगानी गरिएको छ । बेमौसमी तरकारी खेतीबाट कृषकको आर्थिक क्षेत्रमा तथा शैक्षिक क्षेत्रमा कस्तो प्रभाव छ भनि अध्ययन गर्नको लागि मुख्य बेमौसमी तरकारी खेतीको/बालीको २०७९ सालमा प्राप्त गरेको क्षेत्रगत लगानीलाई तुलना गरी अध्ययन गरिएको छ ।

**आर्थिक प्रभाव (Economic Impact) :** अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका मानिसहरूको आर्थिक अवस्था समग्रमा मध्यम रहेको पाइयो । कृषकहरूले तरकारी उत्पादनबाट भएको आम्दानीको दैनिक जीवन निर्वाह गरेको पाइयो । आर्थिक अवस्थामा विवरणहरूलाई निम्न उपशीर्षकहरूमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### १) आम्दानीको क्षेत्रगत लगानी

नमुना छनोटमा परेका बेमौसमी तरकारी खेती गर्ने कृषकले कुन -कुन क्षेत्रमा के कति खर्च गर्दछन् भनि गरिएको सर्वेक्षणमा त्यही व्यवसाय, उपयोग, शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्य क्षेत्रमा खर्च गरेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.२४

*कृषकको आम्दानीको क्षेत्रगत लगानी - २०७९*

| क.सं. | तरकारीको नाम | नाफा (प्रति रोपनी) | प्रतिशत |
|---|---|---|---|
| १. | व्यवसायमा लागेको लागत | १८०९३८ | ४३.१२ |
| २. | त्यही व्यवसायका लागि | ३०००० | ७.१४ |
| ३. | उपभोग | ७०००० | १६.६८ |
| ४. | शिक्षा | ५०००० | ११.९६ |
| ५. | स्वास्थ्य | २५००० | ५.९६ |
| ६. | चाडपर्व | २०००० | ४.७६ |
| ७. | अन्य | १५००० | ३.५७ |
| ८. | बैङ्कमा बचत | २८७१२ | ६.८४ |
| ९. | कुल आय | ४१९६५० | १०० |


स्रोत : स्थलगत अध्ययन २०८० ।

$$\text{औषत आय} = \frac{४१९६५०}{६०}$$

प्रति घरपरिवारको प्रति रोपनिको औषत आय = ६९९४.१६६७

तालिका नं. ४.२४ मा नमुना छनोटमा परेका कृषकहरूको मुख्य बेमौसमी तरकारी बालीबाट प्राप्त आम्दानीलाई क्षेत्रगत रूपमा गरिएको लगानीलाई देखाइएको छ । जसमा कुल लागत ४३.१२ प्रतिशत, त्यही व्यवसायमा लगानी ७.१४ प्रतिशत, उपभोगमा १६.६८

प्रतिशत, शिक्षामा ११.९६ प्रतिशत, स्वास्थ्यमा ५.९६ प्रतिशत, चाडपर्वमा ४.७६ प्रतिशत, अन्यमा ३.५७ प्रतिशत र बैङ्कमा बचत ६.८४ प्रतिशत रहेको छ ।




*चित्र नं. ४.७*

कृषकको आम्दानीको क्षेत्रगत लगानी

**२) आम्दानी स्रोत**

नमुना छनोटमा परेका कृषक घरपरिवारमा कुन कुन क्षेत्रबाट के कस्तो आम्दानी हुन्छ वा आम्दानीका स्रोतहरू के-के छन् भनि गरिएको सर्वेक्षणमा कृषि, जागिर व्यापार, र वैदेशिक रोजागरी रहेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.२५

*कृषकको आम्दानीको स्रोतहरू- २०७९*

| क्र.सं. | आम्दानीको स्रोत | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ३७ | ६१.६७ |
| २. | जागिर | ५ | ८.३३ |
| ३. | व्यापार | ४ | ६.६७ |
| ४. | वैदेशिक रोजगार | १४ | २३.३३ |
| | जम्मा | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन २०८० ।

तालिका नं. ४.२५ मा नमुना छनोटमा परेका कृषकहरूको आम्दानीको स्रोतहरूलाई देखाइएको छ । जसमा धेरै जसो परिवार कृषिमा आबद्ध रहेको पाइयो अर्थात कृषिबाट ६१.६७ प्रतिशत, जागिरबाट ८.३३ प्रतिशत, व्यापारबाट ६.६७ प्रतिशत र बैदेशिक रोजगारबाट २३.३३ प्रतिशत रहेको छ ।

**३) तहगत वार्षिक आम्दानी**

यस अध्ययनमा नमुना छनोटमा परेका कृषक घरपरिवारको २०७९ सालको तहगत वार्षिक आम्दानीलाई एकमुष्ट तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.२६

*कृषक घरपरिवारको तहगत आम्दानी विवरण*

| क.सं. | आम्दानीको स्रोत | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १००,००० | २० | ३३.३४ |
| २. | १०००००-२००००० | १८ | ३० |
| ३. | २०००००-३००००० | १४ | २३.३३ |
| ४. | ३०००००-४००००० | ६ | १० |
| ५. | ४००००० भन्दा माथि | २ | ३.३३ |
| | जम्मा | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन २०८०।

तालिका नं. ४.२६ मा नमुना छनोटमा परेका कृषकको तहगत आम्दानीलाई एकमुष्ट रूपमा देखाइएको छ। जस अनुसार १,००,००० आम्दानी गर्ने घरपरिवार सङ्ख्या ३३.३४ प्रतिशत, १,००,००० देखि २,००,००० सम्म आम्दानी गर्ने घर परिवार सङ्ख्या ३० प्रतिशत, २००,००० देखि ३००,००० सम्म आम्दानी गर्ने घरपरिवार सङ्ख्या २३.३३ प्रतिशत, ३,००,००० देखि ४,००,००० भन्दा माथि आम्दानी गर्ने घरपरिवार सङ्ख्या ३.३३ प्रतिशत रहेको छ।

**४) ऋणको अवस्था**

यस अध्ययनमा नमुना छनोटमा परेका कृषक व्यवसायीको अवस्थालाई हेर्दा तरकारी खेती र अन्य घरमा विभिन्न क्रियाकलाप गर्दा अरूको सहयोग लिनुपर्ने र नपर्ने अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.२७

*कृषकको ऋणको अवस्था*

| क.सं. | ऋण लिइएको अवस्था | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छैन | ५५ | ९१.६७ |
| २. | छ | ३ | ५ |
| ३. | अनुत्तरीत | २ | ३.३३ |
| | जम्मा | ६० | १०० |

स्रोतः  स्थलगत अध्ययन २०८० ।

तालिका नं.४.२७ मा नमुना छनोटमा परेक कृषक घरपरिवारको ऋणको अवस्थालाई देखाइएको छ । जसमा ऋणनभएका घरपरिवारको सङ्ख्या ९१.६७ प्रतिशत, ऋण भएका घरपरिवारको सङ्ख्या ५ प्रतिशत र अनुत्तरित ३.३३ प्रतिशत रहेको पाइन्छ ।

**५)    जीवनस्तरमा आएको परिवर्तन**

यस अध्ययनमा नमुना छनोटमा परेका कृषकहरूको बेमौसमी तरकारी खेतीबाट आर्थिक रूपमा केही मात्रामा भए पनि सफल भएका छन् । यस पेशामा लागेर कृषकहरूको जीवनस्रतमा आएको परिवर्तनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका नं. ४.२८

*नमुना छनोटमा परेका कृषकको जीवनस्तरमा आएको परिवर्तन*

| क.सं. | आम्दानीको स्रोत | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | समाजमा छुट्टै पहिचान | २ | ३.३३ |
| २. | आत्मनिर्भरता | ४५ | ७५ |
| ३. | केही गर्न सकेजस्तो | ११ | १८.३४ |
| ४. | माथिका सबै | २ | ३.३३ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत अध्ययन २०८० ।

तालिका नं. ४.२८ मा नमुना छनोटमा परेका कृषकको जीवन स्तरमा आएको परिवर्तनको अवस्थालाई देखाइएको छ । जसमा तरकारी खेतीमा संलग्न भएपछि समाजमा छुट्टै पहिचान भएको घरपरिवारको सङ्ख्या ३.३३ प्रतिशत, आफूहरू आत्मनिर्भरता भएको ७५ प्रतिशत, केही गर्न सकेजसे लागेको १८.३४ प्रतिशत र करिब ३.३३ प्रतिशत घरपरिवारको माथिका सबै ठाउँमा आफ्नो खुबी बढेको बताएका छन् ।




*चित्र नं. ४.८*

*कृषकको जीवनस्तरमा आएको परिवर्तन*

**शैक्षिक प्रभाव (Educational Impact) :** शिक्षा विकासको एउटा महत्त्वपूर्ण आधारको स्तम्भ मानिन्छ । वर्तमान समयमा गुणस्तरीय शिक्षाको लागि महङ्गो बोडिङ स्कुलमा आफ्ना छोराछोरीहरूलाई पढ्न पठाउने प्रवृद्धिमा वृद्धि हुँदै गएको छ । यस अध्ययन क्षेत्रमा बेमौसमी तरकारी खेतीले शिक्षा क्षेत्रमा परेको प्रभाव नाप्ने मापनको रूपमा साक्षरता, पढ्न जाने स्कुलको प्रवृत्तिको रूपमा सामुदायिक र संस्थागत क्षेत्रद्वारा सञ्चालित बोर्डिङ स्कुललाई लिइएको छ । अध्ययन क्षेत्रका घरपरिवार मध्य धेरै घरपरिवारले आफ्ना छोराछोरीलाई सरकारी स्कुलमा पढाउने गरेको र थोरै घरपरिवारले नीजि बोर्डिङ स्कुलमा

पढाउने गरेको पाइयो । यस अध्ययनमा शैक्षिक अवस्थालाई निम्न उपशीर्षकमा विभाजन गरेर अध्ययन गरिएको छ ।

**१)　पारिवारिक साक्षरता र निरक्षरता**

यस अध्ययनमा नमुना छनोटमा परेका बेमौसमी तरकारी खेती गर्ने ६० घरपरिवारको कुल जनसङ्ख्या ३१८ मध्य ०५ वर्ष उमेर समुहका ४८ बालबालीका बाहेक २७० जना कृषक घरपरिवार रहेका छन् । उनीहरूको शैक्षिक अवस्था तथा साक्षरता र निरक्षरता तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.२९

*कृषक घरपरिवारको शैक्षिक अवस्था*

| क.सं. | तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | साक्षर | १०८ | ८९.२६ | १२६ | ८४.५७ | २३४ | ८६.६७ |
| २. | निरक्षर | १३ | १०.७४ | २३ | १५.४३ | ३६ | १३.३३ |
| | जम्मा | १२१ | १०० | १४९ | १०० | २७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०८० ।

तालिका नं. ४.२९ मा नमुना छनोटमा परेका कृषक घरपरिवारको साक्षरता र निरक्षरताको अवस्थालाई देखाइएको छ । जस अनुसार जम्मा २७० जनसङ्ख्या मध्य पुरुष साक्षरता ८९.२६ प्रतिशत र निरक्षरता १०.७४ प्रतिशत रहेका छन् भने महिला साक्षरता ८४.५७ प्रतिशत र निरक्षरता १५.४३ प्रतिशत रहेको स्थलगत अध्ययनमा पाइयो ।

**२)　तहगत शैक्षिक अवस्था**

यस अध्ययनमा नमुना छनोटमा परेका ६० घरपरिवारका जम्मा ३१८ जनसङ्ख्या मध्य ०-५ वर्षका ४८ जना बालबालिका र निरक्षर ३६ घटाउँदा जम्मा २३४ जना साक्षर रहेका छन् । उक्त जनसङ्ख्या १-५ पास नगरेका र प्रौढ शिक्षा लिइएका गरी ८० जनालाई घटाई (२३४-८०= १५४) जना सदस्यहरूको शैक्षिक अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका नं. ४.३०

*कृषक घरपरिवारको तहगत शैक्षिक अवस्था*

| क्र.सं. | तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रा.वि. | ४४ | ४७.३२ | २६ | ४२.३६ | ७० | ४५.४६ |
| २. | नि.मा.वि. | १८ | १९.३६ | १७ | २७.८७ | ३५ | २२.७३ |
| ३. | मा.वि. | १४ | १५.०५ | १३ | २१.३२ | २७ | १७.५३ |
| ४. | उ.मा.वि. | ४ | ४.३० | ३ | ४.९१ | ७ | ४.५४ |
| ५. | उच्च शिक्षा | १३ | १३.९७ | २ | ३.२७ | १५ | ९.७४ |
| | जम्मा | ९३ | १०० | ६१ | १०० | १५४ | १०० |

स्रोत : स्थलगत अध्ययन २०८० ।

तालिका नं. ४.३० मा नमुना छनोटमा परेका कृषक घरपरिवारको तहगत शैक्षिक अवस्थालाई देखाइएको छ । जसमा प्रा.वि. शैक्षिक योग्यता हासिल गरेका पुरुष ४४ र महिला २६ रहेका छन् । भने नि.मा.वि. शैक्षिक योग्यता हासिल गरेका पुरुष १८ र महिला १७ छन् । त्यस्तै गरी मा.वि. सम्मको शैक्षिक योग्यता हासिल गरेका पुरुष १४ र महिला १३ छन् भने उ.मा.वि. सम्मको शैक्षिक योग्यता हासिल गरेका पुरुष ४ र महिला ३ रहेका छन् । यसै गरी उच्च शिक्षा सम्मको शैक्षिक योग्यता हासिल गरेका पुरुष १३ र महिला २ रहेको पाइयो ।




*चित्र नं. ४.९*

कृषक घरपरिवारको तहगत शैक्षिक अवस्था

**३) शैक्षिक प्रभाव**

यस अध्ययन क्षेत्रमा कृषकहरूको आम्दानीको हिस्सा क्षेत्रगत लगानीको आधारमा हेर्दा शिक्षामा ११.९६ प्रतिशत लगानी रहेको छ जुन शिक्षा क्षेत्रको लगानीमा सकारात्मक देखिन्छ । ६० घरपरिवारको शैक्षिक प्रभावलाई हेर्दा बालबालिकाहरूले अध्ययन गर्ने सरकारी तथा नीजि (बोर्डिङ) विद्यलायको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका नं. ४.३१

*कृषक घरपरिवारको शैक्षिक प्रभावको अवस्था*

| क्र.सं. | लिङ्ग | विद्यालय जाने विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा |
| १. | छोरा | २७ | १५ | ४२ |
| २. | छोरी | ४१ | ८ | ४९ |
| | जम्मा | ६८ | २३ | ९१ |

स्रोत : स्थलगत अध्ययन २०८० ।

तालिका नं ४.३१ मा नमुना छनोटमा परेका कृषक घरपरिवारका छोराछोरीको विद्यालय जाने सङ्ख्यालाई देखाइएको छ । जसमा नीजि विद्यालयमा अध्ययन गर्ने छोरा १५ र छोरी ८ गरी जम्मा २३ जना छन् भने सरकारी विद्यालयमा अध्ययन गर्ने छोरा २७ र छोरी ४१ रहेका छन् । बेमौसमी तरकारी खेतीबाट विस्तारै घरमा आम्दानी बढ्दै गएपछि गुणस्तरीय शिक्षाको लागि कृषकहरूले आफ्ना छोराछोरीलाई नीजि विद्यालयमा पढाउने क्रम बढ्दै गएको स्थलगत अध्ययनको क्रममा देखिन्छ ।




*चित्र नं. ४.१०*

विद्यालय जाने विद्यार्थी सङ्ख्या

**बेमौसमी तरकारीमा देखिएका समस्याहरू (Problems of non seasonal vegetable)**

कुनै पनि लगानीको क्षेत्रहरू तथा व्यवसायमा वा संस्थामा सबै राम्रा वा सकारात्मक पक्षहरू मात्र हुँदैनन् । त्यस भित्र केही कमजोर एवम् सुधार गर्नु पर्ने पक्षहरू पनि रहेका हुन्छन् । यी सुधार गर्नुपर्ने पक्षहरूलाई समयमै पहिचान गरी उपचारात्मक पद्दती अपनाउन सकेमा त्यस्ता कार्यले योजनाबद्ध रूपमा अघि बढ्न तथा व्यवसायबाट बढी नाफा प्राप्त गर्न सहयोग गर्दछ । तसर्थ बेमौसमी तरकारी खेतीको स्थलगत अध्ययन गरी सोबाट प्राप्त विवरणका आधारमा निम्न अनुसारका समस्याहरू रहेको पाइयो ।

### १) तालिमको अभाव

बेमौसमी तरकारी खेतीका लागि कृषक/व्यवसायीलाई आवश्यक तालिम तथा विविध जानकारी सजिलै प्राप्त नहुने समस्याले यो व्यवसायमा संलग्न हुन चाहाने व्यक्तिलाई अप्ठ्यारो हुने गरेको पाइयो । यसका साथै बेमौसमी तरकारी सम्बन्धी सामान्य जानकारी भएता पनि व्यवसायीका रूपमा बेमौसमी तरकारी खेती सम्बन्धी पूर्ण जानकारी नभएको पाइयो । बेला बेलामा देखा पर्ने विभिन्न रोग तथा महामारी बारेमा जानकारी नहुँदा पनि बेमौसमी तरकारी व्यवसाय मारमा पर्ने गरेको पाइयो ।

### २) ऋणको समस्या

बेमौसमी तरकारी खेती गर्न चाहाने कृषकलाई लगानी गर्न आवश्यक ऋण सहज तरिकारले पाउन नसक्नु अर्को प्रमुख समस्या रहेको छ । अर्थात ऋण उपलब्ध भएता पनि कषकले लगानीका लागि चर्को व्याजदरमा व्यक्तिगत ऋण लिनुपर्ने र संस्थागत ऋण लिन झन्झटिलो रहेको कृषकहरूको भनाईमा पाइयो ।

### ३) रोगको समस्या

बेमौसमी तरकारी खेती गरेका कृषकहरूमा गरिएको छलफल र कुराकानीको आधारमा बेमौसमी तरकारी खेती गर्नु पूर्व आफूले पनि औपचारिक रूपमा कुनै तालिम नलिएको र त्यसको लागि सरकारले कुनै व्यवस्था नगरेको हुँदा सामान्य जानकारीको आधारमा बेमौसमी तरकारी खेती गर्दा सुरुवाती चरणमा विभिन्न रोगव्याधीले विरुवा मर्ने समस्या भएता पनि पछिल्लो समय नियन्त्रणका लागि विभिन्न उपायहरू अपनाउने गरेको पाइयो ।

### ४) अस्थिर मूल्य

कृषकहरूले बेमौसमी तरकारी बालीको लागत अनुसार उचित मूल्य पाउन सकिरहेका छैन भन्ने जवाफ पाइयो । हामीले बेच्दा ८० मा दियौँ भने उनीहरूले बजारमा १५०-१६० सम्ममा बेच्ने गरेको र अर्को तर्फ भारतबाट ठूलो मात्रामा तरकारी आयात गरी पूर्ति तरकारीको मूल्य घट्न गई मध्यम तथा साना किसानको आम्दानीमा कमी आउने गर्दछ । तसर्थ तरकारीको अस्थिर मूल्यले कृषक व्यवसायिको लाभलाई प्रभाव पार्दछ ।

### ५) बजारको समस्या

अत्याधिक मात्रामा कहिलेकाही बजारमा अन्य क्षेत्रबाट पनि बेमौसमी तरकारीको आपूर्ति हुने भएकाले तरकारीको परिमाणाम र विक्री मूल्यमा ह्रास हुने गरेको कुरा अभिकांश कृषकहरू बताउँछन् । तर व्यवसायमा उतारचढाव हुन्छ भनि अफैलाई सान्तोना पनि दिने गर्दछन् ।

### ६) अन्य समस्या

तरकारी मौसम अनुकूल नहुने हुँदा फल, डाठ, पातमा विभिन्न समस्याहरू आई तरकारीलाई नष्ट बनाउँदछ । तरकारीमा विभिन्न किरा, भुसुना, वर्षात जस्ता कारणले पनि धेरै नै सङ्क्रमण गर्दछ । कहिले काँही प्राकृतिक प्रकोप बाढी पहिरो, तुषारो, असिनाले पनि तरकारी बालीमा नराम्ररी क्षति पुऱ्याउँदछ यस्ता समस्याहरू समाधानका लागि स्थानिय सरकारले केही हदसम्म सहजीकरण गरे पनि कृषकहरूको आवश्कयता अनुरूप सहयोग नभएको साथै कतिपय अवस्थामा विरुवा हुर्काई फल दिने बनाउन गाह्रो हुने गरेको पाइयो ।

## अध्ययनको सारांश (Summary of the Study)

यस अध्ययनमा कास्की जिल्ला मादीगाउँपालिका वडा नं. ६ स्थित बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण गर्नका लागि विभिन्न तथ्याङ्कहरूको आधारमा गहन र सूक्ष्म रूपमा विश्लेषणात्मक अध्ययन गरिएको थियो । बेमौसमी तरकारी खेतीको वर्तमान अवस्था पहिचान गर्नु, बेमौसमी तरकारी खेतीको लागत लाभको विश्लेषण गर्नु, बेमौसमी तरकारी खेतीले स्थानीय बासीको शैक्षिक र आर्थिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु यस अध्ययनको उद्देश्यहरू रहेका थिए । यी सम्पूर्ण उद्देश्यहरू पुरा गर्नको लागि मादीगाउँपालिका वडा नं. ६ मा व्यवसायिक कृषि (तरकारी) पेशा अपनाएका ११५ घरपरिवार मध्य ६० घरपरिवारलाई उद्देश्यमूलक नमुनाको रूपमा छनोट गरी अध्ययन क्षेत्रमा उत्पादन हुने मुख्य बेमौसमी तरकारी काउली, बन्दा, काक्रो, प्याज, गोलभेडा, सिमी, खुर्सानी खेतीको अवस्था, लागत लाभ, आय र उक्त व्यवसायबाट प्राप्त आयको क्षेत्रगत लगानीका बारेमा विभिन्न शीर्षकहरू निर्माण गरी तथ्याङ्क सङ्कलन गरी बेमौसमी तरकारी खेतीको औषत अवस्था प्राप्त गरिएको थियो । यसरी प्राप्त गरिएको प्राथमिक र द्वितीय तथ्याङ्कका आधारमा विवरणको विश्लेषण गर्नका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको थियो ।

प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि नमुनाको रूपमा छनोट गरिएका कृषक व्यवसायिको परिवार र कामदारलाई विविद प्रश्नावली, अवलोकन सूची छलफल निर्देशिकाको माध्यमबाट अर्न्तवार्ता , स्थलगत अवलोकन र लक्षित समूह छलफल सञ्चालन गरिएको थियो भने द्वितीय तथ्याङ्क सङ्कलन गर्न जि.वि. को कार्यलय, अर्थमन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, गाउँपालिका कार्यालय, विभिन्न विद्वान्हरूका लेख, रचना, पत्रपत्रिकामा प्रकाशित रिपोर्टहरू लगाएत अन्य सरकारी र गैहसरकारी संस्थाबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहायताको आधारमा गरिएको थियो । यसरी सङ्कलन गरिएका तथ्याङ्कहरूलाई तालिका, स्तम्भ चित्र तथा पाईचार्टमा प्रस्तुत गरी नतिजा निकालिएको छ । यसरी तथ्याङ्कलाई विश्लेषण गरी निकालिएको नतिजाको सारांशलाई निम्न अनुसार बुँदागत गरिएको छ ।

- यस अध्ययनको नमुनाको रूपमा छनोटमा परेका ६० कृषकहरूले २०७५/०७६ सालबाट व्यवसायिक बेमौसमी तरकारी खेतीको सुरु गरिएको र सबै कृषकले आ-आफ्नै जग्गा जमिनमा करिब ३९२ रोपनी जग्गामा तरकारी खेती गरिएको पाइयो ।
- कृषकहरूले बेमौसमी तरकारी खेतीको लागि आवश्यक पर्ने रसायनिक मल, किटनाशक औषधी, भिटामिन लगाएतका आवश्यक सामग्रीहरू गाउँपालिकाको कृषि विशेषज्ञको सल्लाह र सहयोगमा पोखरा महानगर १४ मा रहेको काहुखोला एग्रोभेड बाट व्यवस्था मिलाउनुका साथै तरकारी विक्री वितरणमा वडाको सहजीकरण पनि हुने गरेको पाइयो ।
- यस अध्ययनमा पारिवारिक विवरणलाई अध्ययन गर्दा कृषक परिवारमा ३१८ जना सदस्य रहेको र जसमध्ये १४७ जना पुरुष र १७१ जना महिला रहेको पाइयो ।
- कृषक घरपरिवारलाई जातजातिको आधारमा हेर्दा २०४ ब्राह्मण र क्षेत्री छन भने ११४ अन्य रहेका छन् । साथै परिवारको प्रकारको रूपमा ३४ एकल परिवार र २६ सयुक्त परिवार रहेको पाइयो ।
- कृषकले बेमौसमी तरकारी खेती गरेको जग्गाको क्षेत्रफलमा १५ घर परिवारले ०-२ रोपनीमा, २१ घरपरिवारले २-४ रोपनीमा, १४ घरपरिवारले ४-६ रोपनीमा ८

घरपरिवारले ६-८ रोपनीमा र २ घरपरिवारले ८ भन्दा बढी रोपनीमा तरकारी खेती गरेको पाइन्छ ।

- मुख्य बेमौसमी तरकारी २०७९ सालको औषत मूल्यलाई हेर्दा काउली प्रति के.जी. रु ५५, बन्दा रु ४५, काक्रो रु ६०, प्याज रु, १००, सिमी र ९० र खुर्सानी रु १६० रहेको पाइन्छ ।
- स्थलगत अध्ययनको क्रममा वि.सं. २०७९ सालको प्रति रोपनी जग्गामा काउलीको लागत लाभ विश्लेषणलाई हेर्दा कुल लागत रु २५४२०, मुख्य उत्पादन १०५० के.जी., कुल आय रु ५७७५० र नाफा ३१३३० रहेको पाइयो ।
- यसै गरी प्रति रोपनी जग्गामा बन्दाको उत्पादनमा कुल लागत रु २६२२०, मुख्य उत्पादन १०६० के.जी, कुल आय रु ४७७०० साथै नाफा रु २१४८० भएको जानकारी प्राप्त भयो ।
- काक्रोको प्रति रोपनी उत्पादन लागत रु २४५३८ र मुख्य उत्पादन १६०० के.जी. कुल आय रु ९६००० र नाफा ७१४७२ रहेको पाइयो ।
- प्याजको प्रति रोपनी उत्पादन लागत रु २८९६० छ भने मुख्य उत्पादन ६०० के.जी. र प्रति के.जी. रु १०० का दरले कुल आय रु ६००० साथै नाफा रु ३१०४० रहेको छ ।
- गोलभेडाको प्रति टनेल उत्पादन लागत रु ३४२७६, मुख्य उत्पादन ९०० के.जी. कुल आय रु ७२००० भएको साथै नाफा रु ३७७२५ रहेको पाइयो ।
- यस अध्ययनमा अकबरे खुर्सानीको प्रति रोपनी उत्पादन लागत रु २०४८५, मुख्य उत्पादन ३७० के.जी. कुल आय रु ५९२०० साथै नाफा रु ३८७१५ रहेको पाइयो ।
- मुख्य बेमौसमी तरकारी बाली (काउली, बन्दा, काक्रो, प्याज, गोलभेडा, प्याज, सिमी र खुर्सानी) को २०७९ सालको प्रति रोपनी जग्गामा कुल उत्पादन लागत रु १८०९३८ रहेको छ भने कृषकको प्रति घरपरिवारको औषत लागत ३०१५.६३३३ रहेको पाइन्छ ।

- यसै गरी मुख्य बेमौसमी तरकारी बालीको आम्दानीलाई हेर्दा २०७९ सालको प्रति रोपनी कुल आम्दानी रु ४१९६५० रहेको छ भने कृषकको प्रति घरपरिवारको औषत आय ६९९४.१६७ रहेको पाइन्छ ।
- यस अध्ययनमा मुख्य बेमौसमी तरकारी बालीको २०७९ सालको प्रति रोपनी उत्पादनबाट प्राप्त नाफालाई हेर्दा कुल नाफा २३८७१२ रहेको छ। भने कृषक परिवारमा औषत नाफा ३९७८.७ रहेको पाइयो ।
- मुख्य बेमौसमी तरकारी बालीमा २०७९ सालमा लगानी गरिएको पूँजीको सिमान्त क्षमता १.३१ रहेको पाइन्छ ।
- बेमौसमी तरकारी बालीबाट प्राप्त आयमा कृषकहरूले गरेको क्षेत्रगत लगानीलाई हेर्दा सबै भन्दा बढी उपभोगमा १६.६८ प्रतिशत र सबै भन्दा कम अन्य क्षेत्रमा ३.५७ रहेको पाइयो ।
- कृषक व्यवसायीले प्राप्त गरेको आम्दानी बाट क्षेत्रगत लगानीको रूपमा शिक्षामा गरेको लगानीलाई हेर्दा ११.९६% बालबालीकाहरूको शिक्षाका लागि खर्च गरेको पाइयो यस लगानी शिक्षामा सकारात्मक देखिन्छ ।
- नमुना छनोटमा परेका कृषकको आम्दानीको स्रोतलाई हेर्दा कृषिबाट ६१.६७ प्रतिशत, जागिरबाट ८.३३ प्रतिशत, व्यापारबाट ६.६७ प्रतिशत र बैदेशिक रोजगारबाट २३.३३ प्रतिशत आम्दानी गरेको देखिन्छ ।
- कृषकहरूको तहगत आम्दानीलाई हेर्दा २०७९ सालको वार्षिक १००, ०० सम्म आम्दानी गर्ने ३३.३४% १००००० -२,००,००० सम्म ३० प्रतिशत, २,००,००० - ३,००,००० सम्म २३.३३ प्रतिशत, ३,००,००० -४,००,००० सम्म १० प्रतिशत र ४,००,००० भन्दा माथि आम्दानी गर्ने ३.३३ प्रतिशत घरपरिवार रहेको पाइयो ।
- नमुना छनौटमा परेका कृषकको ऋणको अवस्थालाई हेर्दा ९१.६६% ऋण छैन भन्ने ५% ऋण छ भन्ने र ३.३३ % अनुत्तरित भएको देखियो ।

- यस अध्ययनमा बेमौसमी तरकारी खेतीबाट कृषकहरूको जीवनस्तरमा आएको परिवर्तनलाई हेर्दा समाजमा छुट्टै पहिचान भएको ३.३३%, आत्मनिर्भरता ७५%, केही गर्न सकने जस्तो १८.३४% प्रतिशत र माथिका सबै भन्नेमा  ३.३३% रहेको पाइयो ।
- कृषक घरपरिवारको तहगत शैक्षिक अवस्थालाई हेर्दा प्रा.वि. तह उर्त्तिण ४५.४६ प्रतिशत, नि.मा.वि. तह उर्त्तिण २२.७३ प्रतिशत, मा.वि. तह उर्त्तिण १७.५३ प्रतिशत, उ.मा.वि. तह उर्त्तिण ४.५४ प्रतिशत र उच्च शिक्षा प्राप्त गर्ने ९.६४ प्रतिशत पाइन्छ ।
- नमुना छनोटमा परेका कृषक घरपरिवारको शैक्षिक प्रभावलाई हेर्दा विद्यालय जाने विद्यार्थी सङ्ख्या जम्मा ९१ जना छन् जसमध्ये १५ छोरा र ८ छोरी गरी जम्मा २३ जना नीजि विद्यालय (बोर्डिङ) मा पढ्ने छन् भने २७ छोरा र ४१ छोरी गरी जम्मा ६८ जना सरकारी विद्यालय पढ्न जाने विद्यार्थी देखिन्छ ।
- वर्तमान समयमा बेमौसमी तरकारी खेती एक लोकप्रिय एवम् नाफा मूलक व्यवसायको रूपमा परिचित भएता पनि विविध किसिमका समस्याहरू विद्यमान रहेको पाइयो । अध्ययनका क्रममा बेमौसमी तरकारी खेतीमा तालिमको अभाव, ऋृणको समस्या विभिन्न किसिमका रोगहरूको आक्रमणको समस्या, बजारको समस्या, विक्रीवितरणको लागि तरकारीको अस्थिर मूल्य साथै किरा, भुसुना, वर्षात, प्राकृतिक प्रकोप, नर्सरी लगाएतका समस्याहरू पनि विद्यमान रहेको पाइयो ।

# अध्याय पाँच (CHAPTER FIVE)

## निष्कर्ष र सुझावहरू (CONCLUSION AND RECOMMENDATIONS)

बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण अन्तर्गत यस अध्ययनमा कास्की जिल्ला मादीगाउँपालिका ६ स्थित ६० कृषक घरपरिवारको मुख्य बेमौसमी तरकारी बाली काउली, बन्दा, काक्रो, प्याज, गोलभेडा, सिमी र खुर्सानीको लागत लाभ विश्लेषण गरिएको छ। अध्ययनको उद्देश्यलाई पूरा गर्नको लागि विभिन्न विषयवस्तुहरूको उठान तथा तथ्यपरक सूचना समावेश गर्ने प्रयास गरिएको छ। यस अध्ययनमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाईएका निष्कर्ष र आवश्यक सुझावहरू क्रमसँग प्रस्तुत गरिएको छ।

### निष्कर्ष (Conclusion)

नेपाली कृषि गुजारामुखीबाट व्यवसायीकरणमा जान सकेको छैन्। यद्यपी पछिल्लो समयमा नेपालमा व्यवसायिक कृषिको सुरुवात भएका छन्। आजको आवश्यकता व्यक्तिगत पहल मात्र होइन राष्ट्रिय संलग्नता पनि हो वार्षिक बजेटमा कृषिलाई प्राथमिकता दिइए पनि उत्पादन परिमाणमा परिवर्तन आउन सकेको छैन्। परम्परागत खेती प्रणालीले गर्दा कृषि क्षेत्रमा सम्भावना भएता पनि अपेक्षीत उपलब्धी हासिल हुन सकिरहेको छैन्। रोजगारीका अन्य अवसरहरू कम भएको वर्तमान अवस्थामा बेमौसमी तरकारी खेती मानिसको जीवन निर्वाहको आधार हुन पुगेकाले यसबाट कृषक व्यवसायीको आर्थिक, पारिवारिक शैक्षिक र सामाजिक विकासमा सकारात्मक प्रभाव पारेको देखिन्छ। वैज्ञानिक प्रविधिको आजको आधुनिक युगमा कृषकहरू खाद्यबालीको तुलनामा नगदेबाली तर्फ आकर्षित हुँदै कम लागतमा बढी उत्पादन गरी मुनाफा आर्जन गर्न बेमौसमी तरकारी खेतीमा सबैको चासो पर्न थालेको देखिन्छ। तसर्थ यस्तो अवस्थामा बेमौसमी तरकारी खेतीको वर्तमान अवस्था, लागत लाभ विश्लेषण र शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव बारे जानकारी हामीले गर्न कास्की जिल्ला मादीगाउँपालिका वडा नं. ६ स्थित ६० कृषक घरपरिवारको प्रत्यक्ष अवलोकन गरी कृषकहरूबाट प्राप्त प्राथमिक सूचना र अन्य स्रोतबाट प्राप्त द्वितीय तथ्याङ्कहरूको अध्ययन एवम् विश्लेषणबाट निम्न लिखित निष्कर्षमा पुगियो :

- मादी गाउँपालिका वडा नं. ६ मा बेमौसमी तरकारी खेतीको सुरुवात वि.सं. २०७५/०७६ सालबाट कृषकहरूको आफ्नै जग्गामा गर्नुका साथै आवश्यक सहयोग

सल्लाहा र अनुदानका कार्यक्रमहरू आफन्त, सहकारी, गाउँपालिका तथा वडाबाट लिइएको पाइयो ।

- ६० कृषक घरपरिवारले ३९२ रोपनी क्षेत्रफलमा बेमौसमी तरकारी खेती गरेको पाइयो ।
- बेमौसमी तरकारी खेती गर्ने कृषकको परिवारमा जम्मा सदस्य ३१८ रहेको र जम्मा १४७ जना पुरुष र १७१ जना महिला साथै ६० घरपरिवार मधये ३४ घरपरिवार एकल र २६ घरपरिवार संयुक्त परिवार रहेको पाइयो ।
- अध्ययन क्षेत्रमा बढी मात्रामा उत्पादन हुने मुख्य ७ वटा बेमौसमी तरकारी बाली ( काउली बन्दा, काक्रो, प्याज गोलभेडा सिमी खुर्सानी) को प्रति रोपनी लागत लाभ विश्लेषण गरी औषत मुल्य, औषत आय औषत लगानी र औषत नाफा प्राप्त भयो ।
- मुख्य बेमौसमी तरकारी बालीको वि.सं. २०७९ सालको प्रति रोपनी उत्पादनमा लागत लाभ विश्लेषण गर्दा कुल लागत १८०९३८ र कुल आम्दानी ४१९६५० छ भने नाफा २३८७१२ रहेको पाइयो ।
- यस अध्ययनमा मुख्य बेमौसमी तरकारी बालीको लागत लाभ विश्लेषण गर्दा आम्दानी ४९.९९ प्रतिशत, लागत २१.५५ प्रतिशत रहेको छ तसर्थ यस व्यवसायमा नाफा रहेको निष्कर्ष प्राप्त भयो ।
- कृषकले मुख्य बेमौसमी तरकारी बालीको वि.सं. २०७९ सालमा लगानी गरिएको पुँजीको सिमान्त क्षमता मापन गर्दा १.३१ रहेको पाइयो ।
- कृषक व्यवसायीले प्राप्त गरेको मुख्य बेमौसमी तरकारी बालीको औषत कुल आय रु ४१९६५० मध्य क्षेत्रगत लगानीको रूपमा हेर्दा सबै भन्दा बढी उपभोगमा १६.६८ प्रतिशत, दोस्रो शिक्षामा ११.९६ प्रतिशत र सबै भन्दा कम अन्य क्षेत्रमा ३.५७ प्रतिशत खर्च गरेको पाइयो ।
- बेमौसमी तरकारी खेतीको आम्दानीबाट शैक्षिक लगानीमा हुने अंश अनुमान गर्दा कृषक परिवारको शिक्षाको औषत लागत सन्तोषजनक नै देखिन्छ ।

- कृषक घरपरिवारको आम्दानीको स्रोतहरूलाई हेर्दा सबै भन्दा बढी कृषिबाट ६१.६७ प्रतिशत र व्यापारबाट सबैभन्दा कम ६.६७ प्रतिशत प्राप्त हुने गरेको पाइयो ।
- कृषकको ऋणको अवस्थालाई हेर्दा ९१ प्रतिशत ऋण छैन भन्ने ५ प्रतिशत ऋण छ भन्ने र ३.३३ प्रतिशत अनुत्तरित देखिन्छ भने कृषकको जीवन स्तरमा आएको परिवर्तनलाई हेर्दा ३.३३ प्रतिशत छुट्टै पहिचान भएका, ७५ प्रतिशत अत्मनिर्भरता, १८.३४ प्रतिशत केही गर्न सके जस्तो र ३.३३ प्रतिशत माथिका सबै भन्ने पाइयो । यसले गर्दा आर्थिक अवस्थामा पनि क्रमिक सुधार भएको देखिन्छ ।
- कृषक घरपरिवारको तहगत शैक्षिक अवस्थालाई हेर्दा ४५.४६ प्रतिशत प्रा.वि. तह उर्तिण २२.७३ प्रतिशत नि.मा.वि.तह उर्तिण, १७.५३ प्रतिशत मा.वि. तह उर्तिण, ४.५४ प्रतिशत उच्च मा.वि. उर्तिण र ९.७४ प्रतिशतले उच्च शिक्षा प्राप्त गरेको पाइयो ।
- कृषक व्यवसायीको घरपरिवारको शैक्षिक प्रभावलाई हेर्दा विद्यालय जाने जम्मा ९१ विद्यार्थीहरू मध्य ६८ विद्यार्थी सरकारी विद्यालयमा र २३ विद्यार्थी निजी (बोर्डिङ) विद्यालयमा अध्ययन गरेको पाइयो यसबाट के बुझिन्छ भने कृषकहरूको आर्थिक अवस्था सुधार भए सँगै शिक्षामा लागनी वृद्धि गर्दै गएको देखिन्छ ।
- बेमौसमी तरकारी खेतीमा , तालिमको अभाव, ऋणको समस्या, रोगको समस्या, बजारको समस्या, अस्थिर मुल्य लगायत किरा, भुसुना, प्राकृतिक प्रकोप नर्सरी जस्ता समस्याहरू पनि विद्यमान रहेको पाइयो ।

**सुझावहरू (Recommendations)**

यो अध्ययन कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ६ अन्तर्गत बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषणको एक अध्ययनको लागि गरिएका हो । बेमौसमी तरकारी खेतीको व्यवसाय नेपालमा दिन प्रति दिन वृद्धि हुँदै गइरहेको छ । आगामी दिनमा देश भित्रका मध्यम स्तरका जनशक्तिलाई उचित तकिराले रोजगारीका अवसरहरू उपलब्ध गराउन उपयोगी र भरपर्दो हुने देखिन्छ । यसरी उपयोगी माध्यम बन्दै गएको बेमौसमी तरकारी खेतीलाई अझ भरपर्दो, सुलभ, सहज एवम् सरल बनउानु, अति आवश्यक छ । यस व्यवसायलाई विकास गरी उपयुक्त रूपमा अगाडि बढाउन, थप व्यवस्थित र मर्यादित

बनाउन के गर्नु पर्दछ र बेमौसमी तरकारी खेती सञ्चालन गर्दा भोल्नुपरेका समस्या र ति समस्या समाधानका उपायहरूमा बारेमा केही सुझावहरू पत्ता लगाउने प्रयास गरिएको छ। जुन निम्न अनुसार क्रमैसँग प्रस्तुत गरिएको छ।

**नीतिसम्बन्धी सुझाव (Policy Related Recommendation) :** बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण गर्ने क्रममा मादीगाउँपालिका ६ मा सञ्चालित बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण गरी सोही आधारमा उक्त व्यवसायको लाभको वृद्धि गराउनको  लागि नितिगत रूपमा सुधार गर्नको लागि निम्न सुझावहरू पेश गरिएको छ।

१. बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्नका लागि सरकारी तबरबाट विभिन्न किसिमका अुनदानहरू, कर छुट, लगायत सुविधाहरूको प्रयाप्त व्यवस्था गर्नुपर्दछ।

२. बेमौसमी तरकारी खेतीको बारेमा आवश्यक जानकारी प्राप्त गरी हालको प्रगतिमा वृद्धि गर्नका लागि सरकारले विभिन्न छाता संस्थाहरूमार्फत आधारभूत एवम् प्रगतिशील, तालिम (Basic and Advanced Training) प्रदान गर्ने व्यवस्था गर्नु पर्दछ।

३. उन्नत बिऊ रसायनिक मल, किटनासक औषधी, चर्को मूल्य र अभाव समस्या समाधानका लागि पालिका वा स्थानीय सरकारले नजिकको कृषि केन्द्र मार्फत अनुदान वा उचित मूल्यमा प्राप्त गर्न व्यवस्था मिलाउनु पर्दछ।

४. व्यवसायलाई अगाडि बढाउनको लागि बैङ्क तथा वित्तिय संस्थाहरू मार्फत आवश्यक रकम सरल र सहज रूपमा निकासा गर्न सकिने गरी कृषि कर्जाको सहायता मिलाउनु पर्दछ।

५. देशको कुन क्षेत्र र हावापानीमा कस्तो खालको बेमौसमी तरकारी खेती लगाउँदा उपयुक्त हुन्छ सोही आधारमा परामर्श केन्द्रको स्थापना गरी घुम्ती टोली (mobile team) पठाउने व्यवस्था गर्नुपर्दछ।

६. बेमौसमी तरकारी खेती गर्ने ठूला व्यवसायीको निर्णयको आधारमा नभई स-साना कृषक व्यवसायीको आम्दानीको आधारमा उचित मूल्य संयन्त्रको निर्माण गर्नु पर्दछ ।

७. बेमौसमी तरकारी खेतीमा देखिएका विभिन्न समस्या र रोगब्याधी सङ्क्रमणको समाधानको लाग कृषि विभागबाट प्रयाप्त परामर्शको व्यवस्था मिलाउनु पर्दछ ।

**प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरू (Practice Related Recommendation) :** बेमौसमी तरकारी खेती वर्तमान समयमा लाभदायक एवम् फस्टाउने व्यवसायको रूपमा रहेको छ । कम लागतबाट बढी आय प्राप्त गर्न सक्ने तरकारी व्यवसाय आय आर्जनको मुख्य स्रोत बन्दै गएको छ । बेमौसमी तरकारी बाली प्रति मनिसहरूको आकर्षण दिन प्रति दिन बढ्दै गएको अवस्थामा यस व्यवसायको प्रयोगात्मक पक्षमा थप सुधार गर्न सके कृषक व्यवसायीले बढी लाभ प्राप्त गरी जीवन स्तरमा सुधार हुने देखिन्छ । समग्रमा बेमौसमी तरकारी खेतीको प्रयोगात्मक सुझावहरू निम्न अनुसार रहेका छन् ।

१ बेमौसमी तरकारी खेतीमा आबद्ध कृषक व्यवसायीहरूले आफ्नो व्यवसाय दर्ता गराई तरकारी व्यवसायी संगठनको सदस्यता लिइएमा तरकारी खेतीमा भएका विविध समस्या समाधान गर्न सहयोग मिल्दछ ।

२ बेमौसमी तरकारी खेती सम्बन्धी तालिम र आवश्यक जानकारी नै नलिइ तरकारी खेती गर्ने गरेकाले आवश्यक जानकारी र तालिम लिइएर मात्र खेती गरेमा उचित लाभ प्राप्त हुन्छ ।

३ बेमौसमी तरकारी खेती सञ्चालन गर्न लिने गरेको संस्थागत र व्यक्तिगत ऋणलाई अझ थप व्यवस्थित बनाउन सकेमा राम्रो हुन्छ ।

४ कृषकहरूले उन्नत बिऊ, मल, किटनाशक औषधी, नर्सरी रोगब्याधीको बारेमा बिस्तृत जानकारी हासिल गरी गुणस्तरीय तरकारी उत्पादन गरेमा बजारको विस्तार भई तरकारी व्यवसायमा आकर्षण बढ्ने देखिन्छ ।

५ बेमौसमी तरकारी व्यवसाय गर्ने कृषकहरूले आफ्नो व्यवसायको निरिक्षणका लागि सम्बन्धीत निकाएसँग सामिव्यता बढाउनु पर्ने देखिन्छ ।

**आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरू (Further Research Related Recommendation) :** कृषिकजन्य व्यवसाय अन्तर्गत बेमौसमी तरकारी खेतीको लागत लाभ विश्लेषण गर्नका लागि कास्की जिल्ला मादीगाउपालिका वडा नं. ६ स्थित ६० कृषक घरपरिवारबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी सोही आधारमा लागत लाभ विश्लेषण गरियो । यो अध्ययन केबल ६० कृषक घरपरिवारसँग मात्र सम्बन्धित रहेको छ । बेमौसमी तरकारी खेतीसँग सम्बन्धित अध्ययन गर्न चाहाने अन्य अनुसन्धानकर्ताले निम्न बुँदाहरूलाई आधार बनाउन सक्ने देखिन्छ ।

१. नेपालमा बेमौसमी तरकारी खेतीको ऐतिहासिक विकास बारे अध्ययन गर्न सकिने छ ।

२. बेमौसमी तरकारी खेतीले स्थानीयवासीको आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा पारेको प्रभावबारे अनुसन्धान गर्न सकिने छ ।

३. बेमौसमी तरकारी खेती गर्ने कृषकहरूले पारिवारिक एवम् राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने योगदानबारे अध्ययन गर्न सकिने छ ।

४. बेमौसमी तरकारी खेतीले सृजना गरेको रोजगारीको र बजारीकरणको अवस्था बारेमा अध्ययन गर्न सकिने छ ।

५. नेपालमा बेमौसमी तरकारी खेतीको स्थिति र भविष्य बारे अध्ययन गर्न सकिने छ ।

# सन्दर्भ सूची (References)


अधिकारी, कला (२०१९), *व्यवसायिक तरकारी खेतीले महिलाको जिवन स्तरमा पारेको आर्थिक प्रभाव,* लम्जुङ जिल्ला (अप्रकाशित स्नातकोत्तर शोधपत्र), समाजशास्त्र तथा मानवशास्त्र विभाग, त्रि.वि. कीर्तिपुर ।

अर्थ मन्त्रालय (२०७९), *आर्थिक सर्वेक्षण २०७८/२०७९* सिंहदरवार, काठमाडौं : नेपाल सरकार ।

उपाध्याय, डिला कुमारी (२०७६), *उखु खेतीको लागत लाभ विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर त्रिभुवन विश्वविद्यालय ।

कडेल, विष्णुमाया (२०६९), *तरकारी खेतीले स्थानीय जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर त्रिभुवन, विश्वविद्यालय ।

कृषि विकास राष्ट्रिय फलफूल विकास केन्द्र (२०७८), *कृषि तथा पशुपंक्षि विकास मन्त्रालय,* नेपाल सरकार ।

कृषि विकास कार्यलय तथ्याङ्क पुस्तिका कास्की २०७१/०७२ ।

कृषि ज्ञान केन्द्र (२०७६), *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय,* गण्डकी प्रदेश सरकार नेपाल ।

कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय (२०६३), *कृषि कार्यक्रम सञ्चालन निर्देशित तथा नर्म्स,* कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय नेपाल सरकार ।

काफ्ले, अरूण (२०२१), कृषि डेली http://nepalihimal.com/article .

खड्का, गोपाल (२०७५), *तरकारी खेती, रोग, किरा, बिऊ, उत्पादन र भण्डारण,* काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

घिमिरे, सागरमणी (२०६२), *प्रमुख नगदे तथा खाद्यन्न बालीबाट प्राप्त आयको तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), अर्थशास्त्र शिक्षा विभाग, शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

जिल्ला कृषि विकास कार्यालय कास्की, आर्थिक वर्ष २०७७/२०७८ ।

ढउन्या, जानुका (२०७१), *तरकारी खेतीले स्थानीय कृषकको आर्थिक तथा उनीहरूको बालबालिकाको शैक्षिक क्षेत्रका पारेको प्रभाव,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

तिम्सिना, गिता (२०७३), *च्याउ फर्मको लागत लाभ विश्लेषण र यसले शिक्षा क्षेत्रमा पारेको प्रभाव,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रित विभाग त्रि.वि. कीर्तिपुर ।

दाहाल, अन्जु (२०७१), *तरकारी खेतीले स्थानीय किसानहरूले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव : जिबिङ्ग, गा.वि.स. नुवाकोट जिल्ला,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

देवकोटा, हरी (२०७५), *व्यवसायिक तरकारी खेतीका सामाजिक आर्थिक अध्ययन,* गोर्खा जिल्ला भिमसेन थापा गाउँपालिकाको अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

नेपाल सरकार, *नेपाल परिचय (दशौं संस्कारण २०७९)* सूचना तथा सञ्चार प्रविधिमन्त्रालय सूचना तथा प्रसारण विभाग नेपाल सरकार ।

प्रधानाङ्ग, कमलदास (२०७४), *व्यवसायिक तरकारी खेतीका सामाजिक आर्थिक परिवर्तन,* ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर त्रिभुवन विश्वविद्यालय ।

पोखरेल, सूर्य विनोद (२०६९) *घर बगैँचा व्यवस्थापन र तरकारी खेती प्रविधि,* सिप हस्तारन्तरण द्वारा शशक्तिकरण (नेष्ट) नागढुङ्गा पोखरा ।

पौडेल, मिनराज र नेपाल, पागु (२०७१) *व्यवसायिक अर्थ शास्त्र,* काठमाडौँ : एम.के. पब्लिकेसन एण्ड डिस्ट्रिव्यटर्स ।

बुढाथोकी (२०६२), *बजारमुखी अर्गानिक र बेमौसमी तरकारी खेती प्रविधि*।

मल्ल, केशब (२०७५), *व्यवसायिक तरकारी खेती र रसायनीक मल र विषादीको प्रयोगको एक अध्ययन,* ललितपुर वागमती गाउँपालिकाको अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

मादी गाउँपालिका प्रोफाईल (२०७४/२०७५), मादी गाउँपालिका कार्यालय ।

राष्ट्रिय योजना आयोग (२०७६), *पन्ध्रौँ योजना २०७६/७७-२०८०/८१,* काठमाडौँ : स्वयम् ।

शर्मा, निलमकुमार (२०७०), *सार्वजनिक अर्थशास्त्र,* काठमाडौँ : पैरवी प्रकाशन ।

शाह, सुसिल (२०७४), *व्यवसायिक तरकारी बालीको जिल्ला भवानीपुर जितपुरको एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर त्रिभुवन विश्वविद्यालय ।

सापकोटा, नारायणप्रसाद (२०६८), *व्यवसायिक तरकारी खेती अध्ययन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, देवीप्रसाद (२०६८), *व्यवसायिक तरकारी खेतीका सामाजिक आर्थिक अनुसन्धान पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, विष्णु (२०६५), *नेपालको राष्ट्रिय नीतिहरूको विश्लेषणात्मक संहिताकरण,* काठमाडौँ : पैरवी प्रकाशन ।

हमाल, गंगा (२०८०), *अंगुर खेतीको वर्तमान अवस्था र लागत लाभ विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर त्रिभुवन विश्वविद्यालय ।

Chaudhary, B. (1967), *Vegetables.* India: National Book Trust.

Due, John. F. (1968), *Government finance and Economics of public section,* Zrwin Dorsely Ltd.

Gautam, G.p. g. (1991), *Cost benefit Analusis of Improved cow forming in pokhara municiplity,* Unpublished Dissertation of M.A. Submitted to Centrel Department of Ecomonics T.U.

http://nepalihimal.com/article p. 190 .

## अनुसूची –१ (Appendix-1)

## बेमौसमी तरकारी खेती गर्ने कृषकका लागि तयार पारिएको प्रश्नावली

कृषि उद्यमीको नाम : ..............................................................................

लिङ्ग: ........................................................................................

उमेर : .......................................................................................

गाउँपालिका ..................................................................................

वडा नं. : ....................................................................................

जिल्ला : .....................................................................................

**पारिवारिक विवरण**

| क्र.सं. | नाम | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |

(१) तपाईको मुख्य पेशा के हो ?

.............................................................................................................

२) उक्त पेशा मात्र गर्नु हुन्छ ? कि अन्य कुन-कुन पेशा छन् ?

.............................................................................................................

(३) तरकारी खेतीमा किन आकर्षित हुनु भयो ?

.............................................................................................................

(४) तरकारी खेती गरेका जग्गा कति छ ?

..............................................................................................

(५) कृषि सम्बन्धी विवरण

| तरकारीको नाम | बेमौसमी |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| ६. | |
| ७. | |

(६) तरकारी उत्पादनको वर्तमान अवस्था कस्तो छ ?

..............................................................................................

(७) तरकारी खेतीको लागि सिचाईको सुविधा छ ?

..............................................................................................

(८) तरकारी खेतीको लागि बिउ कहाँबाट प्राप्त गर्नुहुन्छ ?

..............................................................................................

(९) कस्तो तरकारी लगाउँदा आम्दानी बढी हुन्छ ।

..............................................................................................

(१०) उद्यमीको २०७७-२०६९ सालको लागत (ख मा)

| शीर्षक | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|
| बीउ | | | |
| ज्याला | | | |
| औषधी | | | |
| मल | | | |
| जम्मा | | | |

(११) बजारमा लैजाँदा कति खर्च लाग्छ ?

..........................................................................................................

(१२) तरकारी उत्पादनबाट सन्तुष्ट हुनुहुन्छ ?

..........................................................................................................

(१३) खेतबारीमा कति महिना तरकारी लगाउनु हुन्छ ?

..........................................................................................................

(१४) तरकारी बालीको आय विवरण

| तरकारी बालीको नाम | आय (रु.मा.) |
|---|---|
| (क) | |
| (ख) | |
| (ग) | |
| (घ) | |
| (ङ) | |
| (छ) | |

(१५) तरकारी उत्पादनबाट जम्मा हुने आम्दानी बचत गर्नु भएको छ ?

..........................................................................................

(१६) बचत गर्नु भएको छ भने कहाँ गर्नु भएको छ ?

..........................................................................................

(१७) तरकारी उत्पादनमा लागेपछि के-के फाईदा भयो ?

..........................................................................................

..........................................................................................

..........................................................................................

(१८) तरकारी खेतीलाई कुनै रोग वा किराले दुःख दिन्छ दिदैन् ?

..........................................................................................

(१९) रोग किराको नियन्त्रणमा कस्तो उपचार पद्धति अपनाउनु भएको छ ?

..........................................................................................

(२०) तरकारी उत्पादनमा के- के समस्याहरू रहेका छन् ?

..........................................................................................

(२१) ती समस्याको समाधान कसरी गर्ने सकिएला ?

..........................................................................................

(२२) उत्पादनमा अझै बढाउन तपाईको समाज/गाउँपालिकाले के-के गरोस भन्ने लाग्छ ?

..........................................................................................

## अनुसूची दुई

## लक्षित समूह छलफल निर्देशिका

- बेमौसमी बालीका/खेतीका सम्बन्धमा ।
- कृषि तालिमको सम्बन्धमा ।
- कृषि उत्पादन र जीवनस्तर चलाउने सम्बन्धमा ।
- जे.टि.ए.को सम्बन्धमा
- घर खर्च र बाल बच्चाको पढाइ सम्बन्धमा ।
- कृषि बजार सम्बन्धमा ।
- सिचाईको सम्बन्धमा ।
- जग्गा जमिनको सम्बन्धमा ।
- नगदेवाली सम्बन्धमा ।
- आधुनिक खेती बाली सम्बन्धमा ।
- रोग किरा नियन्त्रण सम्बन्धमा ।
- कृषकको अन्तर सम्बन्धको सम्बन्धमा ।

## अनुसूची तीन

## गाउँपालिका प्रमुख तथा वडा अध्यक्षका लागि तयार पारिएका प्रश्नावली

(क) व्यवसायिक तरकारी खेतीका लागि बजेट र व्यवस्थापनमा के कस्तो प्रबन्ध मिलाउनुभएको छ ?

......................................................................................................

......................................................................................................

(ख) आधुनिक बिउबिजनको व्यवस्थापन कृषकहरूलाई कसरी मिलाउनु भएको छ ?

......................................................................................................

......................................................................................................

(ग) वडा भित्र कुन कुन तरकारी प्रयाप्त मात्रामा उत्पादन हुने गर्दछन् ?

......................................................................................................

......................................................................................................

(घ) वडा वासीहरू तरकारी खेतीमा किन आकर्षित भएका छन् ?

......................................................................................................

......................................................................................................

(ङ) तरकारी सङ्कलन र विक्री वितरणको लागि वडाले कसरी सहजीकरण गरेको छ ?

......................................................................................................

......................................................................................................

(च) यस खेतीमा संलग्न कृषक उद्यमीलाई के कस्ता प्रोत्साहन प्रदान गर्नु भएको छ ? र लक्ष्य के छ ?

......................................................................................................

......................................................................................................

(छ) व्यवसायिक तरकारी खेतीका लागि गाउँपालिका भित्र बजेटको प्रबन्ध कसरी गर्नुभएको छ ?

..................................................................................................

..................................................................................................

(ज) के-कस्ता आधारहरू तय गरी अनुदान तथा बिउबिजननको वितरण मिलाउनु भएको छ ?

..................................................................................................

..................................................................................................

(झ) तरकारी उत्पादन तथा बजारीकरणमा कसरी सहयोग पुऱ्याउनुभएको छ ?

..................................................................................................

..................................................................................................

(ञ) विभिन्न प्राकृतिक प्रकोपबाट कृषकमा भएको क्षतिलाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?

..................................................................................................

..................................................................................................

(ट) गाउँपालिका भित्र व्यवसायिक तरकारी खेतीका लागि मुख्य समस्याहरू के के छन् ?

..................................................................................................

..................................................................................................

## अनुसूची चार

## कृषि विशेषज्ञका लागि तयार पारिएका प्रश्नावली

(क) गाउँपालिका भित्र तरकारी बालीमा के कस्ता रोगहरू लाग्ने गरेका छन् ?

..........................................................................................

..........................................................................................

(ख) विभिन्न रोगहरूलाई नियन्त्रण गर्नका लागि के कस्ता कार्यक्रम सञ्चालन गर्नुभएको छ ?

..........................................................................................

..........................................................................................

(ग) कृषक तथा अन्य संघसंस्थाबाट आवश्यक सहयोग पाउनु भएको छ ?

..........................................................................................

..........................................................................................

(घ) किटनासक औषधीको प्रयोग कत्तिको प्रभावकारी छ ?

..........................................................................................

..........................................................................................

(ङ) तरकारी खेतीलाई सफल बनाउन थप के कस्ता प्राविधिक सहयोग आवश्यक छ ?

..........................................................................................

..........................................................................................

## अनुसूची पाँच

## अध्ययन स्थलका तस्विरहरू









